आज मिति २०८३ साल आषाढ महिनाको १० गते बुधबारका दिन बिहान ११:०० बजे यस धुनिबेशी नगरपालिकाका नगर प्रमुख तथा नगरसभाका अध्यक्ष श्री बालकृष्ण आचार्यज्यूको अध्यक्षतामा नगरसभाको १९ औं नगर अधिवेशनको बैठक निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमको प्रस्तावमा छलफल गरियो ।

**उपस्थिति:-**

| क्र.सं. | नाम | पद | नगर सभाको | दस्तखत |
|---|---|---|---|---|
| १ | बाल कृष्ण आचार्य | नगर प्रमुख | अध्यक्ष | |
| २ | सुरज उप्रेती | नगर उप-प्रमुख | उपाध्यक्ष | |
| ३ | मान बहादुर तामाङ | १ नं. वडा अध्यक्ष | सदस्य | |
| ४ | लक्ष्मजित तामाङ | २ नं. वडा अध्यक्ष | सदस्य | |
| ५ | प्रकाश हमाल | ३ नं. वडा अध्यक्ष | सदस्य | |
| ६ | हरि प्रसाद सुवेदी | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| ७ | विसाल भट्टराई | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| ८ | रमेश प्रसाद आचार्य | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| ९ | यदु नाथ पाठक | ७ नं. वडा अध्यक्ष | सदस्य | |
| १० | राम कृष्ण रेग्मी | ८ नं. वडा अध्यक्ष | सदस्य | |
| ११ | माधव प्रसाद सिलवाल | ९ नं. वडा अध्यक्ष | सदस्य | |
| १२ | सरिता शाही ठकुरी | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | रिता कुमारी अधिकारी (रेग्मी) | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | विना मिजार | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | सावित्री मिजार | कार्यपालिका सदस्य | सदस्य | |
| १६ | सानु मैया काफ्ले | कार्यपालिका सदस्य | सदस्य | |
| १७ | नविन सुनार | कार्यपालिका सदस्य | सदस्य | |

| क्र.सं. | नाम | पद | नगर सभाको | दस्तखत |
|---|---|---|---|---|
| १८ | कृष्ण भुजेल | कार्यपालिका सदस्य | सदस्य | |
| १९ | राम शरण सदाशंकर | कार्यपालिका सदस्य | सदस्य | |
| २० | मन बहादुर तामाङ | १ नं. वडा सदस्य/न्यायिक समिति सदस्य | सदस्य | |
| २१ | पवित्रा बुढाथोकी | ९ नं. वडा महिला सदस्य/न्यायिक समिति सदस्य | सदस्य | |
| २२ | सपना परियार | १ नं. वडा दलित महिला सदस्य | सदस्य | |
| २३ | जंग बहादुर तामाङ | १ नं. वडा सदस्य | सदस्य | |
| २४ | सुमित्रा काफ्ले | २ नं. वडा महिला सदस्य | सदस्य | सुमित्रा |
| २५ | प्रतिमा रोका | २ नं. वडा दलित महिला सदस्य | सदस्य | |
| २६ | शम्भु प्रसाद खकुरेल | २ नं. वडा सदस्य | सदस्य | |
| २७ | मनोज बस्नेत | २ नं. वडा सदस्य | सदस्य | |
| २८ | सुनिता मगर | ३ नं. वडा महिला सदस्य | सदस्य | सुनीता |
| २९ | लक्ष्मी सुनार | ३ नं. वडा दलित महिला सदस्य | सदस्य | लक्ष्मी |
| ३० | नक्कले तामाङ | ३ नं. वडा सदस्य | सदस्य | |
| ३१ | प्रकाश प्रसाद गजुरेल | ४ नं. वडा सदस्य | सदस्य | |
| ३२ | केशव मिजार | ४ नं. वडा सदस्य | सदस्य | |
| ३३ | सरीता आचार्य | ५ नं. वडा महिला सदस्य | सदस्य | |
| ३४ | सानुकान्छा तामाङ | ५ नं. वडा सदस्य | सदस्य | |
| ३५ | आत्मराम अकौलिया | ५ नं. वडा सदस्य | सदस्य | |

| क.सं. | नाम | पद | नगर सभाको | दस्तखत |
|---|---|---|---|---|
| ३६ | लक्ष्मी कामी | ६ नं. वडा दलित महिला सदस्य | सदस्य | |
| ३७ | ईश्वर प्रसाद चापागाई | ६ नं. वडा सदस्य | सदस्य | |
| ३८ | राज कुमार कोइराला | ६ नं. वडा सदस्य | सदस्य | |
| ३९ | कल्पना तामाङ | ७ नं. वडा महिला सदस्य | सदस्य | |
| ४० | इश्वरी सुनार | ७ नं. वडा दलित महिला सदस्य | सदस्य | |
| ४१ | मनोज कुमार तामाङ | ७ नं. वडा सदस्य | सदस्य | |
| ४२ | प्रेम प्रसाद भट्ट | ७ नं. वडा सदस्य | सदस्य | |
| ४३ | सावित्री कार्की | ८ नं. वडा महिला सदस्य | सदस्य | |
| ४४ | अनिता परियार | ८ नं. वडा दलित महिला सदस्य | सदस्य | |
| ४५ | प्रभाकर रुपाखेती | ८ नं. वडा सदस्य | सदस्य | |
| ४६ | राज कुमार भण्डारी | ८ नं. वडा सदस्य | सदस्य | |
| ४७ | कुमारी सुनार | ९ नं. वडा दलित महिला सदस्य | सदस्य | |
| ४८ | विक्रम जंग राना | ९ नं. वडा सदस्य | सदस्य | |
| ४९ | जगनाथ चापागाई | ९ नं. वडा सदस्य | सदस्य | |
| ५० | विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

<u>सहयोगी कर्मचारीहरु</u>

१ गोविन्द प्रसाद पौडेल, वरिष्ठ लेखा अधिकृत

२ झविलाल भुसाल, वरिष्ठ शाखा अधिकृत

३ श्याम सुन्दर पाण्डे, अधिकृत

४ राधाकृष्ण पाठक, कम्प्युटर अपरेटर

५ सरोज पोखरेल

## मिति २०८३ साल आषाढ १०गते बसेको नगरसभाको १९ औं नगर अधिवेशनको प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरुः-**

१) आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२) आ.व.०८२।०८३ को कार्यप्रगति समिक्षा र आ.व.२०८३।०८४ को योजना तथा कार्यक्रम र बजेट सम्बन्धमा ।

३) आर्थिक विधेयक-२०८३ का सम्बन्धमा

४) विनियोजन विधेयक-२०८३ का सम्बन्धमा ।

५) लेखा समितिबाट पेश भएको म.ले.प.प्रतिवेदनका सम्बन्धमा ।

६) विविध

(क) नगरकार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने सम्बन्धमा ।

(ख) योजना तथा कार्यक्रमको खर्च रकम फरफारक गर्ने सम्बन्धमा ।

## निर्णय नं.१

आदरणीय नगर प्रमुख तथा नगरसभा अध्यक्ष श्री बालकृष्ण आचार्यज्यू, मार्फत नगरसभाको १९ औं नगर अधिवेशनमा प्रस्तुत गर्नु भएको आ.व.२०८३।०८४ को वार्षिक क्षेत्रगत नीति तथा कार्यक्रमलाई सर्वसम्मत् रुपमा पारित गर्ने निर्णय गरियो ।

## तपसिल

**धुनिवेशी नगरपालिकाका नगर प्रमुख श्री बालकृष्ण आचार्यज्यू ले नगरसभाको १९ औं नगर अधिवेशनमा प्रस्तुत गर्नु भएको आ.व.२०८३।०८४ को नीति तथा कार्यक्रमहरु**

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

१) "धुनिवेशी नगरपालिकाको समृद्धिको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र व्यापार सहितको पूर्वाधार" भन्ने नारा एवं दिर्घकालिन सोचलाई साकार पार्न र संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म अनुरुप स्थानीय सरकारको सुदृढीकरण गर्दै धुनिवेशी नगरपालिकालाई आर्थिक रुपमा सम्वृद्ध, वातावरणीय रुपमा स्वच्छ र प्राविधिमैत्री "जनउत्तरदायी" नगरको रुपमा विकास गर्न प्रतिवद्ध भई नगरसभाको १९ औं अधिवेशनमा उपस्थित हुनु भएका नगरसभाका सम्पुर्ण सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्दछु ।

२) धुनिवेशी नगरपालिकाको आ.व.२०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित नगरसभा समक्ष पेश गर्न पाउँदा मलाई हर्ष र गौरवको अनुभूति भएको छ ।

३) संघीय शासन प्रणाली लागू भएपश्चात स्थानीय तहमा जनताको आफ्नै सरकार गठन हुने कानुनी प्रावधान बमोजिम ऐतिहासिक पहिलो निर्वाचन (२०७४) र दोस्रो निर्वाचन (२०७९) मार्फत मलाई लगातार दुई कार्यकाल धुनिवेशी नगरपालिकाको नेतृत्व गर्ने अवसर दिनुभएकोमा सम्पूर्ण नगरवासीहरुप्रति कृतज्ञता व्यक्त

गर्दछु । विगत ९ वर्ष देखी हालसम्म निरन्तर रुपमा नगरवासीहरुको अभूतपूर्व साथ, सहयोग र विश्वास प्राप्त भएकोले जनसेवामा अझ्रवढी समर्पित हुने प्रेरणा मिलेको छ ।

४) सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, स्वशासन, नेपाल राष्ट्रको रक्षा एवम् इतिहासका सबै कालखण्डमा भएका राजनैतिक आन्दोलन एवम् सार्वभौमसत्ता, स्वाधिनता, राष्ट्रिय हित र स्वाभिमान, लैङ्गिक समानता, सामाजिक न्याय, अग्रगमन, सामाजिक समावेशीकरण लगायत आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तन, विकास र रुपान्तरणका लागि भएका आन्दोलन एवम् क्रान्तिमा सकारात्मक योगदान पुऱ्याउनु भएका सम्पुर्ण विर पुर्खा एवम् योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै बलिदानीपुर्ण संघर्ष एवम् सकारात्मक परिवर्तनको महाअभियानमा संलग्न भई सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात अमर सहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दै भावपुर्ण श्रद्धा सुमन अर्पण गर्दछु । आन्दोलनका क्रममा घाइते तथा अपाङ्गता भएका योद्धाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

५) समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय दिगो सोच एवम् लक्ष्यलाई स्थानीयकरण गर्दै नेपालको संविधान, सोह्रौं योजना, दिगो बिकासका लक्ष्यहरु, सङ्घीय सरकार र बागमती प्रदेश सरकारको बजेट, नीति तथा कार्यक्रमहरु, धुनिवेशी नगरपालिकाको आवधिक योजना, धुनिवेशी नगरपालिकाको मध्यमकालिन खर्च संरचना, निर्वाचनका वखत् जनताका विचमा प्रस्तुत गरिएको घोषणा पत्र, नगरवासी सामु व्यक्त गरिएका प्रतिवद्धता, जनप्रतिनिधि, नगरवासी, बुद्धिजिवी, व्यवसायी र सर्वसाधारणहरुको सुझाव तथा नगरको आवश्यकता, संभावना, अवसर, चुनौति, स्रोत साधन परिचालन गर्न सक्ने क्षमता, स्रोत साधनको उपलब्धता समेतलाई आधार बनाई धुनिवेशी नगरपालिकाको नगर प्रमुख एवम् स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको संयोजकको हैसियतमा गत आर्थिक वर्षको आषाढ १० गतेको नगरसभाको गरिमामय १७ औं अधिवेशनमा चालू आ.व. २०८२।०८३ का लागी नीति, कार्यक्रम तथा बजेट पेश गरी नगरसभाले स्विकृत गरेका नीति तथा कार्यक्रमबाट प्राप्त मार्गनिर्देशन र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धिको समिक्षा गर्दै आगामी आ.व. २०८३।०८४ का लागी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि प्रस्ताव गरेको छु । परिवर्तित परिवेश धुनिवेशी नगरवासीको उत्कट चाहाना र समयक्रम अनुरुपको आवश्यकतालाई सम्बोधन गर्ने लक्ष्य राखी तयार गरिएको यस नीति तथा कार्यक्रमले समग्रतामा संस्थागत संरचनाको पुर्णता, पुर्वाधार निर्माण एवं विकास, औद्योगिकरण र सुशासन युक्त नगर निर्माण गर्ने कार्यमा सघाउ पुऱ्याउने छ भन्ने आशा एवं विश्वास लिएको छु ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**६) ९ वर्षे ऐतिहासिक गौरवमय यात्राः "शुन्यको जगबाट समृद्धि तर्फ प्रस्थान"**

विगत ९ वर्ष देखी हाल सम्मको यो यात्रा केवल समयको बहाव मात्र होइन, यो धुनिवेशी नगरपालिकाको रूपान्तरणको एउटा बलियो इतिहास हो । वि.सं. २०७४ सालमा जब हामीले कार्यभार सम्हालेका थियौं, हामीसँग न आफ्नै प्रशासनिक भवन थियो, न त वडा कार्यालयहरू व्यवस्थित थिए । भाडाको चार कोठे सानो घरबाट सुरु भएको यात्रा आज मनकारी दाताहरुको दानदातव्य तथा जग्गा प्राप्ति ऐन, २०३४ को सफलतापूर्वक कार्यान्वयन गर्दै जग्गा अधिग्रहणको माध्ययमबाट जग्गा प्राप्त गरी निर्माण गरिएको सुविधासम्पन्न नगरको प्रशासकीय भवन र सबै वडाका आफ्नै पक्की भवनहरूबाट सेवा प्रवाह भइरहेको छ । वडागत रुपमा स्वास्थ्य सेवाको सञ्जाल विस्तार गरी स्वास्थ्य सेवालाई सर्वसुलभ र पहुँचयोग्य बनाइएको छ । नगर भित्रका रणनीतिक सडकहरुलाई ढलान र कालोपत्रे गरी पक्कि सडकको संरचना तयार गरिएको छ । नगरपालिका मातहतमा रही संचालनमा रहेका कार्यालय र सेवाहरुको नगरपालिकाले निर्माण गरेको संरचनाबाट नै निर्वाध रुपमा सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ । संस्थागत संरचना निर्माणका लागि जग्गा प्राप्ती गरी स्थायी र पक्कि भवन बनाइएको छ । आज हामी गर्वका साथ भन्न सक्छौं- धुनिवेशी नगरपालिका पूर्ण रूपमा भाडामुक्त स्थानीय सरकार बनेको छ । यो संस्थागत सुदृढीकरणको पहिलो र अनिवार्य जग थियो । आज हाम्रो धुनिवेशी **"भाडा मुक्त नगरपालिका"** बनेको घोषणा गर्न पाउँदा मलाई गर्व लागेको छ । नगरकेन्द्र तोकिएको स्थान र प्रशासकीय भवन निर्माण सम्बन्धी निर्णयलाई चुनौती दिँदै नगरपालिकालाई विपक्षी बनाई मिति २०७७।०४।२९ मा सर्वोच्च अदालतमा मुद्धा दायर भएकोमा सम्मानित सर्वोच्च अदालतले मिति २०८३।०२।१८ मा नगरपालिकाको पक्षमा आदेश जारी गरी मुद्धाको अन्तिम किनारा लगाईदिएको छ। विना, आधार, प्रमाण र कारण अग्रह पूर्वाग्रह राखी नगरपालिकालाई विपक्षी बनाई सम्मानित अदालतमा मुद्धा दायर गर्ने र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गर्ने प्रवृत्ति बढि रहेको छ । नगरपालिकाले अवलम्बन गरेको नीति, अगाडी बढाएका योजना तथा कार्यक्रम र नगरवासीहरुको "समृद्ध धुनिवेशी, सुखी नगरवासी"को आकांक्षा पुरा गर्न मन, वचन र कर्मले अहोरात्र लागि पर्ने जनप्रतिनिधिहरुको इच्छा शक्ति र मनोवलमा अंकुश लगाउने उद्धेश्यले अभिप्रेरित भई यसखालको प्रवृतिहरु मौलाइरहेको अनुभूति

भएको छ । यस खालका प्रवृत्तिहरुलाई चिर्दै सकारात्मक सोचका साथ अगाडी बढ्ने क्रममा चुनौतिका पहाडहरु देखा परेतापनि "समृद्ध धुनिवेशी सुखी नगरवासी"को लक्ष्य प्राप्तीका लागि योजनावद्ध ढङ्गबाट निरन्तर रुपमा अगाडी बढ्दै जाँदा समृद्ध धुनिवेशीको आधारशिला तयार गरी समृद्धिको ढोका खोल्न सफल भएका छौँ । हामी जनअनुमोदित भई यस गरिमामय पदमा आसिन हुँदाका बखत स्थानीय सरकार सञ्चालनका लागि आवश्यक कानुनी पूर्वाधार शून्यप्राय: थियो । कर्मचारी र नीति र नियमको अभावका बीच कार्यसम्पादन गर्नु हाम्रा लागि निकै चुनौतीपूर्ण थियो । तर, नागरिकप्रतिको अगाध जिम्मेवारी बोध गर्दै हामीले हाल सम्म ऐन- २९ नियमावली ७ निर्देशिका ५ कार्यविधि ८० नीति १ मापदण्ड २ रणनीति १ दिग्दर्शन १ र प्रतिकार्य योजना १ गरी जम्मा-१२७ वटा कानूनहरु निर्माण गरिसकेका छौँ । यी कानुनहरूको जगमा रहेर हामीले विधिको शासन (कानुनी शासन) को पूर्ण प्रत्याभूति गराउँदै नागरिक सेवा प्रवाहलाई थप चुस्त, पारदर्शी र जनमुखी बनाएका छौँ ।

**प्राप्ती भएका जग्गाहरुः**

नगरपालिका स्थापना भए पश्चात अधिग्रहण, सिधै खरिद र दानदातव्य समेत गरी नगरपालिकाको नाममा हाल सम्म १५ रोपनी ४ आना ३ पैसा ३ दाम जग्गा प्राप्त भईसकेको छ ।

- नागरिक आरोग्य सेवा केन्द्र, धुनिवेशी न.पा.-९ का लागि १० आना
- ८ नं. वडा कार्यालयका लागि ४ आना
- ६ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र गौचरणका लागि ९ आना
- ८ नं. वडा आधारभुत स्वास्थ्य केन्द्रका लागि ९ आना
- ३ नं. वडा कार्यालय रमाइलोचौरका लागि (१० आना) मध्ये ५ आना खरिद भएको र ५ आना दानदातव्यबाट प्राप्त भएको छ ।
- ९ नं. वडा कार्यालय भवन निमाणका लागि ७ आना
- वृद्धवृद्धा विश्राम स्थल धुनिवेशी न.पा-२, रातमाटेका लागि १ रोपनी जग्गा प्राप्ती ऐन-२०३४ अनुसार प्राप्ती भएको ।
- ३ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र भवनका लागि ९ आना
- १ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र भवनका लागि १० आना
- ५ नं. वडा आधारभूत स्वास्थ्य केन्द्रका लागि ९ आना
- प्रशासकीय भवन, धुनिवेशी न.पा.९, जुगेडी ३ रोपनी र फोहोरमैला प्रशोधन केन्द्रका लागि ५ रोपनी गरी जम्मा ८ रोपनी
- बस पार्क र बहुउद्धेश्यीय (डिपार्टमेन्ट) भवन निर्माणका लागि धुनिवेशी न.पा.९जुगेडीमा खरिद भएको १ रोपनी ७ आना ३ पैसा ३ दाम

**निर्माण भएका संस्थागत संरचनाहरुः**

- नगरपालिकाको प्रशासकीय भवन निर्माण
- १ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण
- छत्रेदेउराली स्वास्थ्य चौकी भवन निर्माण
- ३ नं. वडा कार्यालय भवन निर्माण
- ३ नं. वडा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण
- जिवनपुर स्वास्थ्य चौकी भवन तल्ला थप
- ५ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण
- ६ नं. वडा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण
- ६ नं. वडा कार्यालय भवन निर्माण
- नौविसे स्वास्थ्य चौकी भवन निर्माण
- धुनिवेशी नगरअस्पताल भवन निर्माण
- ८ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण
- ८ नं. वडा कार्यालय भवन निर्माण

- ९ नं. वडा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण
- ९ नं. वडा कार्यालय भवन निर्माण
- नागरिक आरोग्य केन्द्र, भवन निर्माण
- फोहोरमैला प्रशोधन केन्द्र निर्माण
- आइसोलेशन भवन निर्माण
- पुष्प स्रोत केन्द्र (नर्सरी) भवन निर्माण
- ५६ वटा सामुदायिक/ट्रस भवन निर्माण
- ४१ वटा महिला सामुदायिक भवन निर्माण तथा मर्मत
- २० वटा विद्यालय तथा क्याम्पस भवन निर्माण
- ४३ वटा विद्यालय भवन रंगरोगन तथा मर्मत
- ५ वटा शौचालय निर्माण
- ३ वटा खोप केन्द्र भवन निर्माण
- १०९ वटा मन्दिर निर्माण तथा मर्मत
- ४१ वटा मरणघाट तथा चिहान निर्माण
- ८ वटा गुम्बा निर्माण
- प्याराफिट सहितको धुनिवेशी खेल मैदान निर्माण
- प्रहरी चौकी/प्रहरी विट भवन निर्माण तथा मर्मत
- ३ वटा तटवन्ध निर्माण
- ६ वटा पोखरी निर्माण
- ६ वटा विद्यालय घेराबार
- २० वटा चौतारो निर्माण तथा मर्मत

**सडक/बाटो तर्फ निर्माण भएका संरचना**

- पक्कि मोटरेवल पुल ७ वटा
- नयाँ ट्र्याक खोल्ने कार्य ९९.२२ कि.मि.
- सडक चौडाई १७४.३० कि.मि.
- सडक ग्राभेल १८१.४७ कि.मि.
- पक्कि नाला २३४.५९ कि.मि.
- कच्चि नाला ३८४.२१ कि.मि.
- ह्याम पाईप विछ्याउने कार्य ८४३ मिटर
- ग्याविन जालि भर्ने कार्य ७२२८ वटा
- पर्खाल लगाउने कार्य ६५०७.२९ मिटर
- ढुङ्गा सोलिङ गर्ने कार्य ८९६९.७९ मिटर
- बाटो ढलान कार्य १३७५२.८८ मिटर
- आर.सि.सि. वाल २६७ मिटर
- गोरेटो बाटो/सिँढि निर्माण ४९०६ मिटर
- कालोपत्रे गर्ने कार्य ३७४४५ मिटर (धार्के देखी ठूलोखोला सम्म र ठूलो खोला देखी जिवनपुर सम्मको समेत)
- कल्भर्ट निर्माण ५ वटा
- कजवे निर्माण ११ वटा
- सडक सरसफाई १४६.०५ कि.मि.

**संस्थागत क्षमता स्वःमुल्यांकनः-** नगरपालिकाले स्थानीय तहं संस्थागत क्षमता स्वमूल्यांकन (LISA) १०० अंकमा आ.व.२०७६।०७७ मा ७६ अंक, आ.व.२०७७।०७८ मा ८१.७५ अंक, आ.व.२०७८।०७९ मा ८२.२५ अंक, आ.व.२०७९।०८० मा ८४ अंक, आ.व.२०८०।०८१ मा ८५.५ अंक प्राप्त गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अन्तिम रुपमा नगरपालिकाबाट भए गरेको कार्यहरुको मुल्यांकन हुँदा संस्थागत क्षमता स्वःमुल्यांकनको नतिजामा नगरपालिकाले प्राप्त गरेको अंक क्रमश बढ्दै गएको देखिँदा नगरपालिकाले प्रचलित कानून र कानूनले निर्दिष्ट गरेका विधि र प्रक्रिया अवलम्बन गरेको पुष्ट्याई हुने आधार बनेको छ। यसबाट नगरपालिकाले प्रवाह गर्ने सेवा र अवलम्बन गरेको नीति, विधि र थितीका विचमा तालमेल मिलि संस्थागत हुँदै गएको अनुभूति भएको छ।

**७) प्रतिवद्धताको जगः** "जनतासँग जनप्रतिनिधि, समृद्ध धुनिवेशी सुखी नगरवासी" र "दिगो पूर्वाधार, समृद्ध नगरको आधार" भन्ने मूल संकल्पलाई आत्मसात् गर्दै ९ वर्षको यो अवधिमा हामीले संस्थागत सुधार, भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य र सामाजिक विकासमा रूपान्तरणकारी उपलब्धि हाँसिल गरेका छौं। समग्र रुपमा नगरक्षेत्रको विकासको लागि सम्भावनाको खोजी गर्दै दिगो रुपमा भौतिक पूर्वाधार निर्माण, विकास र विस्तारमा जोड दिदै संस्थागत संरचना निर्माणलाई प्राथमिकतामा राखि संरचना निर्माणलाई पुर्णता दिने कार्यलाई निरन्तरता दिँदै पूर्वाधार विकास, सामाजिक तथा आर्थिक विकासका साथै शासकीय सुधार, सुशासन प्रवर्धन, संस्थागत विकास लगाएतका समग्र क्षेत्रहरुलाई समेट्दै समुन्नत नगर निर्माणको अभियानलाई निरन्तर रुपमा अगाडी बढाएका छौं।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**८) राष्ट्रिय गौरवका आयोजनामा समन्वयः स्थानीय नेतृत्वको नवीन आयाम**

धुनिवेशी नगरपालिका केवल आफ्नो आन्तरिक बजेटमा मात्र सीमित रहेन। हाम्रो भूगोलभित्र निर्माण भइरहेका राष्ट्रिय गौरवका आयोजनाहरूमा हामीले खेलेको नेतृत्वदायी भूमिका हाम्रा लागि ठूलो अनुभव र उपलब्धिको विषय हो।

- **हाम्रो सिकाई र निष्कर्षः** राष्ट्रिय गौरवका आयोजनाहरू सफल बनाउन वित्तीय लगानी मात्र पर्याप्त हुँदैन। स्थानीय स्तरमा देखा पर्ने मुआब्जा विवाद, वातावरणीय अवरोध, र स्थानीय नागरिकका मागहरूलाई सम्बोधन गर्दै आयोजनाहरूलाई निर्बाध सञ्चालन हुने वातावरण सिर्जना गरिदिनु र समन्वय गर्नु सबैभन्दा महत्वपूर्ण पाटो हुँदो रहेछ।
- नागढुङ्गा सुरुङमार्ग, पृथ्वी राजमार्गको धार्के-नौविसे खण्ड, त्रिभुवन राजपथको नौविसे-सिस्नेखोला खण्ड, धार्के-सीतापाइला वैकल्पिक राजमार्ग, भीमढुङ्गा-लामडाँडा-गल्छी सडक, र बाङभञ्ज्याङ-काफलचौर-सोलढुङ्गा सडक खण्डहरू निर्माण सम्पन्न भएका छन्। यी आयोजनाहरूमा देखा परेका जटिल अवरोधहरूलाई नगरपालिकाले सशक्त नेतृत्व लिई समाधान गरेको छ। यी सडकहरू पूर्ण रूपमा सञ्चालनमा आउँदा धुनिवेशी काठमाडौं उपत्यकाको सबैभन्दा नजिकको प्रमुख औद्योगिक हब (Industrial Hub) र देशकै प्रमुख व्यापारिक केन्द्र बन्नेछ, काठमाण्डौं उपत्यका नजिकको आधुनिक उप-शहरका रुपमा स्थापित हुनेछ। जसले नगरवासीका लागि प्रत्यक्ष एवं अप्रत्यक्ष रोजगारीका हजारौं ढोकाहरू खोल्नेछ।

**९) क्षमता विकास र सुदृढीकरणः** विषयगत शाखाहरू र वडा कार्यालयहरूको भौतिक तथा प्राविधिक क्षमता विकास गर्दै स्रोत-साधन र प्रणालीगत संरचनामा व्यापक सुधार गरिएको छ। पालिका र वडा कार्यालयबाट प्रवाह हुने सेवाको मापन गर्न सेवा लिएर फर्किने नागरिकहरुबाट सेवाग्राही बहिर्गमन (Exit Poll) सर्भेक्षण फारम भराई प्रतिक्रिया लिने व्यवस्था मिलाएका छौं। आगलागी नियन्त्रणका लागि बारुणयन्त्र (दमकल) को चुस्त परिचालन र सडक सुधारका लागि नगरपालिकाको आफ्नै २ थान ब्याक-हो लोडर निरन्तर रुपमा परिचालन गरी सडक, बाटो मर्मत, सुधार र सडक नाली स्तरोन्नतीको कार्य गरिरहेका छौं।

**१०) प्रतिक चिन्ह (लोगो) निर्माणः-** नगरपालिकाको मौलिक पहिचान झल्किने गरी प्रतिक चिन्ह (लोगो) निर्माण गर्ने सम्बन्धमा धेरै अगाडी देखी विषय उठान भएता पनि प्रतिक चिन्ह लोगो निर्माण हुन सकिरहेको थिएन/प्रतिक चिन्ह लोगो बनाउने विषयमा १८ औं नगर सभामा नगर सभा सदस्यज्यूहरुबाट नगरसभामा प्रस्ताव गर्नु भएको थियो। उक्त प्रस्तावमा छलफल भई नगरपालिकाको आफ्नो छुट्टै मौलिक पहिचान झल्किने गरी प्रतिक चिन्ह (लोगो) निर्माणका लागि ६ नं. वडाका वडा अध्यक्ष रमेश आचार्यको संयोजकत्वमा कार्यपालिका सदस्य नविन सुनार सदस्य र वडा सदस्य विक्रम जंग राना सदस्य रहने गरी तीन सदस्य लोगो निर्माण समिति गठन गर्ने प्रस्ताव १८ औं नगरसभाले स्वीकृत गरेको र उक्त समितिको सक्रियतामा नगरक्षेत्र भित्र अवस्थित

ऐतिहासिक धार्मिक, साँस्कृतिक, पौराणिक, पर्यटकीयस्थल एवं क्षेत्रहरु, भूगोल भू-बनोट, उत्पादन हुने कृषि तथा रैथानेवाली र उद्योग एवं व्यवसायहरु समेतलाई साङ्केतिक रुपमा प्रतिविम्वित गर्ने गरी लोगो निमाृण गराउने कार्य सम्पन्न गरेको छ । नगरपालिकाको आफ्नो छुट्टै मौलिकता झल्कने गरी निर्माण भएको प्रतिक चिन्ह (लोगो) सबै नगरसभा सदस्यहरुलाई वितरण गरी लेटरहेडमा समेत राखिने छ ।

**११) स्वास्थ्य सेवामा अभूतपूर्व उपलब्धि र नागरिकको पहुँच**

नगरवासीको स्वास्थ्यलाई मौलिक हकका रूपमा स्थापित गर्दै हामीले दुर्गमका बस्तीदेखि केन्द्रसम्म स्वास्थ्य सेवाको सञ्जाल बिछ्याएका छौँ ।

**पहुँचविहीन बस्तीमा शहरी स्वास्थ्य केन्द्र:** सेवाबाट बञ्चित रहेका वडा नं. १ को चिलाउने गाउँ, वडा नं. २ को थापा गाउँ, र वडा नं. ७ को मजुवामा सहरी स्वास्थ्य केन्द्र स्थापना गरी साप्ताहिक रूपमा सेवा पुऱ्याइएको छ ।

**पूर्वाधार तथा संस्थागत विकास:**

- नौविसे स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १० बेड क्षमताको आधारभुत नगर अस्पताल सञ्चालनका लागि भवन निर्माण भई सेवा सञ्चालनको तयारी अवस्थामा पुगेको छ ।
- नगरपालिकाका ९ वटा वडाहरू मध्ये ६ वटा वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापना तथा भवन निर्माण गरी सेवा सञ्चालन गरिएको छ। भने ३ वटा वडाहरुमा स्वास्थ्य चौकी मार्फत सेवा संचालन गरिएको छ ।
- छत्रेदेउराली स्वास्थ्य चौकीका लागि नयाँ भवन निर्माण गरि सेवा सञ्चालनमा ल्याइएको छ ।
- जीवनपुर स्वास्थ्य चौकीको भवनमा तला थप गरी सेवा विस्तार गरिएको छ
- बर्थिङ्ग सेन्टरहरूमा सरसफाई तथा कपडा धुलाईको लागि वासिङ मेसिनको व्यवस्था गरिएको छ ।

**औषधि, प्रयोगशाला तथा उपकरण व्यवस्थापन:**

- नेपाल सरकारबाट सूचीकृत ९८ प्रकारका अत्यावश्यक औषधि तथा औषधिजन्य सामग्रीहरूको स्थानीय तहबाटै नियमित आपूर्ति सुनिश्चित गरिएको छ ।
- साविकका ३ वटै स्वास्थ्य चौकीहरूमा आधारभूत प्रयोगशाला (ल्याब) र एनेलाइजर मेसिन ( एनालाइजर/कुल्टर मेसिन) को व्यवस्था गरिएको छ ।
- नौबिसे स्वास्थ्य चौकीमा थप सेवाका लागि सेमिअटो हेमाटो-एनालाइजर मेसिन, माइक्रोस्कोप १२ लीडको इसिजि/सिआर एक्स-रे मेसिनको व्यवस्था गरिएको छ ।
- खोप भण्डारणका लागि साविकका ३ स्वास्थ्य चौकीमा आई.एल.आर रेफ्रिजेरेटर र अन्य सबै स्वास्थ्य संस्थाहरूमा एक-एक थान रेफ्रिजेरेटरको व्यवस्था गरिएको छ ।
- सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक औजार तथा उपकरणहरू (जस्तैः अक्सिजन कन्सेन्ट्रेटर, अटोक्लेभ मेसिन, सक्सन मेसिन, अक्सिजन सिलिण्डर, नेवुलाइजर, ड्रेसिङ सेट आदि) र फर्निचरको व्यवस्था गरिएको छ ।

**मातृ, शिशु तथा बाल स्वास्थ्य सेवा:**

- गर्भवती महिलाहरूको जटिलता पत्ता लगाउन ग्रामीण अल्ट्रासाउण्ड मेसिनको व्यवस्था गरी ३ वटै स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर स्थापना गरिएको छ ।
- सुत्केरी महिलाहरूका लागि तातो भित्री कपडा, र नवजात शिशुलाई दौरा, भोटो, टोपी पोषिलो जाउलो तथा 'सुत्केरी आमासँग उपमेयर' र 'नवजात शिशुसँग मेयर' जस्ता लक्षित एवं नगरपालिकाको आफ्नै मौलिक कार्यक्रमहरू सञ्चालनमा छन् ।
- कुपोषित बच्चाहरूको उपचारका लागि नौबिसे, जीवनपुर र छत्रेदेउरालीमा OTC सेन्टरको स्थापना गरिएको छ ।
- नगरपालिकाको समन्वयमा शहिद गंगालाल रष्ट्रिय हृदय सेवा केन्द्रबाट खटिएका विशेषज्ञ चिकित्सकहरुले नगर क्षेत्रभित्रका ४ हजार ८ सय ७८ जना बालबालिकाहरुको मुटु परिक्षण गरी ३० जना बालबालिकाहरुलाई निःशुल्क रुपमा मुटु उपचार सेवा गरिएको छ ।
- ५ वर्षमुनिका बालबालिकाहरूको पोषण स्थिति अनुगमनका लागि वृद्धि अनुगमन केन्द्र सञ्चालनका साथै वेवी हेल्थ किट प्रदान गर्ने गरिएको छ ।

- सुनौलो हजार दिनका महिलाहरूलाई लक्षित गरी वडा नं. ९ को जलदेवीस्थित महिला कृषक समूहलाई एक थान ह्याचिङ मेसिन प्रदान गरिएको छ ।

**विशिष्टीकृत तथा अन्य स्वास्थ्य सेवाहरू:**

- नौबिसे स्वास्थ्य चौकीबाट प्रत्येक हप्ताको शुक्रबार विशेषज्ञ/चिकित्सकीय सेवा, २०७६।०७७ साल देखी नियमित र निःशुल्क रुपमा एम.वि.वि.एस. डाक्टरी सेवा र आ.व. २०८२/८३ देखि थर्मल थेरापी सेवा सञ्चालनमा छ ।
- आ.व. ०८१/०८२ देखि तिलगंगा आँखा प्रतिष्ठानको साझेदारीमा 'धुनिवेशी शहरी आँखा केन्द्र' सञ्चालन गरिएको छ । निःशुल्क रुपमा मोतियाविन्दु उपचारका लागि सहजीकरण गरिएको छ ।
- वडा नं. ९ मा नागरिक आरोग्य केन्द्र स्थापना गरी आयुर्वेद सेवा र साविकका ३ स्वास्थ्य चौकीहरूबाट घुम्ती आयुर्वेद स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- प्रजनन स्वास्थ्य अन्तर्गत VIA परीक्षण तथा थर्मल कोगुलेसन मेसिन बाट सेवा प्रदान गर्ने गरिएको छ ।

**जनशक्ति व्यवस्थापन, तालिम र सेवा प्रोत्साहन:**

- स्वास्थ्य चौकी, बर्थिङ्ग सेन्टर, प्रयोगशाला तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूमा करार सेवामा आवश्यक कर्मचारी तथा जनस्वास्थ्य अधिकृतको व्यवस्थापन गरिएको छ ।
- स्वास्थ्यकर्मीहरूलाई आवश्यकता अनुसार विविध तालिम दिएर दक्ष बनाउने कार्य गरिएको छ ।
- नगरपालिका अन्तर्गतका ५ वटा विद्यालयहरूमा 'एक विद्यालय एक नर्स' कार्यक्रम सञ्चालनमा छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि दराज वितरण, मासिक यातायात खर्च, आमा समूहको बैठकमा खाजा खर्च, अर्धवार्षिक/वार्षिक समीक्षा, र अवलोकन भ्रमणको व्यवस्था गरिएको छ । साथै, अवकाश हुँदा ५०,००० रुपैयाँ नगद सहित सम्मान गर्ने व्यवस्था छ ।

**एम्बुलेन्स तथा अन्य सामाजिक सुरक्षा:**

- साविकका ३ वटा स्वास्थ्य चौकीहरूमा ३ थान एम्बुलेन्स सञ्चालनमा रहेकोमा थप १ थान "ख" वर्गको एम्बुलेन्स व्यवस्था गरी सेवा दिइँदै आएको छ । यस अन्तर्गत जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति, सुत्केरी महिला र कडा रोग लागेका नागरिकहरुलाई पुर्ण रुपमा निशुल्क र अन्य विरामीहरुलाई न्यूनतम शुल्कमा एम्वुलेन्स सेवा उपलब्ध गराइएको छ ।
- कडा रोग लागेका विपन्न नागरिकहरूलाई औषधि उपचारका लागि १०,००० रुपैयाँ आर्थिक सहयोग प्रदान गर्ने गरिएको छ ।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको घरदैलोमै गई स्वास्थ्य परीक्षण, परामर्श तथा औषधि उपचार सेवा प्रदान गरिएको छ ।

**स्वास्थ्य, प्रविधि प्रबर्द्धन र सरसफाइ:**

- सूचना प्रवाह र प्रतिवेदन कार्यका लागि सबै स्वास्थ्य संस्थाहरूमा इन्टरनेट, कम्प्युटर र प्रिन्टरको व्यवस्था गरिएको छ ।
- स्वास्थ्य शिक्षाका लागि सबै स्वास्थ्य संस्थाहरूमा टेलिभिजन सेटसहितको 'भिजुअल स्वास्थ्य शिक्षा कर्नर' र 'पोषण कर्नर' स्थापना गरिएको छ ।
- साविकका ३ वटा स्वास्थ्य चौकीमा सुरक्षित पिउने पानी र सबै स्वास्थ्य संस्थाहरूमा वास कर्नर (हात धुने ठाउँ) को व्यवस्था गरिएको छ ।
- पानी परीक्षणका लागि वाटर क्वालिटि टेस्ट किटको खरिद तथा व्यवस्थापन गरिएको छ ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**१२) शैक्षिक गुणस्तर, छात्रवृत्ति र युवा तथा खेलकुद**

शिक्षा क्षेत्रमा हामीले केवल भौतिक सुधार मात्र गरेनौं, नीतिगत र व्यवस्थापकीय सुधारमार्फत सामुदायिक विद्यालयको साख फर्काउने प्रयास गरेका छौं ।

**नीतिगत, कानुनी तथा व्यवस्थापकीय सुधार**

- **ऐन तथा कार्यविधि निर्माण:** शिक्षा ऐन २०८० (संशोधन सहित), खेलकुद र युवा विकास ऐन २०८२, करार शिक्षक छनोट, विद्यालय लेखा परीक्षण, र परीक्षा सञ्चालन सम्बन्धी विभिन्न १० वटा कानूनहरू निर्माण गरी लागू गरिएको छ ।
- **अनिवार्य तथा निःशुल्क शिक्षा:** पालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षायुक्त घोषणा गरिएको र विद्यालय तहका सबै प्रकारका परीक्षा खर्च पालिकाले नै व्यहोर्ने गरेको ।
- **शैक्षिक सामग्री:** स्थानीय पाठ्यक्रम (धुनिवेशी सेरोफेरो) तथा सन्दर्भ सामग्री निर्माण गरी सबै विद्यालयमा लागू गरिएको साथै वार्षिक शैक्षिक क्यालेण्डर र शैक्षिक बुलेटिन प्रकाशन गर्ने गरिएको ।
- **विद्यालय समायोजन (मर्ज):** विद्यार्थी संख्या र भूगोलका आधारमा विद्यालय गाभ्ने, कक्षा थप घट गर्ने र शिक्षकहरु समायोजन गर्ने गरिएको छ ।

**शिक्षक व्यवस्थापन, सेवा सुविधा र वृत्तिविकास**

- **आन्तरिक दरबन्दी व्यवस्थापन:** शून्य र अपुग दरबन्दी भएका विद्यालयमा आन्तरिक स्रोतबाट २७ जना ( नि.मा.वि. २२ र मा.वि. ५) शिक्षक व्यवस्थापन गरिएको ।
- **पारिश्रमिक र भत्ता वृद्धि**: नगर अनुदानका शिक्षकलाई सरकारको स्केल बमोजिम र बालविकास शिक्षक, कार्यालय सहयोगी तथा लेखा सहायकलाई श्रम ऐन अनुसार न्यूनतम पारिश्रमिकमा कम नहुने गरी थप तलबको व्यवस्था गरिएको । प्रधानाध्यापकहरूको मासिक भत्तामा रू. ५०० देखि रू. १००० सम्म वृद्धि गरिएको ।
- **वैकल्पिक व्यवस्था :** शिक्षक लामो बिदामा बस्दा पढाइ नबिग्रियोस् भनी 'सट्टा शिक्षक' भर्नाको कानुनी व्यवस्था गरिएको र बालविकास कक्षामा २० भन्दा बढी विद्यार्थी भएमा सहजकर्ता थप गर्ने व्यवस्था मिलाइएको ।
- **तालिम:** शिक्षकहरूको पेसागत विकासका लागि माग र आवश्यकतामा आधारित तालिमको व्यवस्था गरिएको ।

**शैक्षिक पूर्वाधार, प्रविधि र भौतिक सुधार**

- **पुनर्निर्माण र नयाँ भवन**: भूकम्पले क्षति पुर्‍याएका ८ वटा विद्यालयको पुनर्निर्माण र थप ६ वटा विद्यालयमा नयाँ भवन निर्माण गरिएको ।
- **आईसीटी र प्रयोगशाला:** ११ माध्यमिक र ५ आधारभूत विद्यालयमा ICT Lab, विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्था गरिएको ।
- **प्रविधि र डिजिटल हाजिरी:** सबै सामुदायिक विद्यालयमा कम्प्युटर, प्रिन्टर, फोटोकपि मेसिन र डिजिटल हाजिरीको व्यवस्था गरिएको तथा ६ कक्षाभन्दा माथि चलेका १८ विद्यालयलाई १/१ वटा ल्यापटप वितरण गरिएको ।

**विद्यार्थी कल्याण, छात्रवृत्ति र समावेशी शिक्षा**

- **आवासीय विद्यालय:** दुर्गम, गरिब, असहाय र अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी मच्छिन्द्र मावि (खानीखोला) र प्राविधिकधारतर्फ त्रिकुटेश्वरी माविमा आवासीय विद्यालय सञ्चालन गरिएको । जसलाई आगामी दिनमा अन्य विद्यालयमा पनि विस्तार गरिनेछ ।
- **उच्च शिक्षा छात्रवृत्ति:** आर्थिक अभाव रोक्न नगरभित्रका क्याम्पसमा अध्ययनरत सबै बुहारीहरूलाई १००% छात्रवृत्ति र स्नातक तहमा कृषि तथा पशु विज्ञान अध्ययन गर्ने जेहेन्दार विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
- **स्वास्थ्य तथा सरसफाइ (WASH)**: १३ विद्यालयमा शुद्ध चिसो-तातो खानेपानी, ३१ विद्यालयमा छात्र-छात्रा मैत्री शौचालय, कक्षा ६ माथिका छात्रालाई स्यानिटरी प्याड, १८ विद्यालयमा भेन्डिङ मेसिन र ४ माध्यमिक विद्यालयमा डिस्पोजल मेसिनको व्यवस्था गरिएको ।
- **बालबालिका मनोरञ्जन र सुरक्षा:** १० वटा विद्यालयमा बाल उद्यान (पार्क) निर्माण गरिएको र ३३ वटा विद्यालयहरूमा घेरावारको व्यवस्थापन गरिएको

**खेलकुद, युवा परिचालन तथा प्रोत्साहन**

- **खेलकुद पूर्वाधार र प्रशिक्षणः** प्याफिट सहितको धुनिवेशी खेलमैदान निर्माण सम्पन्न गरिएको । पालिकाका विभिन्न स्थानमा फुटबल र कराँतेका लागि निःशुल्क प्रशिक्षणको व्यवस्था तथा 'मेयर कप कराँते प्रतियोगिता' को सुरुवात गरिएको ।
- **प्रतियोगिता र पुरस्कारः** वार्षिक रूपमा नगरस्तरीय राष्ट्रपति रनिङसिल्ड सञ्चालन र जिल्लास्तरीय प्रतियोगिताको व्यवस्थापन गरिएको । पदक विजेता खेलाडीहरूलाई नगद सहित सम्मान गर्ने गरिएको ।
- **शैक्षिक सम्मानः** कक्षा ८, (एसइई) र कक्षा १२ (एसएलइ) मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक, विद्यालय र व्यवस्थापन समितिलाई पुरस्कृत र सम्मानित गर्ने कार्यक्रमको सुरुवात गरिएको ।

**१३) भौतिक पूर्वाधार, दिगो विकास र पुर्वाधार सवलिकरणः**

पूर्वाधार विनाको विकास अधुरो हुन्छ भन्ने मान्यताका साथ हामीले नगरको सडक सञ्जाल र सहरीकरणलाई उच्च प्राथमिकतामा राख्यौं ।

- **सडक सञ्जालको गुणात्मक फड्कोः** नगरभित्र रहेका २१८ वटा सडकहरूको उपयोगीताको पहिचान र प्राथमिकीकरण गरी हिउँद र वर्षा दुवै याममा निर्बाध रूपमा गाडी चल्न सक्ने बनाइएको छ । कतिपय रणनीतिक सडकहरू कालोपत्रे भइसकेका छन् भने कतिपयमा पक्की ढलान गर्ने कार्य सम्पन्न भइसकेको छ ।
- नगरको चारै तर्फ रिङ रोड निर्माण गरी सडक सञ्जाल मार्फत नगर केन्द्र जोड्ने क्रममा धुनिवेशी नगरपालिका वडा नं. ८ र ५ लाई जोड्ने गरी महेशखोलाको स्याउलीमा पक्कि मोटरेवल पुल निर्माण गरी सवारी साधन संचालन हुने तयारीमा पुगेको छ । उक्त पुल हुँदै नगर केन्द्र सम्म जाने सडकलाई क्रमागत योजनाका रुपमा राखी आ.व. ०८३।०८४ सम्ममा कालोपत्रे गरिनेछ । ९ नं. वडा कार्यालय हुँदै नगरकेन्द्र सम्म आउने सडकको केही भाग बाहेक अन्यत्र ढलान र कालोपत्रे गरी पक्कि सडक बनाइएको छ । बाँकी खण्ड कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइ आ.व.२०८३।०८४ सम्ममा पुरा गरिने छ ।
- धार्के-स्वाँरा-जीवनपुर सडक खण्ड र डाँडाडिही-बडारेचौर-जीवनपुर-किटिनी-कोल्पु सडकको जीवनपुर भञ्ज्याङ खण्ड र भिमढुङ्गा लामिडाँडा सडक, धार्के सितापाइला सडक, बाङभञ्ज्याङ काफलचौर सडक पूर्ण रूपमा कालोपत्रे भइसकेको छ ।
- खिलबुजा-भञ्याङपोखरी-महेशफाँट, चौधारमोड-मजुवा सडक, नौविसे-दोभान-लिखु सडक, र भञ्ज्याङपोखरी-चिलाउनेगाउँ-खिलवुजा-ढाँडे सडक, भञ्ज्याङपोखरी महेशफाँट सडक जस्ता रणनीतिक मार्गहरूलाई पक्की बनाउने कार्य अन्तिम चरणमा पुगेका छन् ।
- **कार्यनीतिमा गुणात्मक सुधारः** विकासको गुणस्तर कायम राख्न हामीले एउटा साहासिक र दूरगामी नीतिगत निर्णय लियौं । भवन निर्माण र सडक कालोपत्रे जस्ता प्राविधिक रूपमा जटिल प्रकृतिका आयोजनाहरू र १० लाख बन्दा बढी रकमको लागत अनुमान भएका योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन नगर्ने/नगराउने नीति अवलम्बन गरियो । ई-विडिङ मार्फत ठेक्का प्रक्रियामा जाँदा पारदर्शिता र इन्जिनियरिङ गुणस्तर सुनिश्चित भएको छ ।
- **व्यवस्थित सहरीकरणः** वडा नं. ५ मा ल्यान्ड पुलिङ (शहरी बस्ती विकास योजना) का लागि DPR तयार भइरहेको छ, जसले धुनिवेशीलाई भविष्यको एक आधुनिक र व्यवस्थित सहरका रूपमा स्थापित गर्नेछ । खानीखोला बजार देखी धार्के बजार खण्ड र धार्के सितापाईला बैकल्पिक राजमार्गमा सडक मापदण्ड विपरित घर टहरा निर्माण गर्ने र जथाभावि फोहोर फाल्ने प्रवृत्तिलाई रोक्न स्वच्छ र सुरक्षित राजमार्ग कार्यक्रमलाई अगाडी बढाई राजमार्ग क्षेत्रमा आधुनिक सार्वजनकि शौचालय र रिफ्रेस सेन्टर निर्माण गरिने छ ।

**१४) आधारभुत खानेपानी सेवा र सिंचाई**

खानेपानीका लागि पानीको मुल एवं स्रोत उपलब्ध हुन सक्ने स्थानमा दिगो रुपमा पक्कि संरचना निर्माण गरी स्वच्छ सफा खानेपानी वितरण गरिएको छ । खानेपानीको मुल र स्रोत नभएको स्थानमा डिप वोरिङ १३ ठाउँमा र लिफ्टिङ/डबल लिफ्टिङ गरी एक घर एक धारा कार्यक्रम अर्न्तगत ७ हजार २ सय ४६ घरधुरी मध्ये हाल सम्म ६ हजार ३ सय १५ घरधुरीहरुमा खानेपानी धारा वितरण गरी सबै नगरवासीहरुका लागि आधारभुत खानेपानी सेवा उपलब्ध गराइएको छ । सार्वजनिक धारा २३ वटा निर्माण गरी हालसम्म खानेपानी ट्यांकी ७३ वटा, खानेपानी इन्टेक १३४, पानी तान्ने मोटर ४२ र विभिन्न साइजका (मुख्य लाइन र शाखा लाइन) खानेपानीका पाईपहरु ४ लाख ३० हजार मिटर विछ्याइएको छ । सिंचाई तर्फ बाह्रै महिना

पानी बहन सक्ने गरी कुलो निर्माण मर्मत सम्भार र स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकतामा राखी खेती योग्य जग्गा जमिनहरुमा सिंचाई गर्न सकिने व्यवस्था मिलाएका छौं ।

- **निर्माण भएको संरचना:-** ढुङ्गाको जोडाईबाट निर्माण भएको कुलो ४ हजार ४ सय ४१ मिटर, आर.सि.सि. गरी निर्माण गरिएको कुलो २ हजार ७ सय मिटर, आ.र.सि.सि. वाल ५० मिटर, ग्याविन जालिको संख्या ५ सय २३, ह्युम पाईप २०, सिंचाई पाईप ६८ मिटर रहेको छ ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**१५) सामाजिक सुरक्षा, लक्षित वर्ग र उद्यमशिलता**

- **मानवीय मर्यादा र सुरक्षा:** घरपरिवारबाट अपहेलित र हिंसामा परेका महिलाहरूका लागि सुरक्षित आवास गृह सेफ हाउस (Safe House) भवन निर्माण भएकोमा हाल नगरपालिकाले खर्च रकम व्यहोर्ने गरी कालिदेवी महिला बहुउद्धेश्य सहकारी संस्थाको व्यवस्थापनमा सञ्चालन हुने व्यवस्था मिलाइएको छ । धुनिवेशी नगर क्षेत्र भित्रका अपाङ्ग, असहाय जेष्ठ नागरिकहरुको सम्मान, व्यवस्थापन र सेवाका लागि वृद्धवृद्धा विश्राम स्थल निर्माण गरिएको छ । उक्त वृद्धावृद्धा विश्राम स्थलमा धुनिवेशी नगर क्षेत्र भित्रका अपाङ्ग तथा असहाय जेष्ठ नागरिकहरूको लागि लाग्ने खर्च नगरपालिकाले व्यहोर्ने र अन्यत्रबाट ल्याइएका अपाङ्ग तथा असहाय जेष्ठ नागरिकहरूको लागि लाग्ने खर्च रकम मानव सेवा आश्रम आफैले व्यहोर्ने गरी मानव सेवा आश्रमको व्यवस्थापनमा वृद्धवृद्धा विश्राम स्थल सञ्चालनमा ल्याएका छौं । आगामी दिनमा वृद्धवृद्धा विश्रामस्थललाई जेष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण एवं हस्तान्तरण गर्ने केन्द्रका रुपमा स्थापित गरिनेछ ।
- **व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण**
  - सबै वडा कार्यालयहरुबाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता विवरण अनलाईन मार्फत सेवा संञ्चालन गरिएको छ ।
  - घटना दर्ताका विवरणहरु डिजिटाईजेशन गरिएको छ ।
  - सबै वडा कार्यालयहरुमा सामाजिक सुरक्षा भत्ता नविकरणको लागि बायोमेक्ट्रिक डिभाईस जडान गरिएको छ ।
  - विद्युतिय प्रणाली (EFT)मार्फत सामाजिक सुरक्षा भत्ता सिधै लाभग्राहीहरुको खातामा जम्मा गरिएको छ ।
  - कृषि विकास बैक, राष्ट्रिय वाणिज्य बैक, एन.आई.सी.एसिया बैक खानिखोला, प्रभु बैक र एन.आई.सी. एसिया बैक धार्के विच सम्झौता भई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।
  - ९ वटै वडा कार्यालय तथा नगरपालिकाबाट समेत राष्ट्रिय परिचयपत्र विवरण संकलन कार्य गरिएको छ ।
  - सामाजिक सुरक्षा भत्ता वितरण भएका लाभग्राहीहरुको विवरण नगरपालिकाको वेवसाईट मार्फत सार्वजनिक गरिएको छ ।
  - विगत ९ वर्षमा वितरण गरिएका सामाजिक सुरक्षा भत्ताको विवरण:

| आ.व. | सामाजिक सुरक्षा भत्ता रकम | लाभग्राही संख्या |
|---|---|---|
| २०७४/०७५ | रु ५ करोड ५ लाख नौ हजार रुपैया | २४५६ |
| २०७५/०७६ | रु ४ करोड ५४ लाख ६५ हजार रुपैया | २६५२ |
| २०७६/०७७ | रु ९ करोड २ लाख ५५ हजार ८ सय रुपैया | ३१४५ |
| २०७७/०७८ | रु ९ करोड ८७ लाख ४२ हजार ४ सय ७८ रुपैया | ३२८२ |
| २०७८/०७९ | रु १२ करोड ७० लाख ३५ हजार ७ सय ४८ रुपैया | ३३४३ |
| २०७९/०८० | रु १४ करोड ३९ लाख ३६ हजार ७ सय ६२ रुपैया | ३७२४ |
| २०८०/०८१ | रु १४ करोड ६९ लाख ३५ हजार ५ सय १८ रुपैया | ३७२१ |
| २०८१/०८२ | रु १५ करोड १३ लाख ४३ हजार ८ सय ४४ रुपैया | ३८२८ |
| २०८२/०८३ | रु १५ करोड २४ लाख ९ हजार ९ सय ३४ रुपैया | ३७९३ |

- **महिला सिप विकास तथा युवा लक्षित उद्यमशीलताः** लघु उद्यमी समूहहरू मार्फत महिलाहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिम र प्रविधि हस्तान्तरण गरिएको छ । हालसम्म ३०२ जना महिलाहरुलाई महिला सम विकास, व्यक्तित्व विकास, नेतृत्व विकास र सशक्तिकरण तलिम प्रदान गरिएको छ । व्यवसायिक रुपमा अघि बढाउनका लागि ३५५ जना महिला हरुलाई झोला बनाउने, क्रिष्टल माला तथा पोते बनाउने, ब्युटि पार्लर, ढाका कपडा, गलैचा, नौमति बाजा बजाउने, जुत्ता चप्पल बनाउने, वारिष्ठा बाख्रा पालन, सिलाई बुनाई र अटो रिक्सा चलाउने सम्बन्धी सिप विकास सम्बन्धी तालिमहरु संचालन गरिएको छ । ७० वर्ष भन्दा माथिका १००० जना जेष्ठ नागरिकहरुका लागि ब्ल्याङकेट वितरण गरिएको छ । अपाङ्गता भएका १५० जना व्यक्तिहरुका लागि क्षमता तथा सिप विकास तालिम प्रदान गरिएको छ, १८६ जना युवाहरुलाई लोकसेवा तयारी कक्षा संचालन गरिएको छ, बाबुआमा विहिन बालबालिका, दृष्टि विहिन छात्रा २ जनालाई ल्यापटप वितरण, पूर्ण अशक्त नागरिक, महिला समुहहरु, चेपाङ समुदाय दलित, लोपन्मुख समुदाय लगाएतका अन्य लक्षित वर्गहरुलाई तालिम कार्यक्रम, टेवा पुँजी वितरण, सामग्रीहरुहरु हस्तान्तरण र अन्य सहयोग उपलब्ध गराइएको छ । वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीपलाई स्थानीय स्तरमै उपयोग गर्न विशेष उद्यमशीलता कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

**१६) कृषि विकास सेवा**

- **कृषि :** धुनिवेशी नगरपालिकाले कृषि क्षेत्रको व्यवसायीकरण तथा कृषकको आयआर्जन र रोजगारी वृद्धि गर्ने उद्धेश्यले विभिन्न कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरेको छ । कृषिमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै स्थानीय वालीको संरक्षण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कामलाई प्राथमिकतामा राखी काम गरेको छ । नगरपालिकाले कृषि यान्त्रीकरणलाई विस्तार गरी उत्पादन लागत तथा श्रमको उपयोग गर्न सहयोग पुऱ्याएको छ । बजारमुखी उत्पादनलाई प्रोत्साहन गरी बाँझो जमिनको उपयोग गरी विभिन्न फलफूलहरु, लिची, सुन्तला, कागती र एभोकाडो, कफिका नयाँ बगैंचा स्थापना गरेको छ। साथै तरकारी उत्पादनलाई बर्षैभरी गर्ने गरी ग्रिनहाउस निर्माण तथा विस्तार कार्यक्रम सञ्चालन गरीएको छ । नगरपालिकाको नर्सरी स्रोत केन्द्र स्थापना गरी गुणस्तरीय फलफूलका विरुवा उत्पादन तथा वितरणको व्यवस्था गरिएको छ । कृषि विकास शाखा मार्फत सञ्चालन भएका वार्षिक कार्यक्रमहरुको माध्ययमबाट कृषि उत्पादनमा वृद्धि रोजगारी सृजना, कृषकको आम्दानीमा सुधार तथा नगरको समग्र कृषि विकासमा सकारात्मक योगदान पुऱ्याउने उद्धेश्यले निम्नानुसारका कार्यहरु गरिएका छन् ।
- यस अवधिमा कागती, सुन्तला, एभोकाडो, ओखर, हलुवाबेद, आँप, लिच्ची, कफीलगायतका फलफूलका बिरुवाहरू वितरण गरी नयाँ बगैंचा स्थापना तथा क्षेत्र विस्तारका कार्यक्रमहरू करिव ११० हेक्टरमा सञ्चालन गरिएको छ ।
- बाँझो जमिनलाई उत्पादनशील बनाउने तथा किसानहरूलाई दीर्घकालीन आम्दानीको आधार सिर्जना गर्ने कार्य भएको छ ।
- फलफूल खेतीको दिगोपन र उत्पादन वृदि सुनिश्चित गर्न सिँचाइ पूर्वाधार विकासलाई प्राथमिकतामा राखिकाम गरिएको छ । यसका लागि कुलो निर्माण, पोखरी निर्माण तथा पक्की पानी ट्यांकी निर्माणमा अनुदान उपलब्ध गराई ६० हेक्टर जमिनमा किसानहरूलाई वर्षभरि सिँचाइ सुविधा पहुँचमा पुगेको छ । यी कार्यक्रमहरूको सकारात्मक प्रभावस्वरूप नगर क्षेत्रमा फलफूल खेतीको क्षेत्रफल विस्तार भएको, कृषकहरूको कृषि प्रतिको आकर्षण बढेको तथा कृषि उत्पादन र आम्दानीमा उल्लेखनीय सुधार आएको छ। आगामी दिनमा पनि कृषि क्षेत्रको विकास, रोजगारी सिर्जना तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि यस्ता कार्यक्रमहरूलाई थप प्रभावकारी र परिणाममुखी बनाउँदै अगाडि बढेको छ ।
- कृषिमा उत्पादन लागत घटाउनको लागी यान्त्रीकरण वितरणमा मिनिटलर थ्रेसर कम्वाइन्डर राइस मिल स्प्रे पम्प कटिंग औजार गरि करिव १३७० गोटा यान्त्रीकरणका सामाग्री वितरण भएको छ ।
- मौरीपालनको लागी व्यवसायीक कृषकहरुलाइ गोला सहितको र खाली गरी करीव ३००० थान घारहरु वितरण गरिएको छ ।
- कृषि योग्य माटोको सुधार गन माटोको परिक्षण ल्याव स्थापना घुम्ती माटो परिक्षण सेवा तथा परामश सेवा सचालनमा ल्याइएको छ ।

- नगरका कृषकलाइ सहुलियत दरमा र अन्यपालिकालाइ सरकारी मुल्यमा फलफूलका विरुवा उत्पादन गरी वितरण गने काय सचालन गरीएको छ जसवाट वाषिक फलफूल र फूलका २०००० वेना तयार गरि निशुल्क तथा अनुदानमा पठाउने काम गरीरहेको छ ।
- तरकारी खेतीको लागि ग्रीनहाउसमा बाँस टनेल तथा फलामको टनेल ३० हेक्टरमा निर्माण भएको छ ।
- पकेट क्षेत्र अन्तगत वडा नं. ६ मा सुन्तला, वडा नं.७मा आलू तरकारी र अन्य वडाहरुमा उखु, अम्बा, आँप, लिचि लगाएतका तरकारी तथा फलफूलका विउ तथा विरुवा वितरण कार्यक्रम संचालन गरिएको छ ।
- व्यवसायीक कृषकहरुलाइ कृषि फार्ममा नै गएर कृषि प्राविधिक सेवा निशुल्क दिने व्यवस्था गरिएको छ ।
- कृषि फर्म संचालन गर्ने कृषकको क्षमता विकासको लागी हाल सम्म घुम्ती तालिम ३दिने र १२०० कृषकहरुलाई मागमा आधारित व्यवसायीक कृषि तालिम प्रदान गरिएको छ ।
- विषादी सचेतनाका लागि प्लान्ट क्लिनिक तालिम तथा विषादी प्रयोग गर्दा ध्यान दिने विषयमा सचेतना कार्यक्रम संचालन गरिएको छ ।
- नगरमा कृषि  तथा पशु सेवा प्राविधिक पढ्नेलाइ हरेक वर्ष छात्रवृत्ति प्रदान गरिएको छ ।
- हरित विद्यालय अभियान कायक्रम मार्फत विद्यालयमा फलफूलको बगान/बाटिका निर्माण भइरहेको छ ।

**१७ पशु स्वास्थ्य सेवाः** गाई भैसी र बाखाहरुमा लाग्ने संक्रामक रोगहरुको विरुद्ध पूर्ण र नियमित खोप संचालन गरिएको छ । सेवालाई सर्वसुलभ र पहुँचयोग्य बनाउन उपचार तथा पशु सेवा सम्बन्धी प्रशासनिक सेवा समेत प्रदान गर्ने गरी डिस्पेन्सरी तथा सेवा केन्द्र धुनिवेशी नगरपालिका वडा नं.३ रमाइलोचौरमा स्थापना गरी संचालनमा ल्याइएको छ । भने आधारभुत प्रयोगशाला सेवा कृत्रिम गर्भाधान सेवा, डिस्पेन्सरी तथा उपचार सेवा प्रदान गरिँदै आएको छ । रेविज रोगको जोखिम न्यूनिकरणका लागि रेविज विरुद्धको खोप कार्यक्रम र कुकुर बन्ध्याकरण कार्यक्रम लगाएत निम्नानुसारका कार्यक्रमहरु गरिएका छन् ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**पशु स्वास्थ्य तथा उपचार सेवा**

- आर्थिक वर्ष २०७५/७६ देखि २०८२/८३ सम्म कम्तीमा १२ पटक बृहत् घुम्ती पशु स्वास्थ्य शिविर (सबै वडामा) सञ्चालन गरी सेवा केन्द्रको पहुँचबाट टाढाका कृषकसम्म सेवा पुर्‍याइएको छ ।
- निःशुल्क पशु स्वास्थ्य शिविरमार्फत चौरानब्बे हजार आठ सय उनन्साठ्ठी ( ९४,८५९) पशुपन्छीमा रोग निदान तथा उपचार सेवा प्रदान गरिएको छ ।
- डिस्पेन्सरी, सेवा केन्द्र तथा नियमित उपचार सेवामार्फत एकानब्बे हजार चौतिस (९१,०३४) पशुपन्छीमा उपचार सेवा उपलब्ध गराइएको छ ।
- समग्रमा ९ वर्षको अवधिमा १,८५,८९३ पशुपन्छीमा उपचार, रोग निदान तथा स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

**नश्ल सुधार तथा उत्पादन वृद्धि**

- कृत्रिम गर्भाधान तथा उन्नत प्रजनन् बोका वितरणमार्फत गाई, भैंसी तथा बाखाको नश्ल सुधार कार्यक्रम सञ्चालन गरिएको छ । ९ वर्षको अवधिमा १० हजार त्रिहत्तर पशुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरी उन्नत नश्लको उत्पादन प्रवर्द्धन गरिएको छ ।

**पशु रोग नियन्त्रण तथा खोप कार्यक्रम**

- आर्थिक वर्ष २०७४/७५ देखि २०८२/८३ सम्म नगरपालिकाले पशुधनमा लाग्ने प्रमुख संक्रामक रोग नियन्त्रणका लागि व्यापक खोप कार्यक्रम सञ्चालन गरेको छ। यस अवधिमा दुई लाख अठहत्तर हजार पच्चिस बाखामा पि.पि.आर, २० हजारभन्दा बढी गाईभैंसीमा खोरेत, १३ हजारभन्दा बढी गाईभैंसीमा लम्पी स्किन, एक हजार आठ सय भन्दा बढी बंगुरमा स्वाइन फिभर एक हजार दुई सय भन्दा बढी कुकुरमा रेबिज विरुद्ध खोप प्र दान गरिएको छ।समग्रमा ३ लाख १२ हजारभन्दा बढी डोज खोप सेवा प्रदान गरी पशुधन संरक्षण तथा महामारी नियन्त्रणमा महत्वपूर्ण उपलब्धि हासिल गरिएको छ ।

**महामारी नियन्त्रण तथा आकस्मिक प्रतिकार्य**

- खोरेत, लम्पी स्किन, पि.पि.आर लगायत महामारीजन्य पशु रोगहरूको निगरानी, परीक्षण, नियन्त्रण, द्रुत प्रतिकार्य तथा उपचार कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । नगरपालिकाको पशुपन्छी तथा

सर्भिलेन्स प्रोफाईल निर्माण तथा नियमित ईपिडिमिओलोजिकल रिपोर्टिङ प्रणाली सञ्चालन गरि महामारी निगरानी प्रणालीलाई संस्थागत गरिएको छ ।

- पशु सम्बन्धी जैविक प्रकोप व्यवस्थापन कार्यक्रममार्फत प्रभावित कृषकलाई राहत तथा क्षतिपूर्ति सहयोग उपलब्ध गराइएको छ ।

**पशुपालन प्रवर्द्धन तथा अनुदान कार्यक्रम**

- पशुधनको नश्ल सुधार तथा उत्पादन वृद्धि गर्न ३३ वटा उन्नत बोका, ९ वटा राँगा तथा २०० वटा पाठी वितरण गरिएको ।
- स्थानीय कुखुरापालन प्रवर्द्धनका लागि ६,८०० वटा चल्ला वितरण गरिएको तथा स्थानीय कुखुरा, कालिज र टर्की प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको ।
- व्यवसायिक पशुपालन विकासका लागि गाई पकेट विकास, बाखा प्रवर्द्धन, पाडा प्रवर्द्धन तथा काल्फ/बफेलो होस्टेल कार्यक्रम सञ्चालन गरी कृषक तथा पशुपालक फर्महरूलाई प्रत्यक्ष लाभान्वित गरिएको ।
- पशुपालन व्यवसायको आधुनिकीकरणका लागि १८ वटा च्याफकटर वितरण, १३४ कृषकको गोठ/खोर सुधार, दुग्ध संकलन केन्द्र, डेरी तथा मासु पसल सुधार कार्यक्रम सञ्चालन गरिएको ।
- पशु आहारा व्यवस्थापनका लागि १०,००० सेटभन्दा बढी घाँस तथा डालेघाँसका बेर्ना र १,५५० के.जी. जै घाँसको बीउ वितरण गरिएको तथा हरियो घाँस विस्तार कार्यक्रम कार्यान्वयन गरिएको ।

**कुकुर व्यवस्थापन तथा जनस्वास्थ्य संरक्षण**

- रेबिज रोग नियन्त्रण तथा जनस्वास्थ्य संरक्षणका लागि नियमित खोप तथा सचेतना कार्यक्रम सञ्चालन गरिनुका साथै गत दुई आर्थिक वर्षमा कुल ३१२ वटा सामुदायिक तथा छाडा कुकुरको बन्ध्याकरण गरिएको छ ।

**बीमा, सिफारिस तथा परामर्श सेवा**

- फार्म दर्ता, कार्यक्रम सिफारिस, बीमा दाबी सिफारिस ,अन्य प्राविधिक सिफारिस तथा परामर्श सेवा प्रदान गरिएको छ ।

**तालिम, क्षमता विकास तथा उद्यमशीलता प्रवर्द्धन**

- पशुपन्छी पालन, पशु बीमा, पशु व्यवस्थापन तथा व्यवसायिक पशुपालन सम्बन्धी विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी कुल १,८०० भन्दा बढी कृषक, युवा तथा प्राविधिकलाई क्षमता विकास सेवा प्रदान गरिएको छ। साथै स्थानीय स्तरमा पशु स्वास्थ्य सेवा सुदृढ गर्न १९ जना ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तयार गर्नुका साथै २३ जना निजी पशु स्वास्थ्य प्राविधिकलाई सुचिकृत गरि क्षमता अभुवृद्दि तालिम प्रदान गरिएको छ ।

**संरचना विस्तार तथा नवप्रवर्तन**

- वडा नं. ३ रमाइलोचौरमा उपचार, प्रयोगशाला, परामर्श तथा बीमा दाबी सिफारिस सेवा उपलब्ध हुने गरी पशु सेवा केन्द्र स्थापना गरिएको छ ।
- निजी पशु स्वास्थ्य सेवा प्रणालीलाई व्यवस्थित तथा कृषकमैत्री बनाउन निजि पशु प्राविधिकलाई सुचिकृत गरि सरकारी-निजि साझेदारी मार्फत सेवा प्रवाह व्यवस्थित गर्ने कार्य सुरुवात गरिएको ।
- पशुपालक कृषकहरूको सूचिकरण सम्पन्न गरी नगरस्तरीय पशुपालन तथ्याङ्क तथा डिजिटल अभिलेख प्रणाली विकास गरिएको ।
- मोबाईल सन्देश SMS मार्फत कृषकहरूलाई सूचना, कार्यक्रम तथा अवसरहरूको जानकारी प्रवाह गर्ने प्रणाली थालनी गरिएको ।
- महामारी निगरानी, रोग प्रतिकार्य तथा पशुपन्छी सेवा प्रवाह प्रणालीलाई संस्थागत गरिएको ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**१८) फोहोरमैलाको दिगो व्यवस्थान/वातावरण संरक्षणः** हिमालय बातावरण संरक्षण प्रा.लि.को साझेदारीमा आर्थिक वर्ष २०७७।०७८ देखी नगरपालिका क्षेत्र भित्र उत्सर्जन तथा संकलन भएका फोहोरमैलाहरुलाई संकलन र व्यवस्थापन गरिएकोमा फोहोमैला व्यवस्थापनलाई आन्तरिक आयको स्रोतका रुपमा रुपान्तरण गरी बढाबढमा ई-विडिडको माध्यमबाट आ.व. २०८१।०८२ देखी आ.व.२०८३।०८४ सम्म ३ आर्थिक वर्षको २२ लाख ८२ हजार ८ सय पचास रुपैयाँ ८३ पैसा नगरपालिकालाई बुझाउने गरी शिरीषा एण्ड सुजा कन्स्ट्रक्सनसँग सम्झौता गरी फोहोरमैला संकलन र व्यवस्थापनको कार्य गराइएको छ । फोहोरमैलाको दिगो व्यवस्थापनका

लागि नगर क्षेत्रभित्र उत्सर्जन तथा संकलन भएका फोहोरमैलाहरुलाई कुहिने र नकुहिने गरी फोहोरमा बर्गिकरण गरी कुहिने फोहोरहरुलाई दिगो रुपमा व्यवस्थापन गर्ने गरी धुनिवेशी नगरपालिका वडा नं.९, जुगेडीमा जैविक मल कारखाना संचालन गर्न ट्रस भवन निर्माण गरिएको र उक्त जैविक मल कारखाना संचालनका लागि प्रदेश सरकारसँग सम्झौता भईसकेको छ। क्लाइमेट फ्युचर चाइनाको आर्थिक एवं ग्रिनोभा कन्सल्टिङ प्रा.लि.को प्राविधिक सहयोगमा नगर क्षेत्र भित्रका सबै वडामा बसोबास गर्ने र दाउराको मात्र प्रयोग गरी खाना पकाउने व्यक्ति एवं परिवारहरुका लागि सफा उर्जामा खाना पकाउने धुवाँ रहित चुल्हो ४ हजार ६ सय थान वितरण गरिएको छ। वितरित धुवाँ रहित चुल्होका कारण गृहणीको स्वास्थ्यमा सुधार आई वातावरणीय सन्तुलनमा समेत योगदान पुग्नेछ।

१९) **साँस्कृतिक सम्पदा पर्यटन र संस्कृति संरक्षण:** धार्मिक तथा ऐतिहासिक स्थलहरूको संरक्षणका लागि मन्दिर, गुम्बा, चर्च, क्रियापुत्री भवन, मरणघाट, पाटीपौवा, चौतारा, भ्यू-टावर, पार्क उद्यान निर्माण गरिएका छन्। वडा नं. ५ को अमलेचौरमा धुनिवेशी पार्क, वडा नं.८ को खर्के डाँडामा पिकनिक स्पोर्ट, वडा नं.७ को दोभानमा तिनछाँगे झरना, वडा नं.१ को झ्याम्पल झरना, तोप्लाङ स्थित तोप्लाङ भ्यूटावर, वडा नं.९ को निसाकोटमा निसाकोट बाल उद्यान र पिकनिक स्पोर्ट निर्माण गरिएको छ, भने वडा नं.५ मा औद्योगिक ग्राम निर्माणको कार्य अगाडी बढाइएको छ। समग्र नगरको पर्यटन गुरुयोजना निर्माणको तयारी भइरहेको छ। बडा दशैको सातौ दिन फुलपातीको दिन गोरखा दरवारको दशै घरबाट काठमाण्डौं हनुमान ढोका दरबार सम्म फुलपाती भित्र्याउने ऐतिहासिक परम्परा छ। उक्त परम्पर अनुसार फुलपातीको दिन विहान शुभ साईतमा पुजा अर्चना गरी सुसारेहरुले फुलपाती सहितको डोली गोरखा, नुवाकोट हुँदै धादिङको जिवनपुर स्थित कोटाकालिका मन्दिर सम्म ल्याउने र हनुमान ढोकाबाट बोका, भैंडा सहित अघिल्लो दिन वेलुका कोटाकालिका देवी मन्दिरमा आई बसेका पुजारीहरुले वैदिक परम्परा अनुसार कोटाकालिका मन्दिरमा नित्य पुजा पाठ गरी गोरखाबाट पैदलमार्ग हुँदै ल्याएको फुलपातीको डोलीलाई पुजा आजा गरी (पर्सिई) विश्राम गराई बाजागाजा सहित हर्षवढाईका साथ काठमाण्डौंको जमल हुँदै हनुमानढोकाको दशैं घरसम्म फुलपाती लैजाने ऐतिहासिक परम्परालाई पुनस्थापित गरीएको छ। कालिदेवि मन्दिर, सेतिदेवि मन्दिर, गोरखनाथ मन्दिर, कोटकालिका मन्दिर, बच्छलादेवि, गोरखानाथ बाबा धाम, महेशनारायण गुफा लगाएत स्थानीय पौराणिक तथा ऐतिहासिक धार्मिक स्थलहरुको सम्वर्धन गरी आन्तरिक पर्यटन सर्किट निर्माण गरिनेछ।

२०) **न्यायिक समितिः-** "न्याय पाउने सबैको अधिकार, न्यायिक समितिले पुऱ्याउँछ ध्यान विचार" नेपालको संविधान २०७२ को धारा २१७ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ ले दिएको अधिकारको सिमा भित्र रही विवादहरुको निरुपण गर्ने साझा थलो र "शितल चौतारी"का रुपमा न्यायिक समितिलाई संस्थागत गरिएको छ। न्यायिक समितिबाट हाल सम्म भए गरेका कार्यप्रगति निम्नानुसार रहेको छ।

- जम्मा उजुरी दर्ता संख्या ११८ वटा
- फछ्यौट भएको उजुरी १०९ वटा
- फछ्यौट हुन बाँकी रहेको उजुरी ९ वटा

**सर्भे/नापी**

- कार्यालयको आदेशानुसार विवादित, सरकारी, सार्वजनिक र व्यक्तिगत जग्गाको साँध सिमाना छुट्याउन र घरबाटोको सिफारिसका लागि फिल्डमा गई नाँप जाँच गरिएको।
- नक्सा पास/अभिलेखीकरणका लागि फिल्ड नाँपजाँच गरी प्रतिवेदन पेश गरिएको।
- धुनिवेशी नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी आधार तथा मापण्ड-२०८० तयार गरी जिल्ला मालपोत/नापी कार्यालय तथा बागमती प्रदेश भू-उपयोग परिषद समक्ष पेश गरिएको।
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासीहरुलाई प्रक्रिया पुरा गरी मापदण्ड बमोजिमको जग्गा वितरण कार्य अन्तिम चरणमा पुगेको, अव्यवस्थित बसोबासीहरुको विवरण अनलाइन इन्ट्री गरिसकिएको छ।
- नगरपालिका र मातहतका कार्यालयहरुको डिटेल सर्भे सहित लेभलिङ सर्भे सम्पन्न गरेको।
- भू-उपयोग ऐन तथा नियमावली अनुसार भूमिको वर्गिकरण सम्बन्धी कार्य सम्पन्न गरिएको।

**सहकारी**

- नगरक्षेत्र भित्रका कृषि पेशामा संलग्न युवाहरुलाई कृषि उद्यमशिलताका लागि नगरपालिकाबाट विनियोजित रकम मध्येबाट ५ वर्षमा ऋण रकम फिर्ता गर्ने सर्तमा ३ वटा सानाकिसान सहकारी संस्था मार्फत ३ प्रतिशत व्याजदरमा १०० जना युवाहरुलाई कृषि उद्यमशिल कर्जा वितरण गरिएको।

- सहकारी बजार विकास कार्यक्रम मार्फत धुनिवेशी नगरपालिका अन्तर्गतका कुखुरेचौर कृषि स.स.लि.,उदय कृषि वहूउद्देश्यीय स.सं.लि., उत्प्रेरणा महिला कृषि स.सं.लि र श्री कालीदेवी महिला विकास वहु.स.सं.लि.सहकारीलाई बिचौलिया प्रणालीको अन्त्य गर्ने र कृषकहरूको उत्पादन सिधै बजारसम्म पुऱ्याउने कार्यका लागि सहजीकरण गरिएको छ ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा विवरणहरू अद्यावधिक (Update) गर्न सहजिकरण गर्ने उद्देश्यका साथ (COPOMIS) तालिम सञ्चालन भएको छ ।
- छत्रेदेउराली साना किसान कृषि स.सं.लि. सँग प्रदेश सहकार र यस नगरपालिकाको समन्वयमा किसानहरुलाई ५० प्रतिशत अनुदानमा कृषि सामग्रीहरु वितरण भएको ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**२१) नगर प्रहरी सेवाः** नगर प्रहरी सेवामा नगरप्रहरी सहायक निरिक्षक-१, नगर प्रहरी जवान ६ गरी परिचालित जनशक्ति ७ जना रहेको छ । सिमित स्रोत र साधनहरुको बाबजुद पनि नगर प्रहरी परिचालनबाट प्राप्त भएका कार्यउपलब्धिहरु निम्नानुसार रहेको छ ।

- प्रशासकीय भवन र नगरक्षेत्र भित्र संचालन हुने सभा, समारोह, गोष्ठी, जात्रा, खेलकुद प्रतियोगिताहरुमा सुरक्षा व्यवस्था मिलाइएको ।
- सडक दुर्घटनामा परेका नागरिकहरु उद्धार गरिएको ।
- नगरपालिकाबाट पत्राचार भएका चिठी/पत्र तथा न्यायिक समितिबाट जारी भएको म्याद तामेली गर्ने गरिएको ।
- फोहोरमैला व्यवस्थापनका तथा व्याक हो लोडर परिचालनमा आवश्यक निगरानी एवं नियमित रुपमा अनुगमन गरी रिपोर्टिङ गरिरहेको ।
- अवैध रुपमा सञ्चालित खानीहरुको अनुगमन गरी सत्यतथ्य व्यहोरा सहित रिपोर्टिङ र प्रतिवेदन पेश गरिरहेको ।
- बजार क्षेत्रमा सञ्चालनमा रहेका होटल व्यवसायहरुको अनुगमन गरी रिर्पोटिङ गरिहेको ।
- सडक क्षेत्रमा छाडा रुपमा छाडिएका पशु चौपायहरु र सडक दुर्घटनामा परेका पशु चौपाय र कुकुरहरुको व्यवस्थापनको कार्य भईरहेको छ ।
- नक्सा पास नगराई वा मापदण्ड विपरित निर्माण भईरहेका भवन तथा भौतिक संरचनाहरुको अनुगमन गरी निर्माणमा रोक लगाउने कार्य भइरहेको छ ।
- बजार अनुगमन टोलिको सुरक्षा र नो पार्किङ क्षेत्र र फुटपाथ व्यवस्थापन
- नगरपालिकाले तोकेको कर शुल्क, दस्तुर वा जरिवाना असुलिमा प्रशासनिक सहयोग पुऱ्याएको ।
- सेवाग्राहीहरुको सन्तुष्टि र गुनासो पहिचान गर्न सेवाग्राही बर्हिगमन (Exit Poll) सर्भेक्षण फारम भराउने काम गरिरहेको छ ।
- मदिरा सेवन र हो हल्ला नियन्त्रणको कार्य गरिरहेको छ ।

**२२) भगिनी सम्बन्धः** अन्तर्राष्ट्रिय संघ-संस्था एवं अन्य पालिकाहरूसँग भगिनी सम्बन्ध कायम गरी अनुभव आदानप्रदान र भाइचाराको विकास गरिनेछ ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**अव म आ.व.२०८३।०८४ को नीति, कार्यक्रम तथा बजेट तयार गर्ने क्रममा लिएका आधारहरु प्रस्तुत गर्दछु ।**

१) नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली, संविधानमा व्यवस्था भए बमोजिम अनूसूची ८ मा उल्लेखित एकल अधिकार तथा अनूसूची ९ मा उल्लेखित साझा अधिकारको सूची,
२) सङ्घीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
३) सङ्घीय सरकारले अवलम्वन गरेका आर्थिक एवम् वित्तिय नीतिहरु ।
४) प्रदेश सरकारले लिएका आर्थिक एवम् वित्तिय नीतिहरु,
५) "समृद्ध धुनिवेशी, सुखी नगरवासी"को अभियान सफल पार्न अवलम्वन गरिएका कार्यनीति एवम् कार्य योजना ।
६) स्थानीय सरकार संचालन ऐन तथा अन्य कानूनी प्रावधानहरु,
७) विषयगत शाखा एवम् वडा कार्यालयहरुबाट प्राप्त, प्रस्ताव एवम् कार्ययोजना

८) नगरवासीहरुबाट प्राप्त राय, सल्लाह, सुझाव, प्रतिक्रिया एवम् मार्ग निर्देशन
९) सरकारी एवम् गैर सरकारी संघ, संस्था, संचारकर्मी, बुद्धिजिवी जगतबाट प्राप्त राय, सल्लाह सुझाव एवम् अध्ययन प्रतिवेदनहरु,
१०) निर्वाचनका क्रममा जारी गरिएका संयुक्त चुनावी घोषणा पत्र ।
११) धुनिवेशी नगरका नागरिकहरु समक्ष गरिएका प्रतिवद्धता ।
१२) नगरको आवश्यकता, सम्भावना, अवसर, नगरपालिकाको श्रोत साधन परिचालन गर्न सक्ने क्षमता एवम् उपलब्ध जनशक्ति ।
१३) राजनैतिक दल, नागरिक समाजका प्रतिनिधि, उद्योगी, व्यापारी, पौरखी किसान, सहकारी क्षेत्रमा क्रियाशिल व्यक्तित्व, महिला दिदी वहिनीहरुको समूह एवम् सञ्जालबाट प्राप्त राय, सल्लाह र सुझावहरु ।
१४) धुनिवेशी नगरका नगरसभा सदस्यज्यूहरुबाट प्राप्त राय, सल्लाह, सुझाव एवम् मार्गदर्शन ।
१५) संघीय सरकारले स्वीकृत गरेको सोह्रौं पञ्चवर्षिय योजना ।
१६) धुनिवेशी नगरपालिकाको आवधिक योजना ।
१७) धुनिवेशी नगरपालिकाको मध्यमकालिन खर्च संरचना ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**अव म आ.व.२०८३।०४ को नीति, कार्यक्रम तथा बजेटको प्राथमिकता प्रस्तुत गर्दछु ।**

१) दिगो सडक पूर्वाधारको विकास एवम् रणनीतिक महत्वको क्षेत्रमा लगानी विस्तार,
२) भ्रष्ट्राचार नियन्त्रण, सुशासन, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता सार्वजनिक जवाफदेहिता,
३) कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूत,
४) कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, बजारीकरण, रोजगारी सिर्जना एवम् गरिवी न्यूनिकरण र जिवनस्तरमा सुधार,
५) आर्थिक विकास, सामाजिक न्याय, विकासका प्रतिफलको न्यायपूर्ण वितरण,
६) एकल महिला, जेष्ठ नागरिक, अपाङ्ग, असहाय र दलित बालबालिकाको हितको संरक्षण,
७) शिक्षा क्षेत्रको गुणस्तर सुधार, अनिवार्य तथा निःशुल्क शिक्षामा जोड दिने, सर्वसुलभ एवम् गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रदान, सिपमुलक जीवनोपयोगी व्यवसायिक शिक्षामा लगानी,
८) बाढी पहिरो तथा भू-क्षय नियन्त्रण, खोला तटवन्ध निर्माण विपद् व्यवस्थापन,
९) नगरवासीको जिवनस्तरमा सुधार, आय आर्जनमा वृद्धि, रोजगारी सिर्जना,
१०) खानेपानी तथा सरसफाई सेवा सुविधामा विस्तार, पौराणिक, साँस्कृतिक एवम् धार्मिक स्थलहरुको पहिचान संरक्षण, पुर्ननिर्माण एवम् व्यवस्थापन,
११) सूचना प्रविधिको विकास, विस्तार र पहुँचमा अभिवृद्धि,
१२) लैङ्गिक समानता, समावेशीकरण र सामाजिक न्याय, आर्थिक विकास, उपलब्ध स्रोत साधन एवम् अवसरको न्यायपूर्ण वितरण,
१३) संस्थागत संरचना निर्माणलाई पूर्णता दिने स्रोत साधन सम्पन्न बनाउने,
१४) स्थानीय ज्ञान, सिप, क्षमता, प्रविधि र पूँजीको भरपुर उपयोग, परिचालन, विकास एवम् विस्तार,
१५) आवास तथा शहरी विकास कार्यक्रम संचालन वैकल्पिक शहरको निर्माण,
१६) दिगो विकास, वन तथा वातावरणको संरक्षण र सन्तुलन,
१७) औद्योगिक ग्राम स्थापना,

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**अव म आ.व. २०८३।०८४ को नीति, कार्यक्रम तथा बजेटको उद्धेश्यहरु प्रस्तुत गर्दछु :-**

१) पुर्वाधारको दिगो, योजनावद्ध, गुणस्तरीय र वातावरणमैत्री विकास मार्फत नागरिकको जीवनयापनमा सहजता प्रदान गर्ने ।
२) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईको क्षेत्रमा लगानी बढाई गुणस्तर कायम गर्ने, प्राविधिक ज्ञान सिप क्षमतामा अभिवृद्धि गर्ने, जिवन उपयोगी र रोजगारमुलक व्यवसायिक शिक्षामा जोड दिने, स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरयुक्त बनाई पहुँच अभिवृद्धि गर्ने, गुणस्तरयुक्त खानेपानी सेवा उपलब्ध गराउने ।
३) कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, बजारीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारी सिर्जना गर्ने, कृषि पेशा एवम् व्यवसायलाई गौरब र मर्यादित पेशा एवम् व्यवसायको रुपमा अगाडी बढाउन व्यवसायिक यूवा र पौरखी किसानलाई प्रोत्साहन गर्ने ।

४) सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो चुस्त, दुरुस्त, सवल सक्षम, प्रभावकारी, पारदर्शी बनाई सुशासनयूक्त नगरपालिका निर्माण गरी सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने ।

५) आन्तरिक पर्यटन प्रवर्धन, प्रचार प्रसार, ऐतिहासिक, पौराणिक, साँस्कृतिक, धार्मिक स्थलहरुको संरक्षण र सर्म्वधन विकास एवम् विस्तार गर्दै सर्वसाधारण जनताको आयमा सुधार गर्ने, धुनिवेशी नगरपालिकाको पर्यटकिय गन्तव्य स्थलको रुपमा विकास गरी उच्च एवम् श्रेष्ठतम् पहिचान हाँसिल गर्ने ।

६) उपलब्ध स्रोत साधन, अवसर एवम् क्षमताको उच्चतम् परिचालन र उपयोग गरी आर्थिक विकास, पुर्वाधार विकास एवम् विस्तार गर्ने ।

७) महिला, बालबालिका, जेष्ठ नागरिक एवम् अपाङ्ता भएका व्यक्तिको हितलाई ध्यानमा राखी संरक्षण गर्ने ।

८) राज्यको मुलधारबाट पछाडी परेका जाति, वर्ग, लिङ्ग एवम् सम्प्रदायलाई सामाजिक न्याय, लैङ्गिक समानता, सामाजिक समावेशीकरण मार्फत राज्यको मूलधारमा समावेश गर्ने ।

९) सामाजिक र साँस्कृतिक विकासलाई गतिशिलता प्रदान गर्ने, भौगोलिक सन्तुलन कायम राख्ने र स्रोत, साधनको न्यायोचित वितरण गर्ने, धुनिवेशी नगरपालिकाको सर्वाङ्गीण विकासका लागि रणनीतिक एवम् आर्थिक महत्वको सडकहरुको सञ्जाल निर्माण हुने गरी दिगो सडक पूर्वाधार तयार गर्ने, नगर क्षेत्रको वरिपरी चक्रपथ निर्माण गरी नगरवासीहरुको लागि सहजरुपमा पहुँच मार्गको निर्माण एवम् विस्तार गर्ने, दिगो विकास एवम् पूर्वाधार निर्माणमा जनसहभागिता र समानता कायम गर्ने ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

अव म धुनिवेशी नगरपालिकाले विगत र चालु आ.व.मा अवलम्बन गरेका नीतिहरुलाई निरन्तरता दिँदै आगामी आ.व.का लागि प्रस्तावित नयाँ नीति तथा विषय क्षेत्रगत कार्यनीतिहरु सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

**<u>संस्थागत विकास, सार्वजनिक सेवा प्रवाह र सुशासन सम्बन्धी नीति</u>**

- प्रमुख प्रशासकीय अधिकृत, पूर्वाधार शाखा प्रमुख, योजना शाखा प्रमुख र वडा सचिवहरुका विचमा कार्य सम्पादन सम्झौता गराई तोकिएको समय सिमा भित्र कार्य सम्पादन गर्ने पद्धतिको विकास गरी कार्यकुशलता र कार्यसम्पादन स्तरमा सुधार गरिनेछ । विषयगत शाखाहरुले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुखलाई मासिक रुपमा प्रगति विवरण पेश गर्ने पद्धतिको विकास गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निस्पक्ष, पारदर्शी, भ्रष्ट्राचारमुक्त, जनउत्तरदायी र सहभागीतामुलक बनाउँदै सेवा प्रवाहमा समान र सहज पुहँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिनेछ ।
- सेवाग्राहीहरुको सन्तुष्टि र गुनासो पहिचान गर्न सेवाग्राही वर्हिगमन/सर्भेक्षण फारम भराई गुनासो आएको देखिएमा तत्कालै गुनासो सम्वोधन गरिनेछ ।
- सेवा प्रवाहमा थप प्रभावकारीता ल्याई सुशासन कायम गर्न, गुणस्तरीय सेवा प्रदान गर्न, कार्यजिम्मेवारी प्रति लगाव सिर्जना गर्न, नतिजामुलक उपलब्धी हाँसिल गर्नका लागि नतिजामा आधारित कार्यसम्पादन एवम् प्रोत्साहन प्रणाली अवलम्वन गरिने छ । कर्मचारीहरुको कार्यव्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आचारसंहिताको पालनालाई कडाईका साथ लागू गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका सार्वजनिक सम्पतिहरुको रेखदेख, संरक्षण, सम्वर्धन एवम् नियमित मर्मत सम्भारका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- सरकारी जग्गाको डिजिटल प्रविधिबाट नापजाँच गराई संरक्षण गरिनेछ ।
- नगरपालिकामा भएका निर्णय एवम् खर्चहरुलाई विद्युतिय माध्ययमबाट अभिलेखीकरण गरी मासिक रुपमा सार्वजनिक गरिनेछ ।
- नगर भित्र करार सेवामा कार्यरत कर्मचारीहरुको वृति विकासलाई ध्यानमा राख्दै संचयकोषमा आवद्ध गरी नगरपालिकाको तर्फबाट संचयकोषमा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिई संघीय सरकारले तोके बमोजिमको तलबस्केल, महंगी भत्ता र प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।
- कर्मचारीको हाजिरी, नियमितता र अनुशासन पालनाका लागि दैनिक हाजिरीलाई पेरोलसँग एकिकृत गरी मासिक तलब एवम् पारिश्रमिकको रकम भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।
- सबै कार्यालयहरुमा सि.सि. टिभी जडान गरी सेवा प्रवाहको अवस्थालाई प्रत्यक्ष रुपमा निगरानी गरिनेछ ।
- सेवा प्रवाहमा टोकन प्रणाली (फर्स्ट कम, फर्स्ट सर्भिस) को सेवा शुरुवात गरिनेछ । हेल्प डेस्क स्थापना/सञ्चालनको व्यवस्था मिलाईने छ ।

- डिजिटल प्रविधिको विकास र विस्तार गरी अभिलेखीकरण र सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ। नगरपालिका मातहतका कार्यालयमा सुचना अधिकारीको व्यवस्थालाई निरन्तरता दिई सुचनाको हक कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।
- O&M सर्भे अनुसार कायम भएको दरवन्दीमा पदपूर्ती गरिनेछ ।
- जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम, सेमिनार र गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपन्न लक्षित समूहका लागि आयमूलक तथा सीपमूलक कार्यक्रम गैरसरकारी संस्था समेतको समन्वय र साझेदारीमा सञ्चालन गरिनेछ ।
- नगरपालिका वा अन्तरगंत वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्यालय प्रति जवाफदेही वनाउन र आन्तरिक आम्दानी वृद्धि लगायत नगरपालिकाको अभिलेख व्यवस्थापन गरी सहज रुपले कार्य संचालन गरी शुसाशन कायम गर्न विशेष योगदान दिने जनप्रतिनिधि र कर्मचारीलाई नगरपालिका स्थापना दिवसका अवसरमा सम्मान एवम् पुरस्कार दिने कार्यको शुरुवात गरिनेछ ।
- नगरपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुका लागि आवश्यक भौतिक पुर्वाधार एवम् जनशक्ति व्यवस्थापनको कार्य गरी संस्थागत संरचनालाई पुर्णता दिइनेछ । नगर प्रोफाईल अध्यावधिक गरिनेछ
- न्यायिक समितिबाट सम्पादन हुने न्यायिक निरुपणको कार्यलाई चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउन न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास गरिने छ ।
- न्यायिक समितिलाई थप पुर्वाधार युक्त बनाइ दक्ष जनशक्तिको व्यवस्था गरी छिटो, छरितो न्याय सम्पादन गरिनेछ । मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने पद्धतिको विकास गरी स्थानीय स्तरबाटै प्रत्यक्ष रुपमा न्यायको अनुभूत हुने गरी सम्वद्ध सरोकारवाला पक्षलाई प्रशिक्षित गर्दै अझ बढी सक्रिय बनाइनेछ ।
- जनतासँग जनप्रतिनिधि, जनतासँग मेयर, उपमेयर तथा बस्ती बस्तीमा मेयर कार्यक्रमलाई अगाडी बढाइने छ ।
- संघीय सरकार तथा प्रदेश सरकारको सर्शत अनुदान संचालन निर्देशिकामा सहभागी भत्ता पाउने उल्लेख भएका वाहेक अन्य तालिम, गोष्ठि, समिक्षा लगायतका कार्यक्रम संचालन गर्दा सहभागी भत्ता प्रदान गरिने छैन । कार्यालय समयमा नगरपालिकाका कर्मचारीलाइ प्रशिक्षक भत्ता उपलब्ध नगराउने नीति अवलम्वन गरिने छ ।
- प्रयोगमा आउन नसकेका, काम नलाग्ने भई बेकम्मा भएका जिन्सी सामाग्रीहरुको लिलाम विक्रि गरी, जिन्सी निरिक्षण गरिनेछ ।
- नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय उपभोक्ता समिती लगायत सवै निकायले आर्थिक कारोवार गर्दा नगरपालिकामा दर्ता भएका र आ.व. २०८१।८२ सम्म कर चुक्ता भएका पसल, व्यवसायी तथा उद्योगीसँग मात्र आर्थिक कारोबार गर्नुपर्ने नीति अवलम्वन गरिने छ ।
- भष्ट्राचार र अनियमितता विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ। बेरुजु र अनियमितता रोक्न स्थानीय सदाचार नीति र कानून बनाई कार्यान्वयन गरिनेछ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईने छ ।

**<u>स्वास्थ्य नीति</u>**

- "सवै नीतिमा स्वास्थ्य (Health in All Policies) भन्ने मान्यता लाई स्थापित गर्न कार्यक्रम योजना तर्जुमा गर्दा स्वास्थ्य नीतिलाई हरेक कार्यक्रमहरुमा समेटिने गरी योजना तर्जुमा गरिनेछ ।
- यस नगरको भौगोलिक वनावट अनुसार हाल संचालनमा रहेका स्वास्थ्य संस्थाहरुबाट मात्र सेवा प्रदान गर्दा कतिपय ठाँउका नागरिकहरु सेवा प्राप्त गर्नबाट वञ्चितीमा परेको हुदाँ हरेक नागरिकहरुको आधारभुत स्वास्थ्य सेवामा पहुँच पुर्‍याउन स्वास्थ्य सेवाका इकाईहरु थप स्थापना गरी अधारभुत स्वास्थ्य सेवा सहज रुपमा प्रदान गरिनेछ ।
- हाल बढ्दै गरेको नसर्ने तथा मानसिक रोगहरुको प्रभाव न्यूनिकरण गर्नको लागि समुदाय तहसम्म जनचेतना मूलक स्वास्थ्य अभियानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- समुदायमा रहेका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुले सहज रुपमा स्वास्थ्य सेवा प्राप्त गर्न सकुन भनी घरदैलोमा नै गई स्वास्थ्य परीक्षण, परामर्श एवम् औषधी उपचार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिका भित्र सञ्चालनको तयारीमा रहेको नगर अस्पताललाई नगरपालिकाले अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवा लिनको लागि अन्यत्र धाउनु पर्ने अवस्थाको अन्त्य भएको सुनिश्चितता हुने गरी घोषित नीति बमोजिम आधारभुत नगर अस्पतालबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय, भरपर्दो र विश्वनीय रुपमा प्रदान गर्न स्वास्थ्यकर्मी सेवा प्रदायकहरुलाई विविध किसिमको तालिम प्रदान गरी दक्ष बनाइनेछ ।
- आमा तथा नवजात शिशु कार्यक्रमलाई प्रभावकारी रुपमा प्रदान गर्न नौबिसे, छत्रेदेउराली र जीवनपुरमा रहेको बर्थिङ सेन्टरहरुको प्रवर्धन/स्तरोन्नती गरी सेवा प्रदान गरिनेछ ।
- बर्थिङ सेन्टर रहेको स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलाहरुलाई जाउलो र भित्रि कपडा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका कार्यक्रमलाई प्रभावकारी बनाउन, प्रोत्साहित गर्ने, क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गर्ने साथै अवलोकन भ्रमण गराउने र उमेर हद नाघेका महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुलाई नगद सम्मानका साथ विदाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका कोष सञ्चालन व्यवस्थापनको लागि अनुदानको व्यवस्था गरिएकोछ ।
- अन्तराष्ट्रिय स्वास्थ्य स्वयम सेवक दिवस डिसेम्बर ५ तारिखका दिन नगर स्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयम् सेवक दिवस तथा अन्य स्वास्थ्य दिवसहरु मनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- आ.व.२०७९।०८०बाट सञ्चालित विशेषज्ञ चिकित्सकिय स्वास्थ्य सेवा कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।
- जटिल रोग लागेका विपन्न नागरिकहरु तथा अन्य  रोग लागेका विपन्न नागरिकहरुलाई उपचार सहयोग कार्यक्रम मार्फत आर्थिक सहयोग प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिका अन्तर्गत रहेका अस्पताल, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु,शहरी स्वास्थ्य केन्द्र र नागरिक आरोग्य सेवा केन्द्रबाट आम नागरिकहरुलाई नि:शुल्क रुपमा वितरण गरिने अत्यावश्यकिय सूचिकृत गरिएका औषधीहरु नियमित आपुर्ती गर्ने नीति लिईएकोछ ।
- यस नगरपालिका भित्र रहेका साविकका ३ वटा स्वास्थ्य चौकीहरुमा सञ्चालित प्रयोगशालाहरुबाट प्रदान भइरहेको प्रयोगशाला जाँच सेवालाइ गुणस्तरीय र भरपर्दो बनाउन प्रयोगशालाको प्रवर्द्धन स्तरोन्नती गरिनेछ साथै प्रयोगशाला जाँच सेवामा आवश्यक पर्ने रिएजेन्ट खरिद गर्न वजेटको व्यवस्था गरिएकोछ ।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवाहरु व्यवस्थित गर्न, स्वास्थ्य संस्थाहरुमा e–HMIS software जडान गरी, मासिक रुपमा डाटाहरुको भेरिफिकेशन गर्न, समिक्षा गर्न तथा ई-रिपोर्टिङ गर्न वजेटको व्यवस्था गरिएकोछ ।
- माहामारीको रुपमा फैलिन सक्ने रोगहरुको संक्रमण रोकथाम र नियन्त्रणको लागि रोगको सर्भिलेन्स गर्ने व्यवस्था गरिएकोछ ।
- आ.व. २०७८/०७९ बाट सञ्चालित 'नवजात शिशुसँग मेयर कार्यक्रम'लाई निरन्तरता दिइनेछ ।
- आ.व. २०७८/०७९ बाट सञ्चालित सुत्केरी आमासँग उपमेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य चौकीहरुबाट प्रदान भइरहेको स्वास्थ्य सेवाहरुको सामाजिक परिक्षण गरिनेछ ।
- नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठानसँगको साझेदारीमा प्राथिमक आँखा उपचार सेवा शुरु भएकोले यसलाई निरन्तरता दिईनेछ साथै यसै आ.व देखि दन्त उपचार सेवाको समेत शुरुवात गरिनेछ ।
- राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रममा आवध्द हुन नसकेका विपन्न नागरिकहरुलाई पहिलो पटकको एचभक्षफ बापतको रकम भुक्तानी गरी राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराईनेछ ।
- स्वास्थ्य सेवा प्रदायक स्वास्थ्यकर्मी/कर्मचारीहरुको मनोवल उच्च राख्न उत्कृष्ठ स्वास्थ्यकर्मी/कर्मचारीहरुको छनोट गरि पुरस्कार प्रोत्साहनको व्यबस्था गरिनेछ ।

- यस नगरपालिका अन्तर्गत रहेका तीनवटा स्वास्थ्य चौकीहरु र ६ वटा अधारभूत स्वास्थ्य सेवा केन्द्रहरु मध्ये एउटा स्वास्थ्य चौकी र एउटा अधारभूत स्वास्थ्य सेवा केन्द्र छनोट गरी नगर भित्रको नमूना स्वास्थ्य चौकी तथा अधारभूत स्वास्थ्य सेवा केन्द्र घोषणा गर्न पूर्वाधार तयार गरी  नमूना स्वास्थ्य चौकी तथा अधारभूत स्वास्थ्य सेवा केन्द्र घोषणा गर्ने नीति लिईएकोछ ।
- नौविसे स्वास्थ्य चौकीबाट थर्मल थेरापी सेवाको शुरुवात गरिएको र आ.व. ०८३।०८४ देखि छत्रेदेउराली र जिवनपुर स्वास्थ्य चौकीबाट पनि शुरुवात गरिने छ ।
- लक्षित वर्गका (जेष्ठ नागरिक, अपाङ्ता भएका ,कडा रोग लागेका विपन्न नागरिक, सुत्केरी महिलाहरुलाई) नागरिकहरुलाई निःशुल्क रुपमा तथा अन्य विरामीहरुलाई न्युनतम शुल्क लिई सहज रुपमा अस्पतालसम्म ल्याउने/लैजाने व्यवस्थाका लागि यस नगरपालिका अन्तर्गत स्वास्थ्य चौकीहरुबाट सञ्चालित एम्वुलेन्स सेवालाई नियमितता दिईएकोछ । आधारभुत स्वास्थ्य केन्द्र वडा नं.३ अन्तरगत संचालन हुने गरी १ वटा एम्वुलेन्स संचालनमा ल्याइनेछ ।
- पोषण मैत्री स्वास्थ्य संस्था तथा स्थानीय तह घोषणाका लागि पूर्वाधारहरु तयार गर्दै लगिनेछ ।
- उपभोक्ता हित संरक्षणका लागि खाद्य गुणस्तर निगरानी सम्बन्धी अभिमुखिकरण, बजार अनुगमन तथा खानेपानी गुणस्तर परीक्षण गर्ने नीति लिईएकोछ ।
- एक विद्यालय एक नर्स कार्यक्रम प्रभावकारी रहेकाले विद्यालय नर्सहरुलाई आफु कार्यरत विद्यालय बाहेक छिमेकी अन्य विद्यालयहरुमा आलोपालो मिलाई परिचालन गर्ने नीति लिईएकोछ ।
- महामारी तथा विपद व्यवस्थापनका लागि द्रुत प्रति कार्य टोली (Rapid Response Team) लाई तालिम प्रदान गरी दक्ष बनाई तयारी अवस्थामा राखिनेछ साथै स्वास्थ्य क्षेत्रको कन्टेन्जेन्सी प्लान तयार गरिनेछ ।
- यस नगरपालिका भित्र घरमा प्रसुती हुने अवस्थालाई अन्त्य गरी शुन्य होम डेलिभरीको सुनिश्चितता गरिनेछ ।
- स्वास्थ्य सेवालाई विशेषज्ञ सेवासँग जोड्नको लागि नगर अस्पतालमा टेलिमेडिसिन सेवाको शुरुवातको लागि केन्द्रिय अस्पतालहरुसँग समन्वय  गरिनेछ ।
- स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु विद्यालयमा उपस्थित भई छात्रछात्राहरुलाई प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवा बारे सकारात्मक व्यवहार परिवर्तन सञ्चार कार्यक्रम सञ्चालन गरिनेछ ।
- नागरिक आरोग्य सेवा कार्यक्रमलाइ स्वास्थ्यचौकीबाट समेत प्रदान गरींदै आइएकोमा यसलाइ निरन्तर रुपमा सञ्चालन गरिने ब्यवस्था गरिएको छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको यातायात खर्चमा नगरपालिकाले २००० प्रदान गर्दै आएकोमा २०८३ श्रावणबाट मासिक ३००० प्रदान गरिनेछ ।
- पोषण कार्यक्रम अन्तर्गत वृद्धि अनुगमन कार्यलाई प्रभावकारी बनाउन आमाहरुलाई प्रोत्साहन स्वरुप बेबि हेल्थ किट वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- घरमै थलिएर उपचार सेवाबाट बञ्चित रहेका नागिरकहरुलाइ स्वास्थ्यकर्मीहरुको उपस्थितीमा उपचारात्मक सेवा उपलब्ध गराउने ब्यबस्था गरिएको छ ।
- यस आ.व.मा नसर्ने रोगहरु जस्तै क्यान्सर, मुटु तथा मृगौलामा लाग्ने रोगहरु द्रुत गतिमा बढिरहेकोले सो को कारण पत्ता लगाइ उचित उपाए अवलम्वन गर्न बिषयविज्ञद्वारा अध्ययन अनुसन्धान गर्न बजेटको ब्यबस्था गरिएको छ ।

कृषि तर्फको नीति

- सामुदायिक स्तरमा प्राङ्गारिक मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ
- प्रत्येक वडामा सम्भाव्यताको आधारमा एक प्रमुख कृषि उत्पादनको विकास गरिनेछ ।
- व्यावसायिक तरकारी खेती विस्तारका लागि संरक्षित कृषि प्रविधि प्रवर्द्धन गरिनेछ ।
- माटो परीक्षण सेवा विस्तार गरी सन्तुलित मल तथा बाली व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ ।
- व्यावसायिक फलफूल बगैंचा स्थापना तथा विस्तारमा सहयोग गरिनेछ ।
- कृषि यान्त्रिकीकरण मार्फत उत्पादन लागत घटाई कृषि उत्पादकत्व वृद्धि गरिनेछ ।

- साना तथा भरपर्दो सिँचाइ प्रणालीको विकास र विस्तार गरिनेछ ।
- खाद्यान्न बालीका उन्नत बीउहरूको पहुँच कृषकसम्म सुनिश्चित गरिनेछ ।
- रैथाने बालीहरूको संरक्षण, उत्पादन तथा बजारीकरणलाई प्राथमिकता दिइनेछ
- कफी खेतीको व्यवसायीकरण र मूल्य शृङ्खला विकास गरिनेछ ।
- साना किसान लक्षित कृषि सामग्री तथा प्रविधिमा पहुँच वृद्धि गरिनेछ ।
- विषादी न्यूनिकरण गर्न एकीकृत बाली व्यवस्थापन (IPM) प्रविधिको प्रयोगलाई प्रवर्द्धन गरिनेछ ।
- नयाँ कृषि बाली तथा नविनतम् कृषि प्रविधिको परीक्षण र विस्तार गरिनेछ ।
- बाली रोग तथा कीरा व्यवस्थापनका लागि प्लान्ट क्लिनिक सेवा सञ्चालन गरिनेछ ।
- कृषकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम तथा गोष्ठी सञ्चालन गरिनेछ ।
- कृषि क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने कृषकलाई सम्मान तथा प्रोत्साहन गरिनेछ ।
- कृषकसँग प्रत्यक्ष प्राविधिक सेवा तथा परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- फलफूल तथा पुष्प स्रोत केन्द्रको सुदृढीकरण गरिनेछ ।
- बाँझो जमिनको उत्पादनमूलक उपयोगलाई प्रोत्साहन गरिनेछ ।
- जङ्गली जनावरबाट हुने बाली क्षति न्यूनीकरणका लागि उपयुक्त प्रविधि प्रयोग गरिनेछ ।
- सुरक्षित तथा जैविक कृषि उत्पादन प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।
- कृषक सूचिकरण तथा कृषि सूचना व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ ।
- कृषि कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली लागू गरिनेछ ।
- कृषि तथ्याङ्क अद्यावधिक गरी योजना निर्माणमा उपयोग गरिनेछ ।

पशु सेवा तर्फको नीति

- नगर पशु स्वास्थ्य सेवालाई थप प्रभावकारी र समान पहुँचमा पुर्याउन सेवा केन्द्र संचालन, रोग निदानको लागि आधारभुत प्रयोगशाला निर्माण, नगरमा रहेका पशु प्राविधिक जनशक्ति परिचालन एवं व्यवस्थापनको नीति अवलम्बन गरिनेछ ।
- निजि पशु स्वास्थ्य सेवालाई व्यवस्थित, कृषकमैत्री तथा थप प्रभावकारी बनाउन सो को आवश्यक नियमन तथा क्षमता अभिवृद्दीको कार्य अवलम्बन गरिनेछ ।
- पशु स्वास्थ्य सेवालाई प्रभावकारी र सर्वसुलभ बनाउन नियमित नि:शुल्क पशु शिविर संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगर भित्रका छाडा कुकुरको समस्या समाधान सहित जनस्वास्थ्य प्रवर्द्दन गर्न रेबिज खोप तथा बन्ध्याकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- व्यवसायिक मासु उत्पादन तथा दुग्ध उत्पादन गर्न बधशाला , मासु पसल तथा डेरी उद्योगलाई आवश्यक सुधार सहित स्वस्थ्यकर उत्पादनका लागि नियमन तथा आवश्यक अनुगमन कार्य संचालन गरिनेछ ।
- न्यून आय भएका बिपन्न लक्षित गरी पशुपालन सम्बन्धी आय आर्जनको कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- पशु पन्छीमा फैलिन सक्ने सरुवा तथा महामारी रोग नियन्त्रण व्यवस्थापन को लागि पुर्व तयारी, रोग निदान तथा रोकथामको कार्य संचालन गरिनेछ ।
- गाई भैंसी, बाख्रा, बंगुर लगायतका पशुहरूमा लाग्ने संक्रामक रोग विरुद्दको खोप कार्यक्रम संचालन गरिनेछ ।
- गाई भैंसीको नश्ल सुधार र उत्पादकत्व वृद्दीको लागि कृत्रिम गर्भाधानको कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- पशुपालक कृषकको लगानी सुरक्षा तथा जोखिम व्यवस्थापनका लागि पशुपन्छी बीमालाई प्रोत्साहन गरिनेछ र बीमाको पहुँच तथा सहभागिता अभिवृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**शिक्षा, यूवा तथा खेलकुद सम्बन्धी नीति**

- नगर प्रमुख शैक्षिक सुधार कार्यक्रमको सञ्चालन र नगर प्रमुख शैक्षिक सुधार कोषको स्थापना गरिनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउने कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।
- कम्प्युटर विषयको प्राविधिक विद्यालय विस्तारको नीति अवलम्बन गरिनेछ ।
- **"शिक्षामा सुधार प्रगतिको आधार"** भन्ने नारालाई चरितार्थ गर्दै शिक्षामा समय सापेक्ष लगानी बढाउदै लगिनेछ ।
- स्थानीय सरकार, समुदाय र विकासका साझेदारहरुसँगको सहकार्यबाट शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ ।
- बाल विकाससँग सम्बन्धित सिकाइ सामग्रीको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी त्यसलाई बालबालिकाको स्तर अनुरुप बनाइनेछ ।
- विद्यालयको अवस्था, शिक्षक दरबन्दी संख्या र साविकमा शिक्षक दरवन्दी नपाएका विद्यालयहरूलाई निश्चित मापदण्डको आधारमा नगरपालिकाको श्रोतबाट शिक्षकको व्यवस्थापन गरिएकोमा हाल विद्यालयहरूमा विद्यार्थी संख्या न्यून भई तह समायोजन तथा विद्यालयहरू मर्ज भईरहेको अवस्थामा आवश्यकता वाहेकका दरबन्दीहरू घटाउदै लगिनेछ।
- गुणस्तरीय शिक्षा प्रदान गर्न योग्य शिक्षक भित्राउन नगर अनुदानमा नियुक्त शिक्षकको समय सापेक्ष रुपमा सेवा सुविधा थप गरिनेछ।
- नगर शिक्षा समितिलाई क्रियाशील बनाइ शैक्षिक कार्यक्रम कार्यान्वयन र अनुगमन गर्न जिम्मेवार बनाईने छ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि त्रिपक्षीय (विद्यार्थी, शिक्षक र अभिभावक) उत्प्रेरणा तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरको शैक्षिक योजना निर्माण गरी शिक्षा क्षेत्रलाई व्यवस्थित बनाइनेछ ।
- लेखा सहायक, बालविकास सहजकर्ता र विद्यालय सहयोगीको लागि संघीय सरकारबाट प्रदान गरिदै आएको आधारभूत तलबमा नगर अनुदानबाट थप गरी पदनाम अनुसारको पारिश्रमिक भुक्तानि पाउने व्यवस्था मिलाइनेछ।
- शिक्षकहरुको पेशागत विकासको लागि माग तथा आवश्यकताको आधारमा छोटा अवधिका क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- विद्यालयको भौतिक पूर्वाधारको विकासमा सुधार गरिनेछ ।
- विद्यालयको व्यवस्थापन सुधार गर्न वि.व्य.स. र शिक्षक अभिभावक संघलाई जिम्मेवार बनाइनेछ ।
- विद्यालयको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धी अभिवृद्धिका लागि प्रधानाध्यापकहरुसँग कार्य सम्पादन करारको व्यवस्था लागु गरिनेछ ।
- कक्षा १२ सम्म निःशुल्क पाठ्यपुस्तक वितरण कार्यक्रमलाई सहजीकरण गरिनेछ ।
- दलित, छात्रा, गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि आवश्यकताका आधारमा छात्रवृत्ति तथा तोकिएको समूहलाई दिवा खाजा कार्यक्रमको व्यवस्था गरिनेछ ।
- माध्यमिक तहमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशालालाई समय सापेक्ष सुधार गरी क्रमिक रुपमा आधारभूत तहमा समेत अगाडी बढाइनेछ ।
- मच्छिन्द्र मा.वि.मा सञ्चालनमा रहेको आवासीय विद्यालय कार्यक्रमलाई निरन्तरता दिइ आवश्यकताको आधारमा अन्य विद्यालयमा समेत सञ्चालन गरिनेछ।

- शिक्षकहरुलाई आफ्नो पेसा प्रति उत्प्रेरणा जगाउनको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ, साथै शिक्षकलाई प्रविधिमैत्री बनाउन जोड दिइनेछ ।
- नगर भित्रका शैक्षिक गतिविधिलाइ समेटी शैक्षिक बुलेटिन प्रकाशन गरिनेछ ।
- सबै सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको व्यक्तिगत अभिलेख व्यवस्थित गरिने छ।
- विद्यालयको सुन्दरता बढाउन विद्यालय हाता भित्र फुलबारी तथा करेसावारी निर्माण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।यस कार्यका लागि धुनिवेशी कृषि शाखा तथा अन्य संघ सस्थाहरूसँग समन्वय गरिनेछ ।
- प्रदेश सरकारबाट खर्च रकम व्यवस्थापन भएमा नगर भित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा **"एक विद्यालय एक नर्स"** कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- **"हाम्रो विद्यालय बालमैत्री विद्यालय"** बनाउनको लागि विद्यालयमा बाल उद्यान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- **"धुनिवेशीको चाहना समृद्ध नगरको भावनालाई"** पूरा गर्न दक्ष जनशक्ति उत्पादनमा टेवा पुऱ्याउन प्राविधिक शिक्षालाई जोड दिइनेछ ।
- **"शुद्ध पानी स्वस्थ बालबालिका"** भन्ने नारालाई आत्मसात गर्दै प्रत्येक विद्यालयमा शुद्ध खानेपानी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- **"हाम्रो विद्यालय पोषणमैत्री विद्यालय"** बनाउनको लागि विद्यालयमा दिवा खाजा कार्यक्रममा स्थानीय खाद्यवस्तुहरूलाई प्राथमिकता दिइनेछ।
- **"हाम्रो विद्यालय राम्रो विद्यालय"** बनाउन विद्यालयमा सरसफाइ र हरियालीलाई जोड दिईने छ ।
- विपन्न तथा असहाय विद्यार्थीहरुको लागी कार्यक्रम ल्याइनेछ ।
- समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, भेदभाव, लैङ्गिक हिंसा तथा अमानवीय कार्यको अन्त्यका लागि युवाहरुलाई परिचालन गरिनेछ ।
- युवामा नैतिकता, चारित्रिक गुण एवम् अनुशासनको विकास गरी समाज प्रति दायित्व बोध गराइनेछ ।
- खेल क्षेत्रको विकास र विस्तारको लागि नगर स्तरीय खेलकुद विकास कार्यक्रम मार्फत विभिन्न खेलकुद प्रतियोगिताहरुको आयोजना गरिनेछ ।
- नगर स्तरीय राष्ट्रपति रनिङसिल्ड खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- **"स्वास्थको लागि खेलकुद राष्ट्रको लागि खेलकुद"** भन्ने नारालाई आत्मसात गर्दै खेलाडी सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालयको भौगिलिकता, दुरी र विद्यार्थी सँख्याको आधारमा विद्यालयहरूलाई समायोजन गरी ठूला तथा नमुना विद्यालय बनाउन जोड दिइनेछ ।
- विद्यालयको शैक्षिक सुशासनलाई प्रबलीकरण गर्न ई-हाजिरी तथा कम्प्युटर जडान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा सिक्दै-कमाउदै कार्यक्रमका लागि प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।
- नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुदृढीकरणको लागि प्रदान गरिदै आएको प्रति विद्यार्थी लागत अनुदानलाई विस्थापित गर्दै विद्यालयको ठोस योजना र प्रतिबद्धताको आधारमा विद्यालय सुधार तथा प्रोत्साहन अनुदान कार्यक्रम लागु गरिनेछ।
- एउटा बालविकास केन्द्रमा २० जना भन्दा बढी बालबालिका भएमा बाल विकास शिक्षक थप गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।साथै बालविकास कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि बालविकास कक्षामा उच्च विद्यार्थी संख्या भएका ४ वटा विद्यालयहरूमा यसै आ.व.२०८३/०८४ बाट UKG कक्षा सञ्चालनको लागि थप दरबन्दीको व्यवस्था गरिनेछ।
- गणित विषयको सिकाइमा सुधार गर्नको लागि आवश्यक कार्यक्रम ल्याइनेछ ।

- विद्यालय तहमा अध्ययनरत बालबालिकाहरूको विशेष रुचि र खुबी पत्ता लगाइ भविश्यको पदमार्ग निर्धारण गर्नको लागि वृत्ति मार्ग निर्देशन कार्यक्रम लागु गरिनेछ ।
- विद्यालय जाने उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चितता गरिनेछ ।
- विद्यालय बाहिर रहेका अपाङ्गगता भएका बालबालिकाहरुलाई विद्यालयमा ल्याउनको लागि प्रयास गरिनेछ ।
- शिक्षकहरुको लागि माग तथा आवश्यकताको आधारमा तालिमको व्यवस्था गरिनेछ, साथै समयानुकूल प्रधानाध्यापक, विषयगत शिक्षक तथा शिक्षक कलष्टर बैठकहरू सञ्चालन गरिनेछ ।
- भौगोलिक बनावट, जनघनत्व, विद्यार्थी संख्या, तोकिए बमोजिमको राष्ट्रिय मापदण्डका आधारमा न्यूनतम रुपमा एक वडा एक माध्यमिक विद्यालय एक विद्यालय बसको नीति अवम्बन गरिनेछ ।

**राजश्व सम्बन्धी नीतिहरू**

- क्याम्पस अध्ययन गर्दै गरेका विद्यार्थीहरुलाई कर संकलन लगाएतका कार्यमा संलग्न गराउने गरी पढ्दै कमाउँदै कार्यक्रम संचालन गरिनेछ ।
- आगामी आ.व. २०८३/०८४ लाई राजश्व संकलनको दायरा अभिवृद्धि गरि कर असुली अभियान वर्षको रुपमा संचालन गरिनेछ ।
- बहाल कर अनिवार्य तिर्न प्रोत्साहित गर्दै एकिकृत सम्पतिकर, नक्सापास, बैंङ्किङ जस्ता सेवासँग आवद्ध गरिनेछ ।
- उद्योगी व्यवसायीहरुलाई प्रोत्साहन गर्नको लागि २०८३ असोज मसान्त सम्ममा सबै किसिमका कर बक्यौता चुक्ता गरेमा त्यसमा लगाइएको जरीवाना हर्जाना पुरै छुट दिने व्यवस्था गरिनेछ । ०८२।०८३ सम्म कर चुक्ता गरेको करदातालाई ०८३।०८४ को असोज मसान्त सम्म कर बुझाएमा १० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ ।
- उद्योग व्यवसायहरुको पुँजी लगानीको आधारमा व्यवसाय कर निर्धारण गर्ने र अनलाइन तथा डिजिटल सिष्टमबाट कर सिफारिस दिने पद्धतिको सुरुवात गरिनेछ ।
- नगरपालिकालाई नियमित रुपमा कर तिर्ने वा सबै भन्दा बढी कर तिर्ने व्यक्ति र व्यवसायीहरुलाई पुरस्कृत गरिनेछ ।
- नगरपालिकामा संचालनमा रहेका तर दर्ता नभएका साना, ठुला उद्योग व्यवसायहरुलाई नियमानुसार दर्ता प्रक्रियामा ल्याईनेछ ।
- करको दायरामा आएका तर व्यवसाय दर्ता प्रमाणपत्र नलिएका व्यवसायीहरुलाई दर्ता प्रमाणपत्र प्रदान गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- राजश्व प्रशासन सुधारको लागि आवश्यक कानुनको निर्माण गरी राजस्व सुधार-कार्ययोजनालाई कार्यान्वयनमा ल्याईनेछ ।
- राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउन घुम्ती टोली गठन गरी सबै वडामा परिचालन गरिनेछ ।
- राजश्व संकलन कार्यमा संलग्न नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।
- उद्योग वाणिज्य संघको सहकार्यमा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- सबै प्रकारका व्यवसायहरुलाई करको दायरा ल्याईनेछ ।
- राजश्वसँग सम्बन्धित तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- करको दायरा विस्तार गरी करदाताको विवरण अध्यावधिक गरिनेछ ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**
**महिला वालवालिका तथा जेष्ठ नागरिक सम्बन्धी नीतिः-**

- 'नगर प्रमुखसँग बा-आमा' कार्यक्रम सञ्चालन गरिनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुका लागि नीति निर्धारण गरी प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
- विपन्न, दलित , आदिबासि ,सिमान्तकृत तथा लोपोन्मुख समुदाय , अपाङ्गता तथा अशक्त भएका समुदायहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिला बिरुद्ध हुने सबै किसिमका भेदभाब, कुरीति, हिंसा अन्त्य गर्न, महिला जागरण तथा बित्तिय साक्षरता, कानूनी साक्षरता, सश्क्तिकरणका कार्यक्रम वडा तहबाट समेत संचालन गरिनेछ ।
- महिलाहरुका लागि सीप तथा क्षमता अभिबृद्धिका तालिम संचालन गरिनेछ ।
- बिभिन्न रुपले हिंसामा परेका महिलाहरु लागि सुरक्षित आवास घर (सेफ हाउस) मा बस्ने व्यबस्था मिलाइनेछ ।
- समाजमा रहेका लैंगिक हिंसा , मानब बेचबिखन तथा ओसार पसार, लागु पदार्थको दुर्व्यसन बिरुद्ध सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- दलित तथा जनजाति उत्थानको लागि सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ । साथै नगरक्षेत्र भित्र सबै खाले छुवाछुत सामाजिक तथा लैंगिक विभेदलाई अन्त्य गर्न आबश्यक कार्यक्रम संचालन गरिनेछ
- बहिष्करणमा परेका, अपहेलीत भएका, बेबारिस अबस्थामा रहेका , आर्थिक तथा समाजिक रुपले कमजोर भएका जेष्ठ नागरिक , पूर्ण अशक्तता , अति अशक्तता भएका व्यत्तिःहरुका लागि बृद्ध बद्धा बिश्राम सेवा केन्द्र संचालनमा ल्याईनेछ ।
- बालबिबाह बिरुद्धको अभियान तथा बालसंरचनाहरुको पहिचान गरी संचालनमा ल्याईनेछ ।
- बिभिन्न संघ सस्था सँगको समन्वय र सहकार्यमा पिछडिएको क्षेत्र बर्गका महिलाहरुका लागि आयआर्जनका कार्यक्रम गरिनेछ ।
- भौतिकपुर्वधार निर्माण गर्दा महिलामैत्री , अपाङ्गतामैत्री , जेष्ठनागरिकमैत्री बनाईनेछ ।
- बालबालिकाको प्रतिभा तथा क्षमताको सम्मान गरिनेछ ।
- बालमैत्री शासन प्रणलिलाई प्रथमिकता दिईनुको साथै नगरपालिकाले निर्धारण गरेको लक्ष्य भित्र बालमैत्री घोषणको लागि आवश्यक कार्यक्रम अगाडि बढाईनेछ ।
- अपांगता भएका व्यक्तिहरुका लागि सचेतनाका कार्यक्रम संचालन गरिनेछ
- विभिन्न अपांगता भएका संघ⁄ संस्थाहरुको साझेदारीमा सीप तथा क्षमता विकासका कार्यक्रम गरिनेछ ।
- बेबारिसे ,बाबुआमा बिहिन ,बिपन्न तथा अशक्त बालबालिकाको सुरक्षा तथा संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- यौनिक तथा लैंगिंक अल्पसंख्यक बर्गको पहिचान गर्ने र सो बर्गको हकहितको लागि आबश्यकता अनुसार सचेतनात्मक कार्यक्रम गरिनेछ ।
- बालश्रम बिरुद्धको अभियान, बालयौन दुर्रव्यबहार बरुद्ध सचेतनात्मक कार्यक्रम संचालन गरिनेछ ।
- एकल महिलाको पहिचान तथा संरक्षण गरी सीप मूलक तथा आयआर्जनका कार्यक्रममा जोड दिईनेछ ।
- बालसंजाल गठन तथा बालकल्ब व्यबस्थापन लाई प्रभाबकारी बनाईनेछ ।

**सामाजिक न्याय, समावेशीकरण, गरिवी निवारण तथा कला संस्कृति सम्बन्धी नीतिः-**

- सिपमुलक एवं व्यवसायिक तालिममा प्रयोग भएका मेसिन औजार तथा उपकरणहरु लक्षित समुहलाई नै हस्तान्तरण गरिनेछ ।
- सिपमुलक एवम् व्यवसायिक तालिम प्रदान गरी यूवाहरुमा सिर्जनात्मक क्षमताको अभिवृद्धि गरी रोजगारी सृजना हुने कार्यक्रम ल्याइनेछ ।
- भौगोलिक विकटता भएका क्षेत्रका बासिन्दा, पिछडा वर्ग र दलित समुदायका व्यक्तिहरुलाई आर्थिक रुपले सवल बनाउन **"एक गाउँ, एक उत्पादन"** को अवधारणा अगाडी ल्याइनेछ ।

- नगर क्षेत्र भित्र सबै खाले छुवाछुत, सामाजिक तथा लैंगिक विभेदलाई अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- नगरस्तरीय सांस्कृतिक केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।
- जनसहभागिताको माध्यमबाट ग्रामीण गरिवी न्यूनीकरण एवम् सामाजिक पूँजी निर्माणमा जोड दिइनेछ ।

**सहकारी सम्बन्धी नीतिः-**

- देशको संवैधानिक व्यवस्था तथा तीन तहका सरकारका वीच भएको अधिकारको बाँडफाँडका आधारमा सङ्घीय सहकारी ऐन, २०७४ का आधारमा धुनिवेशी नगरपालिका सहकारी ऐन, २०७४ क्रियाशिल रहेको छ । यसै ऐन अन्गर्तत धुनिवेशी नगरपालिका मात्र कार्य क्षेत्र भएका सहकारीहरुको दर्ता, अभिलेख व्यवस्थापन, नियमन, प्रवर्द्धनका काम नगरपालिकावाट हुँदै आएका छन् । नगर र नगरवासीको आर्थिक तथा सामाजिक विकासका लागि तीन खम्बे अर्थनीतिको सारलाई ग्रहण गर्दै सहकारी क्रियाकलापहरुलाई सोही अनुरुप अगाडि वढाउन नगरपालिकाले उत्प्रेरकको भूमिका निर्वाह गरिरहेको छ ।
- सहकारी ऐन, नियमावलीका आधारमा सबै सहकारी संस्थाहरुको नियमित प्रतिवेदन लिने, स्थलगत अनुगमन, वार्षिक साधारण सभा, आवधिक निर्वाचनमा सहजिकरण गर्ने कार्यलाई आगामि वर्षमा थप प्रभावकारी बनाईनेछ ।
- सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सफ्टवेयरलाई नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रम अनुसार सम्वन्धीत विभागसँग समन्वय गरी आगामि ३ महिना सबैलाई अनिवार्य गरिनेछ । आगामि आ.व.२०८३।०८४मा सहकारी सम्वन्धी आवश्यक नयाँ कानून, नीति निर्माण तथा अद्यावधिक गरी आवश्यक व्यवस्था मिलाईनेछ । धुनिवेशी सहकारी संघ सहित सहकारी अभियानसंग सहकार्य गरी सहकारी संस्थाहरुको तर्फवाट नगरपालिका, नगरवासी तथा आफ्नो समुदाय प्रति रहेको सामाजिक उत्तरदायित्व वहन गर्ने कार्यलाई पारदर्शी, व्यवस्थित तथा प्रभावकारी वनाइने छ । संघ, सहकारी बैंक तथा नगरपालिकाको सहभागितामा संयुक्त कार्यक्रम तथा कोष निर्माण तथा परिचालनका लागि आवश्यक तयारी कार्य गरिनेछ ।
- सहकारी ऐनलाई थप स्पष्ट र प्रभावकारी बनाउन, ऐन वमोजिम सहकारी संस्थाहरुको कार्य सम्पादनका आधारमा लगाइने कर, जरिवाना लगायतका प्रावधानलाई पूर्व अनुमानयोग्य बनाई कार्यान्वयनमा ल्याउन आवश्यक प्रशासनिक व्यवस्था मिलाईनेछ । यसले स्थानीय स्तरमा सुशासन कायम गर्न टेवा पुर्याउनेछ ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**पूर्वाधार विकास सम्बन्धी नीतिः-**

<u>"दिगो पूर्वाधार, समृद्ध नगरको आधार"</u>

- पूर्वाधार निर्माण गर्दा सार्वजनिक, निजी, सामुहिक लागत साझेदारी तथा बाह्य श्रोत परिचालनमा प्राथमिकता दिइनेछ,
- बस्तीस्तरबाट माग भई आएका, प्रत्यक्ष रोजगारी सिर्जना हुन सक्ने, वातावरणमा कम असर पर्ने, लागत साझेदारीमा संचालन हुन सक्ने, कम लागतमा बढी जनसंख्या लाभान्वित हुनसक्ने, श्रममुलक तथा क्रमागत योजनाहरु कार्यान्वयनमा प्राथमिकता दिईनेछ
- भवन निर्माण, शहरी तथा वस्ति बिकासको कार्यलाई मापदण्ड अनुरुप व्यवस्थित गरिनेछ सार्वजनिक तथा सडक क्षेत्राधिकार भित्रको जग्गा अतिक्रमण गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ
- वस्ती विकास योजना तर्जुमा गर्न आवश्यक पहल गरिनेछ वस्ती विकास कार्यक्रम संचालन हुने क्षेत्र भित्रका सार्वजनिक, पर्ति जग्गाहरुको लगत कट्टा गरि नगरपालिकाको सम्पतिको रुपमा अभिलेखीकरण गरिनेछ
- साझेदार संस्थाहरुको सहयोगमा विधुतीकरण, सौर्य उर्जा, वायु उर्जा लगायत वैकल्पिक उर्जाका कार्यक्रमहरु संचालन गरिनेछ यसका लागि बैंक तथा वित्तीय क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक पहल गरिनेछ
- निर्माणधिन अवस्थामा रहेका धुनिवेशी पार्क, धुनिवेशी वृद्धविश्रामस्थल, धुनिवेशी खेलमैदान, धुनिवेशी भ्यु टावर, खर्केडाँडा पिकनिक स्पट, प्रशासकीय भवन लगायतका नगर गौरबका योजनाहरुको निर्माण कार्यलाई निरन्तरता दिईनेछ

- आन्तरिक बसपार्क निर्माण गरि नगरबासीको सुबिधालाई ध्यानमा राखी नगर बस सेवा संचालनमा पहल गरिने छ ।
- धुनिवेशी उज्यालो कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ

**सडक सम्बन्धी नीतिः-**

- सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै ट्र्याक ओपन भईसकेका सडकको पक्कि संरचना निर्माणमा ७० प्रतिशत र बाँकी ३० प्रतिशत हुने गरी सडक स्तरोन्नति गरिने छ,
- नगरका प्रमुख सडकहरुलाई स्तरोन्नति गरि कालोपत्रे एवं ढलान गर्दै जाने र बाह्रै महिना यातयातका साधनहरु चल्न सक्ने बनाउनको लागि लिक ढलान लगायतका कार्य गरी सडकहरुको स्तरोन्नति, सुधार र मर्मतसम्भार गरिनेछ,
- नगरकेन्द्र देखि वडाकेन्द्र, प्रमुख बजार क्षेत्र तथा कृषि पकेट क्षेत्र जोड्ने गरि सडक संजाल तयार गरी नगर क्षेत्रको चारै तर्फ रिंगरोड निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ
- प्राथमिकता प्राप्त सडक लगायतका मुख्य पूर्वाधार आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माणको कार्य वस्तुगत आवश्यकताको आधारमा आफ्नै श्रोत, साधन परिचालन गरी निर्माण गर्न प्राथमिकता दिइनेछ,
- भौतिक पूर्वाधारहरु निर्माण गर्दा प्राविधिक मापदण्ड र स्पेशिफिकेशन लाई अनिवार्य गरिनेछ
- सडक यातायात गुरु योजना (MTMP)लाई अध्यावधिक गरिने छ ।
- निर्माण सम्पन्न भएका सडकका दायाँ बायाँ किनारामा वृक्षारोपण गरी हरीयाली प्रर्वधनका प्रर्वधन गरिनेछ ।

<u>**वस्ती विकास तथा नक्सापास सम्बन्धी नीति :-**</u>

- यस धुनिवेशी नगरपालिका सेटेलाईट सिटी (satellite city) को रुपमा विकास भईरहेकोले आवास क्षेत्रलाई व्यवस्थित गराउन निजि क्षेत्रबाट गरिने जग्गा खण्डिकरण र प्लाटिङ गर्नको लागि मापदण्ड निर्धारण गरि व्यवस्थित गरिनेछ
- २०८३ असार मसान्त सम्म निर्माण भएका घर संरचना अभिलेखीकरणको लागि नगरपालिकाले प्राविधिक सहयोग सहित अभियान संचालन गर्ने छ । २०८३ श्रावण १ गते देखी बन्ने घर, संरचना नक्सा पास नगरी बनाएमा अभिलेखीकरण नगरिने नीति लिईनेछ ।
- एकिकृत शहरी वस्ती विकास योजना संचालनको लागि निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- निजि क्षेत्रले एकिकृत शहरी वस्ती विकास योजना संचालन गर्दा न्युनतम सेवा शुल्क लागाई सहजीकरण गरिनेछ ।
- भवन अभिलेखिकरणलाई निरन्तरता गर्दै भवन निर्माण आचार संहितालाई कडाइका साथ कार्यान्वयन गरि निर्माण भएको घर, टहरालाई नियमन गरि नक्सापासको दायरामा ल्याईनेछ ।नक्सापास गरेर मात्र सेवाग्राहीलाई बिद्युत, खानेपानी लगायत सेवा उपलब्ध हुने व्यवस्था कार्यान्वयनका लागी नक्सा पास अनिवार्य गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका सरकारी कार्यालयहरुको भवन तथा संरचना निर्माण गर्दा नक्सापास गर्नुपर्ने व्यवस्था गरिनुका साथै पुराना सरकारी संरचनाहरुको अभिलेख राखी राजश्वको दायरामा ल्याइने छ ।
- टोल विकास संस्था दर्ता गरेमा पुरस्कार स्वरुप उक्त टोल विकास संस्थालाई सि.सि. क्यामेरा उपहार दिईनेछ ।

<u>**खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः-**</u>

- खानेपानीको मुल एवं श्रोत उपलब्ध हुन नसकेका क्षेत्रमा लिफ्ट/डिपबोरिंग जस्ता प्रविधिको उपयोग गरि सर्वसुलभ रुपमा स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ, क्रमागत खानेपानी योजनाहरु समयमै सम्पन्न गर्न जोड दिईनेछ ।

- निर्माण कार्य सम्पन्न भएका खानेपानी आयोजनाहरुको मर्मत सम्भार, संरक्षण र रेखदेख गर्ने कार्य सम्बन्धित उपभोक्ता समिति मार्फत नै हुने गरि आयोजना हस्तान्तरण गरिनेछ ।
- परम्परागत पानी पोखरी, ढुंगेधारा र मूल संरक्षण गर्ने कार्यक्रमहरु संचालन गरि भौगोलिक र प्राकृतिक स्वरुपको समेत संरक्षण गरिनेछ ।
- सडक क्षेत्र र सार्वजनिक स्थलमा फोहरमैला बिसर्जन गर्ने तथा छतको पानी सडकमा खसाल्ने र सार्वजनिक खोलामा ढल मिसाउने कार्यलाई निरुत्साहित गरिनेछ ।
- **"हरेक विहान, सफा मेरो आँगन"** भन्ने नाराका साथ टोल सुधार समितिहरुसंग सहकार्य गरि बजार सरसफाई कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ
- प्रमुख बजार क्षेत्रहरुमा ढल निकासको उचित व्यवस्थापन गर्न अन्य निकायको समेत साझेदारी र समन्वयमा कार्यक्रमहरु संचालनको लागि पहल गरिनेछ,
- घर, पसलहरूबाट निस्कने फोहोरमैलाको वर्गिकरण गरी उचित व्यवस्थापन गर्न जनचेतनामूलक सूचनाहरु, होर्डिंगबोर्ड एवं टोलटोलमा डष्टविनको व्यवस्था गरिनेछ,
- नगरपालिकाबाट निर्माण भएका डिप वोरिङहरुको पानीको उपलब्धता तथा दिगोपनको अध्ययन गरिनेछ ।
- बोरिङ गरिएका खानेपानी योजनाहरुके विद्युत महशुल नगरपालिकाले भुक्तानी गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

<u>युवा लक्षित नीतिः-</u>

- युवाहरुको प्रतिभा पहिचान गर्दै प्रतिभावान जनशक्ती उत्पादन गर्ने लक्ष्यका साथ "**युवा प्रतिभा प्रवर्धन**"कार्यक्रम संचालन गरिनेछ
- "**स्वावलम्बन अभियान, श्रमको सम्मान"** अभियान संचालन गरि युवाहरु लाई रोजगारका अवसर प्रदान गरिनेछ
- "युवा तथा शैक्षिक बेरोजगार लाई प्राथमिकतामा राखी रोजगार मुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीलाई प्रोत्साहित गरिनेछ
- धुनिवेशी नगरपालिका क्षेत्र भित्रका यूवा/यूवतीहरूलाइ व्यवसायिक उद्यमी बनाउने गरी **नगर प्रमुख उद्यम विकास कार्यक्रम** संचालन गरिने छ ।
- सार्वजनिक तथा सरकारी क्षेत्रमा रोजगार प्राप्तीका लागि आकर्षित हुने यूवा विद्यार्थी वर्गलाइ लक्षित गरी लोक सेवा तयारी तथा अन्य उत्प्रेरक कक्षाहरू संचालन गरिनेछ ।
- प्रतिभा पलायन (Brain drain) रोक्नको लागि पहल गरिनेछ ।
- प्राविधिक (कृषि/पशु) विषयमा उच्च शिक्षा हाँसिल गर्न चाहने युवाहरूलाइ प्रेत्साहित गरिनेछ ।

<u>सिचाई सम्बन्धी नीतिः-</u>

- नगरपालिका क्षेत्र भित्रका सिंचाई प्रणाली व्यवस्थित गर्न बिशेष पहल गरिनेछ
- नगरपालिका क्षेत्र भित्रका सबै कृषियोग्य भुमिमा सिंचाई सुविधा उपलब्ध हुने गरी सिंचाइ सम्बन्धी गुरू योजना तयार गर्ने र भएका सिंचाइ पुर्वाधारहरूको स्तरोन्नती गरिनेछ, सो कार्यका लागि लगत राख्ने कार्य अघि बढाइनेछ ।
- नदी, खोला, बाढी एवंम जल उत्पन्न प्रकोप नियन्त्रणका लागि स्थानीयको लागत तथा श्रम सहभागितामा नियन्त्रण कार्य अगाडी बढाइनेछ ।

<u>योजना तथा अनुगमन सम्बन्धी नीतिः-</u>

- योजनाबद्ध विकासको लागि नगरपालिकाले तर्जुमा गरेको आवधिक नगर विकास योजनालाई कार्यान्वयनमा ल्याईनेछ ।
- आयोजनाको कार्यान्वयन, भुक्तानी प्रकृया र आयोजनाको भौतिक पुर्वाधार निर्माणको गुणस्तर दिगोपनाका लागि उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

- नगरभित्र कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु प्रभावकारी एवम् व्यवस्थित रुपमा संचालन गर्न नतिजामुलक अनुगमन (रिजल्ट वेस्ड मोनिटरिङ) प्रणालीको अबलम्बन गरि एकिकृत रुपमा अनुगमन गरिनेछ ।
- वडाबाट छनोट भई आएका योजना तथा कार्यक्रमहरुलाई बजेटमा प्राथमिकता दिईनेछ ।
- उपभोक्ता समिति, ठेक्का प्रक्रिया, सिलबन्दी दरभाउ पत्र लगायत जुनसुकै माध्यमबाट कार्यान्वयन गरिने योजनाहरुको अनुगमन अनिवार्य गरिनेछ ।
- आर्थिक वर्षको अन्त्यमा योजनाहरुको सम्झौता हुने परिपाटीको अन्त्यका लागि उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने योजनाहरु प्रथम चौमासिक अवधिभित्र सम्झौता गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउन आवश्यक पहल गरिनेछ ।
- ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गरिने योजनाहरुको प्राथमिकता र प्रकृति हेरि आ.व.को शुरु महिनादेखि नै ठेक्का खोल्ने व्यवस्था मिलाईनेछ ।
- "धुनिवेशी नगरपालिका समृद्धिको आधार शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापार सहितको पूर्वाधार" भन्ने दिर्घकालिन सोचलाई साकार पार्न योजना कार्यक्रमहरुलाई यसै सोच सँग आवद्ध गरिनेछ ।
- जेष्ठ मसान्त भित्र योजना सम्पन्न गरि असारमा नगर सभा र प्रगती समिक्षाको कार्य मात्र गर्ने गरि कार्यक्रम अगाडी बढाईनेछ ।
- तीनवटै चौमासिक अवधिको कार्ययोजना बनाई सोहि अनुसार योजना कार्यक्रम अगाडी बढाईनेछ ।

**<u>सूचना तथा सञ्चार नीतिः-</u>**

- नगर क्षेत्रका सञ्चार माध्यम र सञ्चारकर्मीको साझेदारीमा रेडियो/टेलिभिजन कार्यक्रम सञ्चालन गरिनेछ ।
- सूचना प्रविधि क्षेत्रको विकासका लागि संलग्न व्यक्ति, संस्थाहरू, शिक्षण संस्थाहरूलाई प्रोत्साहित गर्दै लगिनेछ
- सूचना प्रविधिको प्रयोगमा सूचना सुरक्षा एवम् तथ्याङ्को गोपनियतालाई सुदृढ गरिनेछ ।
- शैक्षिक संस्थाहरुमा सूचना प्रविधि सम्बन्धी संरचना स्थापनाको लागि सहज वातावरण सृजना गरिनेछ ।

**<u>उद्योग सम्बन्धी नीतिः-</u>**

- नगरवासीहरुका लागि स-साना उद्यम संचालन गरी दैनिक आयआर्जनमा सहयोग पुग्ने गरी गैह्रसरकारी संस्थाहरुको सहकार्यमा लघु उद्यम विकासका कार्यक्रमहरु संचालन गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र औद्योगिक ग्राम निर्माण प्रारम्भ भएको छ, यस कार्यलाई निरन्तरता दिइने छ ।
- नगर क्षेत्र भित्र संचालित विभिन्न उद्योग कलकारखानाहरुलाई वातावरण मैत्री बनाउन जोड दिईनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका इट्टा उद्योगहरुलाई व्यवस्थित गरि संचालन गर्नमा सहजिकरण गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न उद्योग व्यवसाय तथा होटल व्यवसायमा बालश्रम मुक्त नगरपालिका बनाउन पहल गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र संचालित उद्योग धन्दाहरुलाई प्रोत्साहन गरि स्थानिय स्तरमा रोजगारी श्रृजना गर्नमा जोड दिईने छ ।
- नगर क्षेत्र भित्र संचालित विभिन्न होटल व्यवसायको अभिलेख राखी व्यवसायको सुरक्षाको प्रत्याभुती दिईनेछ
- नगर क्षेत्र भित्र संचालनमा रहेका उद्योगी व्यवसायीहरुमा आपसी समन्वय कायम गरि विकास निर्माणका काममा निजि क्षेत्रलाई उत्साहित गराउने तर्फ पहल गरिनेछ ।
- घरेलु तथा साना उद्योगलाई विशेष प्रथमिकता दिने नीति अनुरुप त्यस्ता उद्योगको प्रर्वधन गर्न उद्यमी व्यवसायीलाई मागका आधारमा नयाँ ज्ञान सिप र प्रविधिमा आधारित तालिम कार्यक्रमहरु संचालन गरिने छ

**पर्यटन, वन तथा वातावरण संरक्षण सम्बन्धी नीतिः-**

- स्वच्छ, सफा र हराभरा नगर निर्माणका लागि "**एक घर पाँच फूल, दुई फलफूल रोपण कार्य**" लाई अभियानकै रुपमा अगाडी बढाइनेछ ।
- पर्यटकीय गन्तव्य स्थलहरुको व्यापक रुपमा प्रचार प्रसार, संरक्षण र सम्वर्धन गरिनेछ ।
- वातावरण संरक्षणका लागि सार्वजनिक पाटी, पौवा, पोखरी तथा चौताराहरुको संरक्षण गरिनेछ ।
- नगरपालिका भित्रका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुको मर्मत सुधार गरी आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गरिने छ ।
- बाढी पहिरो, भू-क्षयजस्ता प्रकोपबाट उत्पन्न हुन सक्ने समस्या समाधानका लागि विपद् व्यवस्थापन समितिलाई थप प्रभावकारी बनाइने छ ।
- सङ्घीय सरकार, प्रदेश सरकारसँगको सहकार्यमा नगर क्षेत्रमा होमस्टे प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- नगरका पर्यटकीय स्थलहरूसम्म पुग्नका लागि पर्यटकीय पदमार्ग निर्माणमा जोड दिइनेछ ।
- नगर क्षेत्र भित्र रहेका वन क्षेत्रको संरक्षण र सम्वर्द्धन गरी खुला तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्ने र नगर क्षेत्र भित्र पर्ने संघीय तथा प्रादेशिक सडकको दायाँ बायाँ वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिई हरियाली क्षेत्रको विस्तारमा जोड दिईनेछ ।
- पर्यटकीय स्थलहरुको प्रवर्धन तथा प्रचार प्रसार गरी आन्तरीक पर्यटकहरुलाई आकर्षित गराई आयआर्जनमा वृद्धि गरिने छ ।
- **"वन्यजन्तुको गरौं न संरक्षण, पर्या-पर्यटन र होमस्टे चलाई कमाउँला धन"** भन्ने अभियान चलाईनेछ ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**विपद् व्यवस्थापन, वारुण यन्त्र, एम्वुलेन्स संचालन सम्बन्धी नीतिः-**

- दमकल स्टेशनको व्यवस्था र निर्माण गरिनेछ ।
- दमकल सेवा चुस्त र स्रोत साधन सम्पन्न बनाईने छ ।
- नगर प्रहरी, दमकल र एम्वुलेन्स सेवालाई एकिकृत गरी आपतकालिन सेवा संचालन केन्द्रका रुपमा विकास गरिनेछ ।
- विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्था गरिनेछ ।
- नगरभित्रका विपद्जन्य जोखिम क्षेत्रको पहिचान, नक्सांकन, पूर्व सूचना प्रणालीको विकास गरी जोखिम न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद् व्यवस्थापनका लागि उद्धार तथा आवश्यक राहत सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- वारुण यन्त्र (दमकल) सेवा संचालनलाई २४ सै घण्टा चुस्त र प्रभावकारी बनाईनेछ ।

**फोहरमैला व्यवस्थापन सम्बन्धी नीति :**

- फोहोरमैला संकलन, पुनःउपयोग एवम् प्रशोधन, विर्सजन, सेवा शुल्क निर्धारण र नियमन गर्ने कार्यलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन आवश्यक कानूनको निर्माण गरिनेछ ।
- खुल्ला प्रतिष्पर्धा हुने गरी ठेक्का प्रक्रियाको माध्ययमबाट फोहोरमैलाको संकलन तथा व्यवस्थापनको कार्य गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन एवम् बजार सरसफाई कार्यक्रमलाई अभियान कै रुपमा संचालन गरिनेछ ।
- फोहोरलाई मोहोरमा परिणत गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक शौचालय निर्माण एवम् व्यवस्थापनमा ध्यान दिइनेछ ।
- **'स्वच्छ सफा हराभरा नगर, धुनिवेशी नगरवासीको रहर'** भन्ने अभियानलाई सार्थक बनाईनेछ ।

**वित्तीय अनुशासन तथा जवाफदेहिता सम्बन्धी नीतिः-**

- मासिक रुपमा आय व्ययको विवरण तयार गरी सार्वजनिक गरिने छ ।
- वित्तिय जवाफदेहिता, पारदर्शीता र आर्थिक अनुशासन कायम गरी वेरुजु कायम हुन नदिन विशेष सतर्कता अपनाइने छ ।
- नगरपालिकाको आर्थिक दायित्व र प्रभाव समेतलाई विचार गरी खर्चको मापदण्ड अद्यावधिक गरिने छ ।

- सबै प्रकारका सार्वजनिक खरिदलाई प्रतिस्पर्धी, पारदर्शी, मितव्ययी बनाउनको लागि विद्युतिय खरिद प्रणाली (इ-बिडिङ) लाई पूर्ण रुपमा लागू गरिने छ ।

**<u>कानून सम्बन्धी नीति</u>**

- न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।
- नगरपालिकाबाट जारी भएका कानूनहरुलाई आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा एकिकृत गरिनेछ ।
- वडा तह सम्म कानूनी परामर्श सेवा एवम् मेलमिलाप केन्द्रको विस्तार र समिति गठन गरी कानूनी सेवालाई सर्वसुलभ, सहज र पहुँचयोग्य बनाईनेछ ।
- न्यायिक समितिलाई न्यायिक निरुपणको साझा चौतारीका रुपमा संस्थागत गरिनेछ ।

**<u>श्रम तथा रोजगार सम्बन्धी नीति</u>**

- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ
- धुनिवेशी नगरक्षेत्र भित्र सृजना हुन सक्ने रोजगार सम्बन्धी सूचना संकलन, रोजगारदाताको सूची अध्यावधिक, रोजगारी सम्बन्धी सम्भाब्यताको अध्ययन, विश्लेषण, रोजगारको क्षेत्र तथा अवसरहरुको पहिचान गरी सूचना सम्प्रेष्ण गरिनेछ ।
- रोजगारमूलक सीप, सहुलियतपूर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशीलता, परामर्श सेवा तथा सुविधाहरुको पहिचान गरी एकीकृत अभिलेख राखिनेछ
- महिला उध्यमशिलता सहजीकरण केन्द्रको स्थापना गर्दै सामुहिक उद्यमशिलताको प्रवर्धन गरिनेछ ।
- रोजगार संवाद मञ्च सञ्चालन गरिनेछ । स्थानीय रोजगार रणनीति अध्यावधिक गरी कार्यान्वयन गर्दै लगिनेछ
- शेषकान्त फाउन्डेशनसँगको साझेदारीमा हाइड्रो, काठजन्य सामाग्री उत्पादन सम्बन्धी तालिम सञ्चालन गरिनेछ । स्थानीय स्रोत, सामाग्री र सीपको प्रयोग गरी उक्त फाउन्डेशनले उत्पादन गरेका फर्निचरहरु नगरपालिकाले लागत मुल्यमा साझेदारीमा गरी प्राप्त गर्ने व्यवस्था मिलाईनेछ ।
- सुरक्षित र सीपयुक्त वैदेशिक रोजगार नीति लागु गर्न सहकार्य र सहजीकरण गरिनुका साथै वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरुलाई पहुँचयोग्य र प्रभावकारी बनाइने छ ।
- स्थानिय स्तरमा रोजगारी सृजना गर्न सरोकारवाला निकाय, उद्योग प्रतिष्ठान, कल कारखाना, कृषि तथा पशुपन्छी फर्म, सहकारी, बैंक तथा वित्तिय सस्था, सरकारी वा गैरसरकारी निकाय मार्फत सिर्जना हुन सक्ने रोजगार सम्बन्धी सूचनाको आङ्कलन गरि रोजगारदाताको सूचि अध्यावधिक गरिने, साथै रोजगारको सम्भाव्यताको विश्लेषण गरी रोजगारको क्षेत्र तथा अवसरहरुको नक्साङ्कन र अभिलेखाङ्कन गरिदै लगिनेछ ।
- श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग क्षेत्रमा रोजगारी सृजना गरिनेछ । नगरपालिकामा संचालित संघ, प्रदेश र स्थानिय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भए सम्म रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिबाट नै लगाईने व्यवस्था गरिनेछ ।
- बेरोजगारहरुको ज्ञान, सिप, योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सिप बिकास तालिमको पहिचान गरि सम्बन्धित तालिम केन्द्रमा सिफारिस गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्किएका नागरिकलाई उनीहरुले वैदेशिक रोजगारबाट प्राप्त गरेको ज्ञान, सीप,पूँजी र प्रविधिलाई उनीहरुको हित वा राष्ट्रको हितमा प्रयोग गर्ने वा उनीहरुलाई आर्थिक,सामाजिक र पारिवारिक रुपमा पुर्नमिलन वा पुनःस्थापना वा एकिकरण गर्ने कार्यलाई आवश्यक प्रकृयागत रुपमा अगाडि बढाइनेछ ।
- वैदेशिक रोजगारीलाइ विप्रेषणको भरपर्दो माध्यमको रुपमा स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ ।
- बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरिय बनाउन सूचना तथा परामर्श सेवा, दिइनेछ ।

- मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता कक्षा संचालन र रिटर्नी स्वयंसेवक परिचालन तथा बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यमशिलता बनाउन प्रोत्साहन गरिनेछ

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**
**अन्त्यमा,**
**नगरपालिका स्थापना भए देखी हाल सम्मको अवधिमा नगरपालिकाले हाँसिल गरेका उपलब्धिहरूको बलियो जग तथा आधारसिलाहरूमा टेकेर नगरपालिकाले संस्थागत संरचनाहरू खडा गरी सम्वृद्धिको ढोका खुलाई सकेको छ । धुनिवेशी नगरपालिकाले अंगीकार गरेका दूरगामी नीति, योजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि हामी सबैको सामूहिक प्रतिबद्धता, साझा संकल्प र सक्रिय क्रियाशीलताको हार्दिक अपेक्षा गर्दछु । यस नीति तथा कार्यक्रमलाई मूर्त रुप दिन र परिष्कृत बनाउन आ-आफ्नो क्षेत्रबाट अमूल्य सुझाव एवं सहयोग पुऱ्याउनुहुने आदरणीय सम्पुर्ण नगरवासीहरू, अघिल्लो कार्यकालमा नगर उप-प्रमुखको जिम्मेवारीमा रही सफलतापुर्वक कार्यकाल सम्पन्न गर्नुहुने पूर्व नगर उप-प्रमुख श्री निरू खरेल लगाएतको सशक्त एवं जुझारू सहकर्मी साथीहरू, यस कार्यकालमा नगर उप-प्रमुखको हैसियतमा जिम्मेवारी सम्हालिरहनुभएका बहालवाला नगर उप-प्रमुख श्री सुरज उप्रेती लगाएतका सहकर्मी जनप्रतिनिधि साथीहरू, राष्ट्रसेवक कर्मचारीहरु तथा सम्बद्ध सम्पूर्ण सरोकारवाला ब्यक्ति एवं संघ संस्थाहरुमा हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दै प्रस्तुत नीति तथा कार्यक्रमहरूको सफलतापूर्वक कार्यान्वयनमा लैजाने प्रतिवद्धता ब्यक्त गर्दछु ।**

**धन्यवाद !**
**जय धुनिवेशी नगर**

**नगर प्रमुख**
**बालकृष्ण आचार्य**
**१० आषाढ, २०८३**

**<u>निर्णय नं.२</u>**

आदरणीय नगर उप-प्रमुख तथा नगरसभा उपाध्यक्ष श्री सुरज उप्रेतीज्यू मार्फत चालु आ.व.०८२।०८३ को श्रावण देखी जेष्ठ मसान्त सम्म प्रवाह गरेका सेवा र भए गरेका कार्य एवं गतिविधि र हाँसिल गरेका उपलब्धिहरु समेटी तयार पारिएको आ.व.२०८२।०८३ को कार्यप्रगति समिक्षा र वार्षिक क्षेत्रगत नीति तथा कार्यक्रम अनुसार आगामी आ.व.०८३।०८४ मा कार्यान्वयन हुने गरी प्रस्ताव गर्नुभएको योजना तथा कार्यक्रम र अनुमानित बजेट रकम रु.१,०३,९५,७०,८००।- मध्ये चालु तर्फ ५०.९३ प्रतिशत र पुंजीगत तर्फ ४९.०७ प्रतिशत भएको बजेट वक्तव्य सहितको वार्षिक योजना, कार्यक्रम तथा बजेटलाई सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**धुनिवेशी नगरपालिकाका नगर उप–प्रमुख श्री सुरज उप्रेतीज्यूले नगरसभाको १९ औं नगर अधिवेशनमा प्रस्तुत गर्नु भएको चालु आ.व.२०८२।०८३ को कार्यप्रगति समीक्षा र अगामी आ.व. २०८३।०८४ को लागि प्रस्तावित योजना, कार्यक्रम तथा बजेट**

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

१) आर्थिक वर्ष २०८३।०८४ का लागी प्रस्तावित नीति, कार्यक्रम तथा बजेट माथी छलफल गरी पारित गर्नका लागी उपस्थित गरिमामय नगरसभाका सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्दछु ।

२) विगतका सबै कालखण्डमा भएका राजनैतिक आन्दोलन एवं नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रिय हित र स्वाभिमान, लोकतन्त्र, लैङ्गिक समानता, सामाजिक न्याय, समावेशीकरण लगायत आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तन, विकास एवं रुपान्तरणाका लागि भएका सबै खाले

आन्दोलन एवं क्रान्तिमा अतुलनीय योगदान पुऱ्याउँनु भएका सम्पूर्ण वीर, पूर्खा एवं योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै सकारात्मक परिवर्तनको महाअभियानमा संलग्न भई आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरुप्रति उच्च सम्मान व्यक्त गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । आन्दोलनका क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३) नेपालको संविधानले परिकल्पना गरेको संघिय शासन प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानिय तह गरी तीन तहका सरकारहरु जनताको सेवामा सर्मपित भईरहेकाछन् । यसै संवैधानिक व्यवस्था बमोजिम वि.सं.२०७९ सालमा सम्पन्न भएको स्थानिय तहको निर्वाचनबाट नगर -उप प्रमुखको गरिमामय पदमा निर्वाचित भई कार्यभार सम्हालेको आज चार वर्ष ब्यतीत भएको छ । ५ वर्षे कार्यकालको अन्तिम वर्षका रुपमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आ.व.२०८३/०८४ का लागि वार्षिक योजना तथा कार्यक्रम र बजेट तयार गरी सम्मानित नगरसभामा प्रस्तुत गर्न पाउँदा जिम्मेवारी वोधका साथ गौरवान्वित भएको छु । यस अवसरमा निर्वाचनको माध्यमबाट नगर उप-प्रमुखको हैसियतमा जिम्मेवारी प्रदान गर्नुहुने सार्वभौमसत्ता सम्पन्न धुनिवेशी नगरका आदरणीय आमा, बुबा, दाजुभाई, दिदीबहिनी र आम नगरवासीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

४) विगतका चार आर्थिक वर्षहरुमा हामीले तर्जुमा गरेका नीति, तयार गरेका योजना तथा कार्यक्रमहरुले नगरको विकासको लागि बलियो जग बसालेको छ । विगतका वर्षहरुमा हाँसिल भएका उपलब्धिहरुको जगमा टेकेर ५ वर्षे कार्यकालको अन्तिम वर्षलाई विगतका वर्षहरुमा हाँसिल भएका उपलब्धिहरुलाई संस्थागत गर्दै अधुरा योजनाहरुलाई पूर्णता दिने र नगरवासीहरुलाई स्थानिय सरकारको वास्तविक अभिभावकत्व महसुस गराउने तथा हाँसिल भएका उपलब्धिहरुको प्रतिफल नगरवासीहरुका विचमा हस्तान्तरण गर्ने ऐतिहासिक अवसर हो भन्ने आत्मानुभूति भएको छ ।

५) कार्य कालको पहिलो वर्षमा योजना तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आ.व. २०७९/०८० का लागी वार्षिक योजना तथा कार्यक्रम र बजेट तर्जुमा गरी सम्मानित नगरसभामा प्रस्तुत गर्दै गर्दा नगरवासीहरुको समिपमा रहेर सार्वजनिक सेवा, प्रवाहलाई चुस्त, प्रभावकारी र प्रविधिमैत्री बनाउँदै शिक्षा, स्वास्थ, खानेपानी, सिचाँई एंव सडक निर्माण र रोजगारी सिर्जना जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने गरी उपलब्ध स्रोत एंव साधनहरुको समानुपातिक रुपमा न्यायोचित ढङ्गले वितरण हुने गरी योजना तथा कार्यक्रम प्रस्ताव गरी बजेट वाडफाँड गर्ने र निर्वाचनका बखत गठबन्धन दलका तर्फबाट प्रस्तुत गरिएका वाचाँपत्र कार्यान्वयनका लागि मन, बचन र कर्मले लाग्ने प्रतिवद्धता व्यक्त गरेको थिए । उक्त प्रतिवद्धता अनुरुप प्रचलित कानुनको अधिनमा रहि सहमती, सहकार्य र एकताको माध्यमबाट अगाडी बढ्दै नगरबासीको सहभागीता र आवश्यकतामा आधारित भएर योजना तथा कार्यक्रमहरुको छनौट र प्राथमिकिकरण गरी उपलब्ध स्रोत र साधनहरुको उच्चतम रुपमा परिचालन हुने गरि सर्वसम्मत रुपमा योजना तथा कार्यक्रम र बजेट तर्जुमा गरी सम्मानित नगर सभामा अनुमोदनका लागि प्रस्तुत गर्दै आएको व्यहोरा पुनःस्मरण गराउँदछु ।

६) धुनिवेशी नगरको बजेट तर्जुमा गर्दा स -साना र टुक्रे योजनाहरुमा बजेट छर्नु भन्दा "एक वडा एक गौरवको आयोजना" छनौटमा बजेट केन्द्रित गर्दै कम्तिमा पालिका र वडास्तरबाट एक/एक वटा गौरवको आयोजना छनौट गरी निरन्तर रुपमा कार्यान्वयन तहमा लगेको कारण सबै वडाहरुमा देखिने गरी शहरी विकासका लागि पूर्वाधार तयार हुँदै गएको नगरसभा सदस्यज्यूहरुलाई सर्वविदितै छ ।

७) स्थानिय सरकार संञ्चालन ऐनले नगर उप प्रमुखलाईं सुम्पेका विशेषाधिकार र सिमित जिम्मेवारीहरुलाई ध्यानमा राखी उक्त ऐनले निद्रिष्ट गरेका कानूनी अधिकारहरु(न्यायिक समिति, अनुगमन, उपभोक्ता हित र गैर सरकारी संस्था समन्वय) लाई संस्थागत र प्रभावकारी बनाउने, उपभोक्ता अधिकार रक्षा गर्दै स्वच्छ, मर्यादित र कालोबजारी रहित व्यापारिक वातावरण निर्माण गर्ने,विकास निर्माणका कार्यमा सुशासन, पारदर्शिता र उच्च गुणस्तर कायम गर्न अनुगमन प्रणालीलाई चुस्त, प्रभावकारी, प्रविधि मैत्री बनाउने र महिला, बालबालिका र जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा राज्यको मूलधारबाट पछाडी परेका जाती र वर्गको आर्थिक, सामाजिक रुपान्तरण र सशक्तिकरण गर्ने र न्यायिक समितिलाई नेपालको संविधान र स्थानीय सरकार संचालन ऐनले दिएको अधिकारको सिमा भित्र रही न्यायिक निरुपणको साझा चौतारी बनाई संस्थागत गर्ने कार्यमा मन, वचन र कर्मले नै लागि पर्ने प्रतिवद्धता गरेकोमा ५ वर्षे कार्यकालको ४ वर्ष पुरा भई पाँचौ वर्ष प्रवेशका क्रममा नगरवासीहरुले अनुभूति गर्न सक्ने गरी समृद्द नगर निर्माणको ढोका खुलाउन सफल भएकोमा गर्वको अनुभूति भएको छ ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

संघीय सरकार र प्रदेश सरकारले धुनिवेशी नगरपालिकालाई उपलब्ध गराएको अनुदान रकम उत्साहजनक रुपमा बढ्न नसकेको र पालिकाको आफ्नै आन्तरिक आम्दानीमा समेत संकुचन आएकोले प्रयाप्त मात्रामा स्रोत व्यवस्थापन गर्न नसकिएको कारण वडा कार्यालय र विषयगत शाखाहरुलाई कार्यक्रम अनुसार बजेट व्यवस्थापन गर्न नसकेको तितो सत्यलाई स्वीकार गर्दै कार्यप्रगतिमा कमी देखिएको व्यहोरा नगरसभाका सदस्यज्यूहरुलाई जानकारी गराउँदै चालु आ.व.को जेष्ठ मसान्त सम्मको क्षेत्रगत कार्यक्रमहरुको कार्य प्रगति समिक्षा प्रस्तुत गर्दछु ।

**१. आर्थिक विकास**

**१.१. कृषि**

- गैरसरकारी संस्थाको सहयोगमा १८० जना कृषकलाई ईलेक्ट्रिक स्प्रेयर वितरण गरिएको।
- एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत वडा नं ६ मा बिभिन्न कार्य सहित यस वर्ष ७ हेक्टर क्षेत्रफलमा सुन्तला खेती बिस्तार भएको ।
- नगरको फलफूल तथा पुष्प स्रोत केन्द्र सञ्चालन कार्यक्रम अन्तर्गत स्रोत केन्द्रका लागि कृषि सामग्रीहरु व्यवस्थापन गरि स्रोत केन्द्रबाट ६ सय बोट मेवा, २४ सय कागति १३ सय एभोकाडो, ३० ड्रागन फ्रुट, ८ हजार भन्दा बढी सिजनल फूलको विरुवा उत्पादन गरि कृषक, सरकारी तथा सार्वजनिक संस्थालाई वितरण गरिएको ।
- कृषि लागत घटाई उत्पादन र आम्दानिमा बृद्धि गर्न कृषि यान्त्रीकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा ९२ वटा मिनिटिलर वितरण गरिएको।
- कफी प्रवर्द्धन कार्यक्रम वडा नं ६,८ र ९ मा कफी खेती विस्तार तथा व्यवस्थापनका लागि कृषकलाई २ हेक्टर क्षेत्रफलमा बिस्तार हुने गरि बिरुवा व्यवस्थापन, आवश्यक सामग्री तथा खेती विस्तारका गतिविधि सञ्चालन गरिएको र प्राविधिक सहयोग प्रदान गरिएको ।
- लिचि खेती विस्तारका लागि कृषक छनोट गरि करिब १ हेक्टर क्षेत्रफल पुरानो बगैचा व्यवस्थापन तथा करिब २ हेक्टर नयाँ क्षेत्रफलमा बिस्तार हुने गरि बिरुवा व्यवस्थापन तथा खेती विस्तारका गतिविधि सञ्चालन गरिएको र प्राविधिक सहयोग प्रदान गरिएको ।

- किसान सूचिकरण कार्यक्रम अन्तर्गत व्यापक प्रचार प्रसार सहित दर्ता हुन छुटेका कृषकहरुको लागि हरेक वडामा घुम्ती सेवा सञ्चालन गरि ४ सय ५० नँया कृषकहरु सूचिकृत गरि जम्मा ५ हजार ५ सय जना कृषक परिवारलाई सूचिकरण प्रणालीमा आबद्ध गरिएको र किसान परिचय तथा तथ्याङ्क व्यवस्थापनमा सहयोग पुगेको।
- तरकारी बालीको नयाँ पकेट विकास कार्यक्रम अन्तर्गत वडा नं २ मा व्यावसायिक तरकारी उत्पादनका लागि पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिएको।
- कृषि बजार पूर्वाधार निर्माण अन्तर्गत ५ नं वडामा सम्झौता भई बजार पूर्वाधार निर्माण कार्य सुरुवात गरिएको ।
- बाँझो जग्गा सदुपयोग कार्यक्रम अन्तर्गत बाँझो जमिनमा कृषि उत्पादन विस्तार गर्न नगरपालिकाको बाँझो जमिनमा फलफुल खेतीको सुरुवात गरिएको।
- साना सिँचाइ प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईएको ।

## १.२. पशुपन्छी बिकास

- धुनिवेशी नगरपालिकाको सम्पुर्ण पशु चौपायाहरुमा लाग्ने संक्रामक रोग विरुद्दको निःशुल्क खोप कार्यक्रम अन्तर्गत ३० हजार ८ सय बाखामा पि.पि.आर ,गाई/भैसीमा पहिलो र दोस्रो चरणको खोरेत रोग विरुद्दको खोप ,तथा गाई/भैसीमा लम्पी स्किन रोग विरुद्दको खोप कार्य सम्पन्न गरिएको।
- नगरपालिकाका पशुपालक कृषकहरुमाझ सर्वसुलभ भेटेरिनेरी सेवाको पहुँच पुर्याउनको लागि तिन पटक पशु स्वास्थ्य शिविर संचालन गरिएको।
- निजि पशु स्वास्थ्य सेवालाई व्यवस्थित र कृषकमैत्री बनाउने नगरपालिकाको निति अनुरुप ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको तालिम प्रदान गरि जम्मा २३ जना निजि पशु प्राविधिकलाई पशुपन्छी विकास शाखामा सुचिकृत गरिएको।
- गाई भैसीको नश्ल सुधारको लागि ८ सय ३३ वटा गाई र ९९ वटा भैंसीमा कृत्रिम गर्भाधान कार्य सम्पन्न गरिएको।
- रेबिज रोगको जोखिममा रहेका ६२ जना पशु स्वास्थ्यकर्मी, खोपकर्ता, कर्मचारी तथा व्यक्तिहरुलाई रेविज विरुद्द प्रि एक्सपोजर भ्याक्सिन प्रदान गरिएको।
- पशुपन्छी विकास शाखा अन्तर्गत वडा नं ०३ को कार्यालय, रमाईलोचौरमा पशु उपचार तथा डिस्पेन्सरी सेवा, आधारभुत प्रयोगशाला सेवा, परामर्श सेवा तथा पशुपन्छी विमा दावि सिफारिस सेवा समेत प्रदान गरिने गरि पशु सेवा केन्द्र स्थापना गरिएको।

## १.३. रोजगार प्रवर्द्धन

- २० जनालाई वैदेशिक रोजगारीका लागि पुनःश्रम स्वीकृति दिईएको ।
- वैदेशिक रोजगार सन्तति छात्रवृत्ति कार्यक्रमका लागि ७ जना विद्यार्थी छनोट गरी FEWMIS प्रणालीमा अद्यावधिक गराई आर्थिक सहायताका लागि सहजीकरण गरिएको ।
- वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका १ जनाको शव झिकाईएको।
- न्यूनतम पारिश्रमिक उपलब्ध नगराएको भनी प्राप्त श्रमिकहरुको निवेदनमा छलफल गरी मेलमिलापबाट समस्याको समाधान गरिएको।

- हाइवेमा रहेका होटलहरुमा बल श्रम शोषर्णका सम्बन्धमा स्थलगत अनुगमन गरी उद्धारका लागि पहल गरिएको ।
- ३ सय ९० कार्यघण्टाको वारिष्टा (कफि मेकिङ्ग) र सिलाईकटाई (टेलरिङ्ग) तालिम सञ्चालन गरिएको ।
- वडा नं. १ मा दुई वटा होमस्टे संचालन गर्न अनुमति प्रदान गरिएको ।

**१.४. लघु उद्यम विकास कार्यक्रम**

- वडा नं. २ मा १५ जना र वडा नं. ५ मा १५ जना गरी जम्मा ३० जनालाई उद्यमशीलता तालिम प्रदान गरिएको ।
- वडा नं. ५ मा १४ जनालाई एड्भान्स, वडा नं. २ मा १४ जनालाई साधारण नौमती बाजा बजाउने तालिम र वडा नं. ४ मा १२ जनालाई फेसनडिजाइनर सम्वन्धि एड्भान्स सिलाईकटाई तालिम प्रदान गरि प्रमाणपत्र वितरण गरिएको । वडा नं. २ मा १५ जनाको बाजा समूह तयार गरी दर्ता समेत गराईएको

**१.५. सहकारी**

- नगर भित्रका सहकारी संस्थाहरुलाई वृस्तृत अनुगमन गर्नका लागि विशेष अनुगमन टोली गठन गरी अनुगमन कार्यलाई व्यवस्थित र उपलब्धिमूलक बनाइएको ।
- सहकारी संस्थालाई अनुगमन गरी समस्याहरुलाई सहजीकरण र सुझाव दिई व्यवस्थित रुपमा संचालन गर्न वा बन्द गर्न निर्देशन दिईएको ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

**२. सामाजिक विकास**

- नगर भित्रका सहकारी संस्थाहरुलाई विस्तृत अनुगमन गर्नको लागि विशिष्ट अनुगमन टोलि गठन गरी अनुगमन कार्यलाई व्यवस्थित र उपलव्धिमूलक बनाईएको।
- सहकारी संस्थाहरुलाई अनुगमन गठित समस्याहरुलाई सहजिकरण र सुझाव दिई व्यक्तिगत रुपमा संचालन गर्न वा वन्द गर्न निर्देशन दिईएको ।

**२.१. शिक्षा युवा तथा खेलकुद**

- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरूसँग नगरपालिकास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन भई विद्यालय तहमा सञ्चालन गर्नको लागि आवश्यक सामग्रीको व्यवस्थापन गरी कक्षा १० मा अध्ययरत विद्यार्थीहरूको वृत्तिको पहिचान गर्ने कार्य सम्पन्न गरिएको ।
- विभिन्न विद्यालयहरुमा शिक्षक तथा कर्मचारी पद रिक्त रहेको अवस्थामा सट्टा शिक्षक व्यवस्थापन गरिएको।
- नगरपालिका अन्तरगतका विभिन्न सामुदायिक विद्यालयहरूमा केही शिक्षक तथा कर्मचारीहरूको विद्यालय समायोजन र दरबन्दी मिलानका क्रममा सरूवा तथा पदस्थापन गरिएको ।
- विभिन्न सामूदायिक विद्यालयहरुमा रिक्त शिक्षक करारमा नियुक्ति गरिएको।
- नगरपालिकास्तरीय १५ औं राष्ट्रपति रनिङशील्ड प्रतियोगिता सञ्चालन गरी सम्पन्न गरिएको ।
- विद्यार्थी संख्याको आधारमा विद्यालयहरुलाई कक्षा घट वढ र शिक्षक समायोजन र मर्ज गरिएको ।

- धादिङवेसीमा सञ्चालन गरिएको धादिङ जिल्ला स्तरीय १५ औं राष्ट्रपति रनिङसिल्ड प्रतियोगतामा यस नगरपालिकाबाट विविध खेल विधाका ५७ जना खेलाडी विद्यार्थीहरूको सहभागीता गराई १ स्वर्ण, २ रजत र १० काँस्य गरी जम्मा १३ पदक जित्न सफल भएको ।
- दिवा खाजा, पाठ्यपुस्तक, गैर आवासीय छात्रवृत्ति, प्रति विद्यार्थी लागत तथा विपन्न लक्षित छात्रवृत्ति अन्तरगत वार्षिक रु ६ हजारको दरले विभिन्न सामुदायिक विद्यालयमा अध्ययरत ९० जना विद्यार्थीहरूको खातामा रकम भुक्तानी गरिएको ।
- शिक्षक पेशागत तालिम, आन्तरिक मूल्याङ्कन र पोर्टफोलियो निर्माण लगाएतका तालिमहरु संचालन गरिएको ।
- कराँते खेल प्रशिक्षण कार्य सञ्चालन गरिँदै आएको ।
- विद्यालयको आवश्यकता अनुसार कम्प्युटर,ल्यापटप,टिभि लगायतका शैक्षिक सामाग्री वितरण गरिएको।
- हाल सम्म संघीय ससर्त अनुदान अन्तरगत ९२.२८ प्रतिशत, प्रदेश अनुदान अन्तरगत ९६.२३ प्रतिशत र स्थानीय तहको ५२.२९ प्रतिशत वित्तीय प्रगति भई समग्रमा ८०.४८ प्रतिशत प्रगती रहेको ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

**२.२. स्वास्थ्य**

- आयुर्वेदिक अस्पताल, नगर अस्पतालको पूर्वाधार तयार गरिएको
- स्वास्थ्य चौकीहरुमा ल्याव, प्रयोगशालाको व्यवस्था गरिंएको।
- महिला स्वंयमसेविकाहरुलाई सेवासुविधा प्रदान गरिएको।
- २४ सै घण्टा बर्थिङ्ग सेवा,विभिन्न स्वास्थ्य शिविरहरु संचालन गरिएको।
- असाध्य रोग लागेका विरामीहरुलाई रु १० हजार नगरपालिकाले राहत प्रदान गरिएको ।
- नगरभित्र सञ्चालित गाँउघर क्लिनिकवाट २ हजार ४ सय १२ जनालाई सेवा प्रदान भएको ।
- यस नगर भित्रका २८ जना महिला सामुदायिक स्वास्थ्य स्वंयम् सेविकाहरु मार्फत ११ हजार ८ सय १९ जना लाई परामर्श सेवा प्रदान गरिएको ।
- आमा सुरक्षा कार्यक्रम अन्तर्गत २ सय ५२ जना गर्भवती महिलाहरुले कम्तीमा एक पटक गर्भवती जाँच गराएका र २ सय २ जना गर्भवती महिलाहरुले प्रोटोकल अनुसार ४ पटक र १ सय २२ जनाले ८ पटक गर्भ जाँच सेवा प्राप्त गरेका छन् भने ६८ जनाले ३ वटा बर्थिङ सेन्टरहरुबाट सुरक्षित प्रसुति सेवा प्राप्त गरेका।
- तीन वटा स्वास्थ्य चौकीमा रहेका बर्थिङ सेन्टरहरुमा ६८ जना संस्थागत सुत्केरी भएका महिलाहरुलाई भित्री कपडा, स्यानिटरी प्याड र वर्थिङ सेन्टरमा वसुन्जेल जाउलोको व्यवस्था गरिएको ।
- १ सय ७४ जना गर्भवती महिलाहरुलाई १ सय ८० आइरन चक्की र क्याल्सियम चक्की वितरण गरिएको ।
- ८१ जना सुत्केरी महिलाहरुले भिटामिन ए र ४५ जनाले आइरन चक्की पाएका छन् ।
- उत्तर प्रसुति घरभेट कार्यक्रम अन्तर्गत १ सय ८८ जना सुत्केरी महिलाहरुलाई प्रोटोकल अनुसार ४ पटक सुत्केरी जाँच सेवा प्रदान गरिएको ।

- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत ८२ जना महिलाहरुले सुरक्षित गर्भपतन सेवा प्राप्त गरेका छन् ।
- हाल सम्म ३ सय १४ जना नयाँ सेवाग्राहीहरु परिवार नियोजन सेवामा आबद्ध भएका छन् भने १ हजार ९ सय ८२ जनाले निरन्तर लामो तथा छोटो अवधीको परिवार नियोजनका साधनहरु प्रयोग गरिरहेका छन् ।
- तीन वटा स्वास्थ्य चौकीहरु र वडा नं. ९ को कानाकोटमा रहेको  आधारभुत स्वास्थ्य केन्द्रवाट मासिक रुपमा ग्रामिण अल्ट्रासाउण्ड सेवा प्रदान भइरहेको छ,
- खोप सेवा अन्तर्गत २ बर्ष मुनिका ३ सय ७ जना बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार १३ थरीका एन्टिजेन खोप प्रदान गरिएको छ ।
- नगर भित्रका २ बर्ष मुनिका २ सय २९ जना नयाँ बालबालिकाहरु बृद्धि अनुगमन कार्यक्रममा आबद्ध भएका छन् साथै १ सय ८१ जना २३ महिना पुरा गरेका बालबालिकाहरुको २ हजार ३ सय ९० पटक बृद्धि अनुगमन भएको छ ।
- राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तरगत ६ देखि ५९ महिनासम्मका १ हजार ७ सय ४३ जना बालबालिकाहरुले भिटामिन ए र १२ देखि ५९ महिनासम्मका १ हजार ५ सय ८३ जना बालबालिकाहरुलई जुकाको औषधि उपलब्ध गराईएको छ ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत ४ हजार ८ सय ५९ विद्यार्थीहरुलाई जुकाको औषधी र १ हजार २ सय ४१ जना किशोरीहरुले २६ हप्तासम्म आइरन फोलिक एसिड उपलब्ध गराईएको छ ।
- विद्यालयहरुमा १९ पटक र समुदायमा ४१ पटक स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।
- कडा रोग अन्तर्गत मुटु रोग लागेका १६ जना, मृगौला रोग लागेका ८ जना, क्यान्सर लागेका ४० जना, , हेड इन्जुरी भएका १ जना, स्पाइनल ईन्जुरी भएका १ जना तथा अन्य रोग लागेका ११ जना गरी जम्मा ७७ जना विपन्न नागरिकहरुलाई आर्थिक सहायता प्रदान गरिएको छ ।
- बैशाख मसान्तसम्म १ सय ६ जना विरामीहरुलाईं प्रति महिना रु. पाँच हजारका दरले औषधि खर्च प्रदान भएको छ ।
- नौविसे स्वास्थ्य चौकीमा मेडिकल अफिसर व्यवस्थापन गरी चिकित्सकीय सेवा प्रदान भईरहेको छ ।
- नौबिसे स्वास्थ्य चौकीबाट हप्ताको एक पटक सञ्चालित विशेषज्ञ चिकित्सकिय सेवा अन्तर्गत ४ सय ३५ जना नागरिकहरुले  विशेषज्ञ चिकित्सकिय सेवा प्राप्त गरेका छन् ।
- नगर भित्रका जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरुलाई स्वास्थ्यकर्मीहरु घरदैलोमा नै गई स्वास्थ्य परिक्षण तथा परामर्श सेवा  प्रदान गरिएको छ ।
- नगरपालिकाको स्वमित्वमा रहेका ४ वटा एम्बुलेन्सहरुले (नौविसे स्वास्थ्य चौकी ,जिवनपुर स्वास्थ्य चौकी र छत्रेदेउराली स्वास्थ्य चौकीमा रहि) १ हजार १ सय ६ जनालाई निःशूल्क, ४ सय ४५ जनालाई सःशुल्क गरी जम्मा १ हजार ८ सय १४ जना सेवाग्राही नागरिकहरुलाई एम्बुलेन्स सेवा उपलब्ध भएको छ जसबाट राजस्व वापत  रु ४ लाख ३७ हजार ५ सय जम्मा भएको छ ।
- नौविसे स्वास्थ्य चौकीबाट १ हजार १ सय ८८ जनालाई एक्स्रे सेवा प्रदान गरिएको छ ।

- धुनिवेशी नगरपालिका अन्तर्गत वडा नं. १ चिलाउनेगाउँ, वडा नं. २ थापागाउँ र वडा नं. ७ मजुवामा शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना भइ स्वास्थ्य सेवा प्रदान भइरहेको छ
- नागरिक आरोग्य सेवा केन्द्रबाट १ हजार ९ सय १३ जनालाई आर्यूवेद स्वास्थ्य सेवा प्रदान भएको छ भने तीन वटा स्वास्थ्य चौकीहरुबाट ८ सय २७ जना सेवाग्राहीहरुलाई घुम्ती आर्यूवेद स्वास्थ्य सेवा प्रदान भएको छ ।
- शहरी आँखा उपचार केन्द्र संचालन गरिएको।
- संघिय सरकार र प्रदेश सरकारसंग समन्वय गरी स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धी गर्न सघन रुपमा तालिम प्रदान गर्ने कार्य भईरहेको छ ।
- महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न गरियो ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

**२.३. महिला बालबालिका तथा जेष्ठ नागरिक**

- हाल सम्म महिला र पुरुष गरि जम्मा १२४ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरिएको ।
- क वर्गको ३ वटा, ख वर्गको ९ वटा, ग वर्गको ४ वटा र घ वर्गको ३ गरि जम्मा १९ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएको ।
- वडा न. ५ मा नमुना उद्यमशील महिला समुहका सदस्यहरुलाई ढाका बुनाई एडभान्स तालिम कार्यक्रम सम्पन्न भएको ।
- वृद्धवृद्धा विश्राम स्थल सेवा सञ्चालन तथा व्यवस्थापन कार्यक्रम सञ्चालनको लागि सबै प्रक्रिया पुरा भई धुनिवेशी नगरपालिका र मानव सेवा आश्रम बिच द्धिपक्षिय सम्झौता अनुसार सेवा संचालन गरिएको।
- सुरक्षित आवास घर सेवा (सेफहाउस) सञ्चालन तथा व्यवस्थापनको लागि धुनिवेशी नगरपालिका र श्री कालीदेवी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. बिच सम्झौता भई सेवा सञ्चालनमा रहेको।
- कार्यविधीमा उल्लेख भए अनुसार बाबु र आमा दुबै जना मृत्यू भएको १० जना बालबालिकाहरुलाई शिक्षा, स्वास्थ्य, तथा पोषणका लागि प्रत्येक बालबालिकालाई मासिक रु.२ हजारका दरले बार्षिक एकमुष्ठ कुल जम्मा २ लाख ४० हजार सम्बन्धित व्यक्तिको खातामा जम्मा गरिएको ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना (सी.बि.आर) कार्यक्रम मार्फत १८ जना व्यक्तिहरुलाई टेवा पुँजि र वडा नं ५ का २० जना महिलाहरुलाई ३ महिनाको बेसिक सिलाई कटाई(टेलरिङ) तलिम, वडा नं १ मा रहेको जगतकाली महिला समुहका २१ जनालाई १ महिनाको बेसिक जुत्ताचप्पल बनाउने तालिम र वडा नं ७ र ९ का ३५/३५ जना महिलाहरुलाई १ महिनाको व्युटिपार्लर तालिम प्रदान गरिएको ।

**२.४. सामाजिक सुरक्षा**

- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यक्रमलाई सरल र सहज बनाई भुक्तानी छिटो हुने प्रकृया अपनाईएको छ।
- लाभग्राहीहरुको विवरण नगरपालिकाको वेभसाईट मार्फत सार्वजनिक गर्ने गरिएको ।

**२.५. पञ्जिकरण**

- वडा कार्यालयहरु मार्फत पंजिकरण सेवा छिटो, छरितो प्रदान हुने व्यवस्था मिलाईएको।

**२.६. सुरक्षित आप्रवसन सामी परियोजना**

- ३२ जना व्यक्तिलाई मनोपरामर्श सेवा प्रदान गरिएको ।
- २ वटा २१ हप्ते वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कार्यक्रम सम्पन्न गरिएको ।
- ५ वटा माध्यामिक विद्यालयहरुमा वित्तिय साक्षरता कक्षा सम्पन्न गरिएको ।
- १२ वटा वैदेशिक रोजगार सम्वन्धी गहन अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको।
- १३ वटा बैदेशिक रोजगार सम्वन्धी केश रेफर गरिएको ।
- २ वटा विद्यालयमा मनोपरामर्श कार्यक्रम सम्पन्न गरिएको ।
- ११ जना मनोपरामर्श समस्या भएको व्यक्तीलाई पाटन अस्पताल रेफर गरिएको ।
- ५ वटा एकदिवसिय र ३ वटा ३ दिने वित्तिय साक्षरता कक्षा सम्पन्न गरिएको

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

**३. भौतिक पूर्वाधार विकास**

**३.१. योजना**

- चा.लु. आ.व.२०८२/०८३ को हाल सम्ममा वडास्तरिय, नगरस्तरिय र काठमाण्डौ महानगरपालिकाको अनुदान रकम बाट भुक्तानी हुने गरी कार्वान्यिन गरिने जम्मा ३२० योजनाहरु मध्ये २३१ वटा योजना सम्झौता गरिएको ति मध्ये ११८ वटा योजना सम्पन्न भईसकेका, ११३ वटा योजना सम्पन्न हुन बाँकी रहेका र ४२ वटा योजना सम्झौता नभएका तथा १० लाख भन्दा माथिका ४७ वटा योजनाहरु पूर्वाधार शाखा मार्फत ठेक्का प्रक्रियाबाट काम भईरहेको अवस्था छ ।
- ३२० वटा योजनाहरु मध्ये रु. १ लाख सम्मका २१ वटा योजना, रु. १ लाख भन्दा माथि ५ लाख सम्मका १८४ वटा योजना, रु. ५ लाख भन्दा माथि १० लाख सम्मका ६८ वटा योजना र १० लाख भन्दा माथिका ४७ वटा योजनाहरु रहेका छन्।
- योजनाको कामलाई प्रभावकारी, पारदर्शी, मितव्ययी, गुणस्तरीय र दिगो बनाउन अनुगमन तथा मूल्याङ्कन कार्यलाई निरन्तरता दिईएको छ ।

**३.२. पूर्वाधार**

- ७ हजार ६ सय ४६ मीटर नयाँ सडक निर्माण भएको ।
- ८ हजार ४ सय ७५ मीटर सडक मर्मत सुधार भएको।
- १३ हजार १ सय २९ मीटर सडक ग्राभेल भएको ।
- १ हजार ९ सय ३० मिटर सडक कालोपत्रे भएको ।
- ४ हजार ४ सय ३५ रनिङ मीटर पक्की नाली निर्माण भएको ।
- ९ हजार ४ सय ८९ रनिङ मीटर कच्ची नाली निर्माण भएको ।
- ४ हजार ६ सय ६६ मीटर सडक ढलान भएको ।
- १ हजार १ सय १८ मी ग्याविन बाल निर्माण भएको ।
- १ हजार २ सय २४ मीटर मेसनरी बाल निर्माण भएको ।
- १ सय २४ मीटर ह्युम पाइप कल्भर्ट निर्माण।
- २ हजार ३० मीटर गोरेटो बाटो मर्मत सुधार गरिएको
- ४ सय २ मीटर सिंचाई कुलो निर्माण भएको ।
- ५ वटा चौतारा निर्माण भएको ।

- १८ वटा सामुदायिक भवन/ट्रस निर्माण भएको ।
- ३ वटा क्याम्पस तथा विद्यालय भवन निर्माण भएको ।
- २१ वटा मन्दिर निर्माण भएको ।
- ५ वटा मरणघाट तथा चिहान निर्माण भएको ।
- २ वटा गुम्वा निर्माण भएको ।
- ५ वटा खेलमैदान निर्माण भएको ।
- ३ वटा नदी तटवन्धन भएको ।
- ४ वटा कजवे निर्माण भएको ।

**३.३. खानेपानी**

- ४ वटा ट्याङ्की निर्माण भएको।
- एक घर एक धारा कार्यक्रम अन्तर्गत २ सय ४० वटा धारा जडान भएको ।
- ५ वटा ईन्टेक निर्माण भएको ।
- १२ कि.मी जि आई/एच डि पी पाइप खरिद भई पाइप लाइन खन्ने पुर्ने काम भएको ।
- ९ वटा पानी तान्ने पम्प खरिद भएको ।
- २ वटा हिल ट्याङ्क खरिद भई जडान भएको ।

**३.४. नापी**

- ९० वटा व्यक्तिगत निवेदन अनुसार फिल्ड नापजाँच गरिएको।
- घरबाटो सिफारिसका लागि फिल्ड निरिक्षण गरि प्रतिवेदन पेश गरेको।
- १८ स्थानका सरकारी तथा सार्वजनिक जग्गा नापजाँच गरिएको ।
- सरकारी तथा सार्वजनिक भवन र जग्गाहरुको डिजिटल सर्भे गरि साँध सिमाना छुट्याइएको ।
- जग्गा वर्गिकरणमा छुट भएका र पुनः वर्गिकरणको माग गरेका व्यक्तिहरुको वर्गिकरणमा समावेश गरी प्राविधिक त्रुटि सच्याई भूमि प्रशासन कार्यालयमा विवरण पठाइएको ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

**४. वन वातावरण तथा विपद् व्यवस्थापन**

**४.१. वातावरण तथा फोहोरमैला व्यवस्थापन**

- धुनिवेशी नगर क्षेत्रलाई स्वच्छ, सफा र सुन्दर नगर बनाउन आ.व. ०८१/०८२ देखि शिरिषा एण्ड सुजा कन्स्ट्रक्सन प्रा.लि.सँग ठेक्का सम्झौता भई फोहोरमैला व्यवस्थापन हुँदै आएको ।

**४.२. विपद् व्यवस्थापन**

- विपद् सम्बन्धी पूर्व तयारी तथा प्रतिकार्य योजना बनाइएको

**४.३. दमकल**

- २४ सै घण्टा तयारी अवस्थामा रही २७ वटा आगलागीको घटना नियन्त्रणमा लिईएको।

**४.४. उद्योग**

- सिमेन्ट १, ग्यास -३ वटा, औषधी -२, वाईन १, ईट्टा ११, बैक वित्तिय संस्था २२ वटा स्थानिय व्यवसाय पसल २ हजार २ सय ९५ वटा यसका अलवा ३७ वटा उपभोक्ता समिति तथा संस्था दर्ता, घ वर्गको निर्माण व्यवसायहरु दर्ता भई सन्चालनमा रहेका छन ।

## ५. सुशासन तथा संस्थागत विकास

### ५.१. प्रशासन शाखा

- नगरपालिकाको स्विकृत संगठनात्मक संरचना एवम् दरवन्दी तेरिज अनुसार कायम भएको कर्मचारी संख्या ७१ रहेकोमा नगरकार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी -२५ जना, स्वास्थ्य चौकीहरुमा कार्यरत स्थायी कर्मचारी संख्या-१६ जना, वडा कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारी संख्या-१७ गरी दरवन्दी संरचना अनुसार स्थायी कर्मचारी संख्या-५८ जना छन् ।
- नगरकार्यपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारी संख्या-२७, परियोजना तर्फ करार सेवामा कार्यरत कर्मचारी-१४, स्वास्थ्य सेवा तर्फ करार सेवामा कार्यरत कर्मचारी-४२, एक विद्यालय एक नर्स कार्यक्रम तर्फ करार सेवामा कार्यरत विद्यालय नर्स संख्या-३, वडा कार्यालय तर्फ करार सेवामा कार्यरत कर्मचारी संख्या-१७ र नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत कर्मचारी संख्या-२ गरी जम्मा करार सेवामा कार्यरत कर्मचारी संख्या-१०५ जना गरी नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत (स्थायी र करार) कर्मचारी संख्या-१६३ जना रहेको छ ।
- जनप्रतिनिधि-४९ जना, कर्मचारी-१२७ जना र शिक्षक-२११ जना गरी जम्मा ३८७ जनाको आ.व.२०८१।०८२को सम्पत्ति विवरण संकलन गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय बागमती प्रदेशमा बुझाइएको छ।
- चालू आ.व.को जेष्ठ मसान्त सम्म ऐन- २९ नियमावली ७ निर्देशिका ५ कार्यविधि ८० नीति १ मापदण्ड २ रणनीति १ दिग्दर्शन १ र प्रतिकार्य योजना १ गरी जम्मा-१२७ वटा कानूनहरु निर्माण गरिएको छ।
- स्थायी सेवा वा पदमा कार्यरत ५६ जना कर्मचारीहरुले आ.व.२०८१।०८२ का लागि भरी पेश गरेको कार्य सम्पादन मूल्याङ्कन फारमहरुमध्ये ३२ जना कर्मचारीहरुको नगरपालिकाबाट १६ कर्मचारीहरुको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेटौडाबाट र ८ जना कर्मचारीहरुको जिल्ला समन्वय समितिको कार्यालय, धादिङबाट कार्यसम्पादन मूल्याङ्कन गर्ने गराउने कार्य सम्पन्न गरिएको छ।
- आ.व. २०८२।०८३ को लागि नगरसभाबाट स्वीकृत भएको नीति, कार्यक्रम र बजेट समावेश भएको एकीकृत योजना पुस्तिकालाई सम्पादन र छपाई गर्ने काम सम्पन्न गरीएको र आर्थिक ऐन-२०८२, विनियोजन ऐन-२०८२ स्थानीय राजपत्रमा प्रकाशन भएको छ ।
- **कर्मचारी व्यवस्थापनः-** कानुन अनुसार नियुक्ति, बढुवा, पदस्थापन, जिम्मेवारी हेरफेर, करार म्याद थप लगायतका कार्य गरी कर्मचारी व्यवस्थापनको कार्य गर्दै सेवा प्रवाहलाई नियमित चुस्त, दुरुस्त, प्रभावकारी, पारदर्शी एवम् सवल सक्षम बनाउने कार्य गरिएको छ ।
- रिक्त पदपूर्तीः- बागमती प्रदेश लोकसेवा आयोगको कार्यालय हेटौडामा अधिकृतस्तर ९/१० औं तह शिक्षा निर्देशक पद संख्या-१, अधिकृतस्तर ९/१० औं तह सि.डि.ई. पद संख्या-१, अधिकृतस्तर ७/८ औं तह इन्जिनियर पदसंख्या-१, अधिकृतस्तर ७/८ औं तह कृषि/एगृ/इको एण्ड मार्केटिङ पद संख्या-१, सहायक स्तर पाँचौं तह प्रशासन सेवाको वरिष्ठ सहायक पद संख्या-१, सहायक स्तर पाँचौं तह प्रशासन सेवाको वरिष्ठ लेखा सहायक पद संख्या-१, सहायक स्तर पाँचौं तह सब-ईन्जिनियर (सिभिल/स्यानिटरी) पद संख्या-१, सहायक स्तर पाँचौं तह प्राविधिक सहायक पशु स्वास्थ्य प्राविधिक पद संख्या-१, सहायक स्तर चौथो तह प्रशासन पद संख्या-४ र सहायक स्थर चौथो तह अमिन पद संख्या-१ गरी जम्मा पदसंख्या १४ पदपूर्तीका लागी माग आकृति फारम भरी पठाएकोमा बागमती

प्रदेश लोक सेवा आयोग हेटौडाको पत्रअनुसार शिक्षा निर्देशक-१, सिडिई-१, सातौ तहको ईन्जिनियर (सिभिल)-१, प्रशासन तर्फको वरिष्ठ सहायक-१, वरिष्ठ लेखा सहायक-१, सब-ईन्जिनियर (सिभिल)-१, प्राविधिक सहायक पशु स्वास्थ्य चिकित्सक-१ गरी जम्मा पद संख्या-७ स्थायी रुपमा पदपूर्ती हुने ग्यारेन्टी भई उक्त पद सुरक्षित गरिएको छ ।

- आ.व.२०८२।०८३ को श्रावण देखि हाल सम्म सम्म ११ पटक नगर कार्यपालिकाको वैठक बसेको छ । कार्यपालिकाबाट भएका निर्णयहरु सम्बन्धित शाखा, कर्मचारी र कार्यालयसँग समन्वय गरी निर्णय कार्यान्वयनमा सहजीकरण गरिएको छ ।
- नगर कार्यपालिका र नगरसभाका निर्णयहरु वेवसाईट मार्फत सार्वजनिक गर्ने गरिएको ।
- आ.व.२०८२।८३को श्रावण देखि जेष्ठ मसान्त सम्म कार्यालयमा २ हजार ९ सय ५४ वटा चिठीपत्र दर्ता भएका छन् भने कार्यालयबाट बाहिरिएका चिठीपत्रको संख्या २ हजार ६ सय ४२ वटा रहेको छ । कार्यालयमा दर्ता भएका चिठीपत्रहरुको सम्बन्धित शाखा मार्फत कार्यसम्पादन एवम् कार्यसम्पन्न गरिएको छ ।
- नगरपालिका कार्यालयमा गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा २७, सूचनाको हक सम्बन्धी ऐन २०६४, नियमावली २०६५ र सोको कार्यविधि २०७२ बमोजिम कार्यालयमा भए गरेका कामका विषयमा सूचना माग भएको अवस्थामा सम्बन्धित व्यक्तिलाई सूचना अधिकारी मार्फत सूचना एवं जानकारी उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । कार्यालयका प्रत्येक वडा तथा विषयगत शाखाबाट भए गरेका काम कारवाहीहरु प्रत्येक ३/३ महिनामा सूचना अधिकारी मार्फत स्वतःप्रकाशन गरी नगर कार्यपालिकाको कार्यालयको वेबसाइटमा राखी सू-सूचित गर्ने गरिएको छ।
- नगरकायपालिका कार्यालय र वडा कार्यालयबाट सम्पादन हुने मुख्य मुख्य कार्यहरु समेटिएको नागरिक वडापत्रको निर्माण गरी नगरकार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको लागी नागरिक वडापत्रको व्यवस्था गरिएको छ ।
- स्थानीय सेवाको गठन तथा संचालन ऐन-२०७९ को दफा ९ र दफा ३० को प्रावधान बमोजिम मिति २०८२।०४।०१ र २०८२।१०।०१ देखी लागू हुने गरी अधिकृत छैठौं तहमा ४ जना र पाँचौ तहमा ३ जना गरि जम्मा ७ जनाकोतह वृद्दि गरिएको छ ।
- अनिवार्य अवकास र रजिनामाः- अधिकृतस्तर दशौ तहको शिक्षा निर्देशक कर्ण बहादुर भुवाजी मिति २०८२।०९।०१ देखी लागू हुने गरी उमेरहदका कारण सेवाबाट अनिवार्य अवकास हुनेगरी रा.प.प्रथम श्रेणीको पदमा बढुवा सहित अनिवार्य अवकासमा जानुभएको छ भने छत्रेदेउराली स्वास्थ्य चौकीमा सहायकस्तर पाचौं तहको सि.अ.हे.व. श्री लक्ष्मी अधिकारीले मिति २०८२।०९।१७ देखी लागू हुने गरी पदबाट स्वेच्छिक रुपमा राजिनामा गरी पदमुक्त हुनुभएको छ ।
- नगरपालिकालाई विपक्षी बनाई सम्मानित सर्वोच्च/उच्च र जिल्ला अदालत धादिङ मा दायर भएका १९ वटा मुद्दामा नगरपालिकाको तर्फबाट प्रतिउत्तर लगाई तारेखमा बसी मुद्दाको पूर्पक्षका लागि बहस पैरवी गर्ने गराउने कार्य भईरहेको छ । नगर केन्द्र तोकिएको स्थान, नगर केन्द्र र प्रशासकीय भवन निर्माण सम्बन्धी निर्णय बदर गरी पाउँ भनी धुनिवेशी नगरपालिका वडा नं.७ बस्ने कपिल प्रसाद पाठक समेत जना-१५ ले धुनिवेशी नगरपालिका समेतलाई विपक्षी बनाई मिति २०७७।०४।२९ मा सम्मानित सर्वोच्च अदालतमा उत्प्रेषण, परमादेश समेतको आज्ञा आदेश माग गरी दायर भएको मुद्दा नं.०७७-WO-०११२को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति

२०८३।०२।१८ मा रिट निवेदन खारेज हुने ठहर भई नगरपालिकाको पक्षमा आदेश जारी गरी मुद्दाको अन्तिम किनारा लागेको छ । सम्मानित अख्तीयर दुरुपयोग अनुसन्धान आयोगमा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई लक्षीत गरी विना, आधार, प्रमाण र कारण दर्ता भएका उजुरिहरुको पुष्ठ्याई दिने तथा प्रमाण भिडाई जवाफ पेश गरिएको छ । सम्मानित अख्तीयर दुरुपयोग अनुसन्धान आयोगको पत्रानुसार विभिन्न विद्यालयहरु विरुद्द परेका उजुरीका विषयमा सम्बन्धित विद्यालयमा गई अध्ययन, विश्लेषण एवं छानविन गरी स्थलगत रुपमा तयार भएको प्रतिवेदन र नगरपालिकाको तर्फबाट राय प्रतिकृया तथा जवाफ तयार पारी आयोगमा पेश गरिएको छ । कतिपय उजुरीहरु तामेलीमा गएको जानकारी प्राप्त भएको छ भने कतिपय उजुरीहरु हालसम्म विचाराधिन रहेको अवस्था छ ।

- हेलो सरकारमा दर्ता भई गुनासो सम्बोधनका लागी लेखि आएका गुनासोहरुलाई सम्बोधन गर्ने र गुनासो सम्बोधनका क्रममा भए गरेका कार्य एवं प्रगतिको जानकारी नियमित रुपमा हेलो सरकारलाई गराइएको छ ।
- धुनिवेशी नगरपालिका वडा नं.२मा संचालनको तयारीमा रहेको वृद्दा विश्राम स्थल, धुनिवेशी नपा-९मा रहेको नागरिक आरोग्य सेवा केन्द्र, नगरपालिका मातहतमा रहेको पुष्प स्रोत केन्द्र नर्सरी र धुनिवेशी पार्कमा कामकाज गर्ने गरी ५ जना कार्यालय सहयोगीहरु र नगर बस संचालनका लागी हेभी सवारी चालक १ जना करार सेवामा कामकाज गर्ने गरी व्यवस्थापन गरिएको छ । प्रस्तवित नगर अस्पतालको रिक्त रेडियो ग्राफर पद संख्या-१ र स्वास्थ्य शाखामा जनस्वास्थ्य अधिकृतका रुपमा करार सेवामा कामकाज गर्ने गरी खुल्ला प्रतिष्पर्धाको माध्यमबाट पदपूर्ती गर्ने गरी विज्ञापन गरिएकोमा छनौटको प्रकृया अगाडी बढाईएको छ ।
- धुनिवेशी नगरपालिकाको संगठन तथा व्यवस्थापन परिक्षण प्रतिवेदन २०८२ लाई संघीय सरकारले जारी गरेको संगठन तथा व्यस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ र बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मा.मुख्यमन्त्रीस्तरको मिति २०८३।०१।१४ को निर्णयानुसार मापदण्ड अनुकुल हुने गरी पुनरावलोकन गरी मुल्यांकनका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, बागमती प्रदेशमा पठाउने तयारी गरिएको छ ।

### ५.२. न्यायिक समिति

- आ.व ८२/८३ को जेठ मसान्त सम्म न्यायिक समितिमा जम्मा १८ वटा उजुरी परेकोमा ११ वटा फछ्यौंट भई सकेको,४ वटा प्रकृयामा रहेको र ३ वटा मुलतवीमा रहेको छ ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

### ५.३. सूचना प्रविधि

- नगरपालिका,वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा ई-हाजिरी जडान भई ई-हाजिरीबाट मात्र हाजिर गर्ने व्यवस्था गरिएको।
- नगरपालिकाबाट प्रकाशित हुने विभिन्न सूचना,जानकारी ,निर्देशनहरु नगरपालिकाको वेभसाईट तथा समाजिक सञ्जाल बाट निरन्तर प्रकाशित गर्ने कार्य नियमित भईरहेको ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा (LGPAS) को सूचकले मागेका आ.ब ८१/८२ को विवरणहरु भरी ६०.७ अंक दावी गरि पृष्ठपोषणका लागि भूमि व्यवस्था,सहकारी,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गरिएको ।

- कम्प्युटर, प्रिन्टर, सर्भर, र अन्य इलेक्ट्रोनिक उपकरणहरूको प्राविधिक निरीक्षण गर्ने र बिग्रिएका सामानहरूको मर्मत सम्भार गर्ने तथा मर्मत गर्न लगाउने गरेको।
- कार्यालयका लागि आवश्यक पर्ने कम्प्युटर, सफ्टवेयर तथा अन्य सूचना प्रविधिका सामग्रीहरूको स्पेसिफिकेसन तयार र प्राविधिक जाँच गरी प्रमाणित गर्ने गरेको।
- कार्यालयबाट प्रकाशन हुने e-bidding संग सम्वन्धित विडिङ्ग डकुमेन्ट तयार गर्ने, प्रकाशन गर्ने कार्य गर्ने गरेको ।

**५.४. नगर प्रहरी**

- प्रशासकीय भवन र नगरक्षेत्र भित्र संचालन हुने सभा, समारोह, गोष्ठी, जात्रा, खेलकुद प्रतियोगिताहरुमा सुरक्षा व्यवस्था मिलाइएको ।
- सडक दुर्घटनामा परेका नागरिकहरु उद्धार गरिएको ।
- नगरपालिकाबाट पत्राचार भएका चिठी/पत्र तथा न्यायिक समितिबाट जारी भएको म्याद तामेली गर्ने गरिएको ।
- फोहोरमैला व्यवस्थापनका तथा व्याक हो लोडर परिचालनमा आवश्यक निगरानी एवं नियमित रुपमा अनुगमन गरी रिपोर्टिङ गरिरहेको ।
- अवैध रुपमा सञ्चालित खानीहरुको अनुगमन गरी सत्यतथ्य व्यहोरा सहित रिपोर्टिङ र प्रतिवेदन पेश गरिरहेको ।
- बजार क्षेत्रमा सञ्चालनमा रहेका होटल व्यवसायहरुको अनुगमन गरी रिर्पोटिङ गरिहेको ।
- सडक क्षेत्रमा छाडा रुपमा छाडिएका पशु चौपायहरु र सडक दुर्घटनामा परेका पशु चौपाय र कुकुरहरुको व्यवस्थापनको कार्य भईरहेको छ ।
- नक्सा पास नगराई वा मापदण्ड विपरित निर्माण भईरहेका भवन तथा भौतिक संरचनाहरुको अनुगमन गरी निर्माणमा रोक लगाउने कार्य भइरहेको छ ।
- बजार अनुगमन टोलिको सुरक्षा र नो पार्किङ क्षेत्र र फुटपाथ व्यवस्थापन
- नगरपालिकाले तोकेको कर शुल्क, दस्तुर वा जरिवाना असुलिमा प्रशासनिक सहयोग पुर्याएको ।
- सेवाग्राहीहरुको सन्तुष्टि र गुनासो पहिचान गर्न सेवाग्राही बर्हिगमन सर्भेक्षण फारम भराउने काम गरिरहेको छ ।
- मदिरा सेवन र हो हल्ला नियन्त्रणको कार्य गरिरहेको छ ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

**५.५. आर्थिक प्रशासन**

- नगरपालिकामा संघीय सरकारवाट वित्तीय हस्तान्तरण ३६ करोड २६ लाख ८० हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू.३३ करोड ४१ लाख १७ हजार १ सय, राजस्व बाडफाँटवाट ८ करोड ८२ लाख ५२ हजार ९ सय ३ रूपैया प्राप्त हुने अनुमान गरिएकोमा रू. ७ करोड ४१ लाख ८० हजार ६ सय ४५, प्रदेश सरकारवाट वित्तीय हस्तान्तरण रू. ७ करोड ६० लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकोमा ७ करोड ७ लाख ७७ हजार ३ सय ३३ रूपैया, राजस्व वाडफाँटवाट ३ करोड ३७ लाख ३९ हजार १ सय ७ रूपैया अनुमान गरिएकोमा १ करोड ९१ लाख ३० हजार २ सय ८७ रूपैया, स्थानीय राजस्व फाँडफाँटवाट ८ करोड ७ लाख ५५ हजार प्राप्त हुने अनुमान गरिएकोमा ३ करोड १ लाख १२ हजार २ सय ८१ रूपैया, राजस्व संकलनवाट ५ कोड ५१ लाख २५ हजार २ सय अन्ठानब्बे अनुमान गरिएकोमा ५ करोड ५२ लाख १९

हजार ६ सय ३३ रूपैया र वैक मौज्दात ५ करोड २६ लाख ३० हजार ९ सय ३७ गरी कुल ६३ करोड ६१ लाख ७८ हजार २ सय १६ रूपैया प्राप्त भएको छ ।

- संघीय सरकारवाट समानीकरण अनुदानमा करीव ९ प्रतिशत कटौती भएको, राजस्व वाडफाँटवाट प्राप्त हुने रकम अनुमान अनुसार प्राप्त नभएको, नगरपालिकाको ढुगाँ गिटी वालुवा वेस ग्रावेल, माटो संकलनको ठेक्का नलागेको, अन्य निकायवाट प्राप्त हुने अनुदान प्राप्त नभएको लगायतका कारणले चालु आ.व.मा अनुमान गरिएको तुलनामा हालसम्म ६६.६१ प्रतिशत मात्र आम्दानी भएको छ ।
- खर्च तर्फ ५० करोड ३५ लाख ३५ हजार ९ सय १३ चालु खर्च हुने अनुमान गरिएकोमा हाल सम्म ३२ करोड ८१ लाख ७३ हजार ७ सय ७९ रूपैया र पूजिगत खर्च ४५ करोड १४ लाख २९ हजार ६ सय ९५ रूपैया विनियोजन रहेकोमा १५ करोड ८९ लाख ६९ हजार १ सय २७ रूपैया गरी कुल ४८ करोड ७१ लाख ४२ हजार ९ सय ७ रूपैया खर्च भएको छ । यो कुल विनियोजन रकमको ५१.०१ प्रतिशत हो ।
- विविध कोष तर्फ काठमाडौं महानगरपालिकावाट ३ करोड, सडकवोर्ड नेपालवाट ३८ लाख ४४ हजार ४ सय ७६ रूपैया र शहरी आँखा केन्द्रवाट ६ लाख ५६ हजार ९ सय ९५ प्राप्त भइ सम्बन्धित योजना तथा कार्यक्रममा काम भइ रहेको छ ।

नगरपालिकाको आय व्ययको त्रैमासिक सार्वजनिक गरिएको छ । सवै भुक्तानीहरू विद्युतिय प्रणाली मार्फत मात्र गरिएको छ । आन्तरिक लेखा परीक्षण नियमित भै रहेको छ । महालेखा परीक्षकको कार्यालयवाट आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन प्राप्त भएको छ । विगतका लेखा परीक्षण प्रतिवेदनमा उल्लेखित सैद्धान्तिक वेरूजुलाइ सुधार गर्दै गइएको छ । पेश्की वेरूजु फर्छ्यौटको लागि सम्बन्धितलाइ ताकेता गरिएको छ । असुल गर्नु पर्ने वेरूजु असुलीका लागि प्रक्रिया अगाडी वढाइएको छ । नियमित गर्नु पर्ने वेरूजुका सम्बन्धमा नियमितको लागि पेश भएको छ । विगतका लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएका नियमित गर्नुपर्ने वेरूजुका सम्बन्धमा सम्मानित नगरसभावाट नियमित गर्नुपर्ने भनि भएको निर्णय अनुसार कार्यालयले वेरूजु फर्छ्यौट गरेको तर महालेखापरीक्षकको कार्यालयवाट सम्परीक्षण नगरिदिदा वेरूजुको अंक वढी देखिन गएको छ ।यस सम्बन्धमा सम्मानित नगरसभा मार्फत महालेखापरीक्षकको कार्यालयको ध्यानाकर्षण गराउन चाहन्छु । साथै नगरपालिकाका निर्णय, वजेट, कार्यक्रम कार्यान्वयनमा पारदर्शिता कायम गर्न, जवाफदेहिता लिन र उत्तरदायित्य वहन गर्न सधै प्रतिवद्ध रहेको व्यहोरा अनुरोध गर्दछु ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

अव म आगामी आर्थिक वर्षको वजेट विनियोजन र श्रोत प्रस्तुत गर्दछु ।

आगामी आर्थिक वर्षका नीति, योजना तथा कार्यक्रम कार्यान्वय गर्न १ अर्व ३ करोड ९५ लाख ७० हजार ८ सय रूपैया बजेट विनियोजन गरेको छु ।

कुल विनियोजन मध्ये चालु तर्फ रू. ५२ करोड ९४ लाख २० हजार ८ सय र पुंजीगत तर्फ रू. ५१ करोड १ लाख ५० हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ ५०.९२ प्रतिशत र पुंजीगत तर्फ ४९.०८ प्रतिशत रहेको छ ।

आगामी आर्थिक वर्षमा सङ्घीय सरकारवाट वित्तीय हस्तान्तरणको माध्यमवाट समानीकरण अनुदान १४ करोड २४ लाख, सशर्त अनुदान २० करोड ८६ लाख, समपुरक अनुदान १ करोड ८ लाख, विशेष अनुदान १ करोड ४० लाख, वागमती प्रदेश सरकारवाट समानीकरण अनुदान १ करोड ३८ लाख १९

हजार, सशर्त अनुदान २ करोड ३९ लाख ५० हजार, विशेष अनुदान ७० लाख, समपुरक अनुदान २ करोड ४० लाख, राजस्व वाडफाँटवाट १८ करोड ९९ लाख ९८ हजार १ सय ९०, संघ सरकारवाट अन्य अनुदान ३ करोड, जिल्ला समन्वय समिति धादिङवाट पुजिगत अनुदान १ करोड २५ लाख आन्तरिक राजस्व ६ करोड १० लाख र वैक मौज्दात रहन सक्ने २९ करोड ६० लाख ४३ हजार ६ सय १० अनुमान गरेको छु ।

क्षेत्रगत रूपमा तपशील बमोजिम वजेट प्रस्ताव गरेको छुः

- आर्थिक विकास क्षेत्रः ६ करोड १० लाख १० हजार
- सामाजिक विकास क्षेत्रः ३२ करोड ८७ लाख ८ सय
- पूर्वाधार विकास क्षेत्रः ३० करोड ८८ लाख
- कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चः ३४ करोड १० लाख ६०

प्रस्तावित योजना र कार्यक्रमको विवरण संलग्न रहेका छन् ।

वन्चरेडाडा ल्याण्डफिल साइटवाट प्रभावित वडाहरूमा पूर्वाधार विकासको लागि काठमाडौ महानगरपालिकावाट प्राप्त हुने रु.३ करोड रकमबाट सम्बन्धित क्षेत्रमा कार्यान्वयन हुने योजनाहरूको प्रस्ताव पेश गरेको छु ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

अब म विनियोजन विधेयक-२०८३ र आर्थिक विधेयक-२०८३ माथि छलफल गरियोस् भनि सम्मानित सभामा उक्त दुवै विधेयक पेश गर्दछु । *(दुवै विधेयक यहाँहरुको हातहतमा छ । अध्ययन गरी छलफलमा सरिक भई राय प्रतिक्रिया जनाईदिनुहुन ।)*

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु !**

अन्त्यमा,

हाम्रो यो कार्यकालको अन्तिम बजेट वक्तव्य केवल अंकहरूको संगालो मात्र होइन, यो विगत चार वर्षमा हामीले देखेको समृद्ध नगरको सपनालाई तार्किक निष्कर्षमा पुऱ्याउने अन्तिम र बलियो अवसर र कडी हो। यो बजेटले नगरका जेष्ठ नागरिक, महिला, बालबालिका, विपन्न नागरिक, आम उपभोक्ता, र न्यायको पर्खाइमा रहेका आम नागरिकलाई स्थानीय सरकार आफ्नो अभिभावक भएको महसुस गराउनेछ।

बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आ.व.२०८३।०८४ को योजना तथा कार्यक्रम र बजेट तयार गर्न अमूल्य मार्गदर्शन गर्नुहुने आदरणीय नगर प्रमुख ज्यू, विषयगत समितिका संयोजकज्यूहरू, वडाध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, नगरसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दल, नागरिक समाजका प्रतिनिधि, बुद्दिजिवी, उद्योगी, व्यवसायी, पत्रकार लगाएत सरोकारवाला व्यक्ति संघसंस्था र सम्पूर्ण नगरवासीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यो बजेटलाई सर्वसम्मत रूपमा पारित गरी सफल कार्यान्वयनमा सहयोग गरिदिनुहुन समस्त सरोकारवाला सबैमा हार्दिक अपिल गर्दछु।

**धन्यवाद।**

**जय धुनिवेशी नगर !**

नगर उप-प्रमुख
सुरज उप्रेती
१० आषाढ, २०८३

**निर्णय नं.३**

नगरकार्यपालिकाको ६७ औं वैठकले स्वीकृती प्रदान गरी नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने नगरकार्यपालिकाको सिफारिस सहित नगरसभा उपाध्यक्ष मार्फत नगरसभामा पेश हुन आएको कर तथा गैरकर राजश्व संकलन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको आर्थिक विधेयक २०८३ लाई सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**धुनिवेशी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक -२०८३**

**प्रस्तावनाः**

धुनिवेशी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नगर सभाले यो विधेयक बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस **विधेयक** को नाम **"धुनिवेशी नगरपालिका**को**, आर्थिक विधेयक -२०८३"** रहेको छ ।

(२) यो **विधेयक** २०८३ साल श्रावण १ गते देखि धुनिवेशी नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **ढुंगा,गिट्टी,वालुवा,वेस,ग्रावेल, माटो,दहत्तर,बहतर शुल्कः**

(१) आर्थिक वर्ष २०८३/८४ मा ढुङ्गा, गिट्टी, बालुवा, माटो दहत्तर बहत्तर संकलन र विक्री शुल्क प्रदेश आर्थिक ऐन २०८३ अनुसार अनुसूची-१ बमोजिम लगाईनेछ ।

(२) उपदफा (१) बमोजिम संकलन गरिएको रकमको बाँडफाँड तोकिए अनुसार हुने छ ।

**३. घर, जग्गा वहाल करः**

धुनिवेशी नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, कम्प्लेक्स, टहरा, छप्पड, सेड, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी वहालमा दिएकोमा अनुसूची-२ बमोजिम बहाल कर लगाई असुल गरिनेछ ।

**४. सम्पत्ति कर तथा भूमिकरः**

धुनिवेशी नगरपालिकाको सम्पति कर तथा भूमिकर व्यवस्थापन कार्यविधि-२०७९ को अनुसूची ५ मा उल्लेख भए अनुसारको जग्गाको न्यूनतम मुल्यांकन दर,अनुसूची ६ मा उल्लेखित संरचनाको न्यूनतम मुल्यांकन दर र अनुसूची-८ मा उल्लेखित संरचनाको ह्रास कट्टी दरको आधारमा संरचनाको मुल्यांकन गरी कर योग्य सम्पत्ति निर्धारण गरी यसै **विधेयक** को अनुसूची-३ बमोजिम एकमुस्ट रुपमा सम्पत्ति कर तथा भूमिकर लगाइने र असुल उपर गरिनेछ ।

**५. व्यवसाय करः**

(१) धुनिवेशी नगरपालिका क्षेत्रभित्र उद्योग, व्यापार, व्यवसाय तथा यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, निकाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि-४ बमोजिम व्यवसाय कर लगाइ असूल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा

वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

**६. दस्तुर तथा सेवा शुल्कः**

(१) धुनिवेशी नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची-५ मा तोकिएको सेवा शुल्क र दस्तुर लगाइ असूल उपर गरिनेछ ।

**७. घर जग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर :**

(१) धुनिवेशी नगरपालिका क्षेत्रभित्र घर जग्गा रजिस्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर प्रदेश कानून अनुसार संकलन गरिनेछ ।

**८. विज्ञापन करः**

(१) धुनिवेशी नगरपालिका क्षेत्रभित्र हुने सबै किसिमका विज्ञापनमा अनुसूची-६ बमोजिमको विज्ञापन कर लगाई असुल उपर गरिनेछ ।

**९ जडीवुटी,जिवजन्तु तथा कवाडी करः**

धुनिवेशी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची ७ बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

**१०.दण्ड जरिवानाः**

विषयगत कानून र आर्थिक विधेयक मा उल्लेख भएको दण्ड जरिवानामा फरक परेमा यसै आर्थिक **विधेयक** बमोजिमको रकम असुल गरिनेछ । यस **विधेयक** मा उल्लेख नभएको तर विषयगत कानूनमा उल्लेख भएको शिर्षकमा विषयगत कानूनमा तोकिए अनुसारको रकम असुल गरिनेछ ।

**११. छुट कर दस्तुर सम्बन्धमाः**

(१) आर्थिक वर्ष २०८२।०८३ को बिचमा नगरपालिकाको कार्यक्षेत्र भित्रको बस्तु वा विषयमा कर लगाउनुपर्ने देखिएमा औचित्यता र आवश्यकता हेरी नगरपालिकाले लगाउनेछ ।

१२. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः**

यो **विधेयक** मा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि धुनिवेशी नगर कार्यपालिकाले तोके अनुसार हुने छ ।

**१३. सिफारिसः**

यस नगरपालिकामा कुनैपनि सरोकारवाला व्यक्ति वा संस्थावाट संचालन हुने उद्योग, पसल, व्यवसाय आदि दर्ता, नविकरण, हक हस्तान्तरण, खारेजका लागी वडा कार्यालय वा नगरपालिकाबाट सिफारिस गर्दा नगरपालिकाबाट तोकिएको बहालकर, व्यवसायकर, मालपोत/सम्पतिकर लगायतका सबै कर चुक्ताको प्रमाण पत्र पेश भए पछि मात्र सिफारिस प्रदान गरिनेछ ।

**१४. प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सकिने :**

प्रचलित कर सम्बन्धी कानून तथा यस **विधेयक**को कार्यान्वयनको क्रममा कुनै बाधा अडकाउ पर्न गएमा नगर कार्यपालिकाले अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा प्रक्रियामा देखिएको बाधा अड्काउ फुकुवा गर्न व्याख्या गर्न सक्नेछ ।

## अनुसूची १ :
## (दफा २ संग सम्बन्धित)
## ढुङ्गा, गिट्टी, बालुवा, माटो, वेस, चिप्स, ग्रावेल दहत्तर बहत्तर शुल्क

बागमती प्रदेश आर्थिक ऐन २०८३ बमोजिम हुनेछ ।

### अनुसूची २
### (दफा ३ संग सम्बन्धित)
## घर जग्गा बहाल कर

